# प्रमिथस



लक्ष्मीप्रसाद देवकोटा

Digitized By:

साझा शिक्षा ई-पाटी
OLE NEPAL

www.pustakalaya.org

www.olenepal.org

# प्रमिथस

महाकाव्य

OPEN LEARNING EXCHANGE NEPAL

लक्ष्मीप्रसाद देवकोटा

प्रकाशक : साझा प्रकाशन
संस्करण : पहिलो, २०२८
दोस्रो, २०६४ (साझा प्रकाशनबाट पहिलो पटक ११०० प्रति)
आवरणकला : टेकवीर मुखिया
मूल्य : रु. ११०।-
मुद्रक : साझा प्रकाशनको छापाखाना, पुलचोक, ललितपुर
फोन : ५५२१०२३, फ्याक्स : ५५४४२३६
ISBN: 978-99933-2-640-3

# दुई शब्द

नेपाली साहित्य-जगत्‌मा महाकवि लक्ष्मीप्रसाद देवकोटा एउटा जाज्वल्यमान तारा हुनुहुन्छ । उहाँले दिएर जानुभएका अनेक कृतिहरूको लागि उहाँलाई हाम्रो साहित्यको इतिहासले सधैं सम्झिरहनेछ । यूनानी कथाको आधारमा लेख्नुभएको यो महाकाव्य **प्रमिथस** उहाँको अर्को सफल कृति हो र उहाँका अरूअरू कृतिजस्तै यो महाकाव्यको पनि स्वागत हुनेछ भन्ने आशा एवं विश्वास व्यक्त गर्दछु ।

**लैनसिंह बाङ्‌देल**
निमित्त उप-कुलपति
नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान

काठमाडौं
२२-१२-०२८

# भूमिका

महाकवि लक्ष्मीप्रसाद देवकोटाको **प्रमिथस** महाकाव्य नेपाली पाठकहरूको समक्ष प्रस्तुत छ ।

स्वदेशबाहिरका विषयवस्तुलाई नेपालीमा अँगालेर नेपाली कविहरूले विश्वका ती गरिमापूर्ण वा आश्चर्यजनक व्यक्तित्व र विषयहरूलाई निजी दृष्टि दिई अन्ताराष्ट्रिय भाव-प्रवाहको मानवीय स्वीकृतिस्वरूप ग्रहण गर्ने प्रचलन आधुनिकताको विकाससँगसँगै नेपालीमा पनि देखा पऱ्यो । प्रमिथस त्यसै सन्दर्भको एक विश्वप्रसिद्ध यूनानी मिथ हो– 'अग्निगर्भटाइटन् देवता' । मानवजातिको लाभका लागि यिनले अग्नि चोरेका थिए । नेपाली साहित्यमा अन्ताराष्ट्रिय वस्तुको रूपमा अंगीकार गरेर प्रमिथसलाई देवकोटाले आफ्नो महाकाव्यको विशिष्ट पात्र बनाए ।

कविकै हस्ताक्षरमा प्राप्त भएको **प्रमिथस** महाकाव्यको पाण्डुलिपि नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानमा सुरक्षित छ । **प्रमिथस**को प्रथम सर्गको प्रारम्भिक अंश **प्रगति*** मा क्रमश: प्रकाशित भइसकेको छ । प्रज्ञा-प्रतिष्ठानमा प्राप्त भएको मूलकापी र **प्रगति**मा प्रकाशित भएको अंशको पाठमा भावसाम्य भए पनि शिल्पगत दृष्टिले हेर्दा धेरै फरक देखिन्छ । प्रस्तुत महाकाव्यको त्यही अंश **प्रगति**मा छापिएको अंशको संशोधित, परिमार्जित रूप हो भन्ने लाग्छ । विज्ञ पाठकहरूको तुलनात्मक अध्ययनको लागि उपयोगी हुने हुनाले **प्रगति**मा प्रकाशित भइसकेको सो प्रारम्भिक अंश पनि जस्ताको तस्तै परिशिष्टमा दिएका छौं ।

यहाँ भएको **प्रमिथस**को पाण्डुलिपिका मूलकापीहरू जम्मा ५ थान छन् र ११ सर्ग । दोस्रो मूलकापीमा चतुर्थ सर्गको १४ औं श्लोकदेखि मात्र भेटिएको छ । स्टिचिंग गरिएको जिल्ला हेर्दा त्यसभन्दा माथिका पत्र हराएकोले शुरूका श्लोकहरू नभएको बुझिन्छ । यस्तै 'षष्ठ सर्ग' को ११ औं श्लोक लेखिएको चौथो कापीको जिल्ला पनि

* वर्ष १, अंक २ देखि ५ सम्म

छैन, माथिका केही पृष्ठ पनि नभएकोले ३३ औं श्लोकदेखि मात्रै छन्– ११ देखि ३२ सम्मका श्लोकहरू छैनन् । २३ लाई ३३ पारेर सच्याउँदै लगिएको छ र सच्याइएअनुसार नै छापेका छौं । सर्ग समाप्त भएपछि 'इति प्रमिथस...' लेख्ने गरिएको छ । अष्टम र नवम सर्गमा कतै पनि 'इति प्रमिथस...' आदि नलेखिएकोले यी दुवै सर्ग अपूर्ण हुन् र अगाडिपछाडिका केही पत्र हराएको अनुमान गर्न सकिन्छ ।

यस प्रकार नभेटिएका श्लोक हुन्–

(१) चतुर्थ सर्गको १ देखि १३ सम्म

(२) षष्ठ सर्गको ११ देखि ३२ सम्म

(३) अष्टम सर्गको १९ देखि पछिका

(४) एकादश सर्गको ३९ देखि पछिका

उपर्युक्त श्लोकहरू खोजीनिधी गर्दा पनि भेट्राउन नसकेकोले **गोरखापत्रमा** समेत विज्ञापन गर्‍यौं, तर उपलब्ध हुन सकेन । त्यसैले हाललाई प्राप्त पाण्डुलिपिका मूलकापीबमोजिम नै प्रकाशित गर्न उचित ठान्यौं । अपूर्णताको यो अप्ठेरो खिरिलोपना सबैलाई बिझ्न सक्छ । तैपनि भाव-हत्या वा सन्दर्भ-विहीनताको कटुता पढ्दाखेरि त्यतिको लाग्दैन भन्ने हाम्रो धारणा छ । देवकोटाको गरिमामय कृतित्वको परम्परालाई हलुंगो पार्ने किसिमको कृति होइन भन्ने विश्वास गरेर नै केही मात्रागा अपूर्ण भए पनि प्रकाशित गरेका छौं । भविष्यमा कोही सज्जनबाट सो अंशहरू प्राप्त भएमा निश्चय नै समावेश गर्न सक्नेछौं । पाइएमा सूचित गर्नुहुन हाम्रो विनम्र अनुरोध पनि छ ।

**कृष्णचन्द्रसिंह प्रधान**
आयोजक
साहित्य विभाग

१ वैशाख २०२९
कमलादी

## प्रथम सर्ग

१ पर्वतशिरमा सौदामिनीसरि,
जुपिटरका जटा-झटकमा जात ।
मातर् सरस्वति ! अमर-वर्मिणी !
यूनानी शारदे आऊ !
वीरानुरागिणी द्वितीय-लोचनी !
तुहिनाऽचलका शीतल छायामा,
महावीरको दिव्य संगीत सुनाऊ ।
२ कनकतंत्रीमा मधुरलय-मंत्री
अयि ! तमोहंत्री तिमी ! ऊर्ध्वदृशी,
जाम्बूनद-प्रपातमा अभिनव प्रभातको,
पोख विहग विहाग सुराग यहाँ,
दिव्य संगीतमा, मदिरोन्मत्त ।
जन-मन-खग-दृगकी प्रत्यूषासरि,
ए वीणावादिनी जननी !
३ तिमी, जो,
सुन्दर, सित अलखामा, विधुकरले
लसित तुहिन झैं स्मितवदनी,
शरदीय शान्तिमा शुभ, स्वच्छन्द,
यूनानी शिखरमा अभ्रविमंडित
बस्छयौ, एकाकिनी अदृष्ट मातमा ।
बोल ।
४ बोल रे भाषाअधिष्ठात्री !
तिमीलाई छ ज्ञान यूनानको महान् ।
यूनान !– ती वीर-जनयित्री सुन्दरी
वरुणविचुंबित त्रयपार्श्वा,

द्वीपविपुंजिनी, मेदिनीको महत्त्व,
ती विबुध-नीड;
सभ्यताकी गुरुमा
प्रतीचीकी महापंडितमंडिता
अमर धाई यूरोपको, अद्यावधि जीविता,
यूनान !
५ आसत्यकलि आश्चर्य जगत्की
विपुल शैलले परिमंडित छन् ।
बहुविहगनिनादिता, दूर, दूर ।
भूमध्य-पारावार-किनारकी
नीर भूचित्र विचित्र ।
६ द्वीपपुंजले झिझिल्यान्ड जलाथल,
वीचिविभंजित, वरुण-साम्राज्य,
तट-वारित, प्रभंजनले चूर, चूर,
उर्लन्छ विशाल तीनतरफ,
वारिदवल्ली विभूषित वनगात्र
श्याम शैलहरूले शोभित
७ उम्लन्छ सुन जब चूलो छिचोली
रातो उज्यालो रँगमा पूर्वतिर,–
चराहरूको तारीफ, उड्डीन स्वरको,
तिनका आँखा देख्छन् दिनका शुरूमा
सुन्दरको सुनौला देशको संदेश
८ यति रमणीय, यति कमनीय,
क्षितिज छैन क्षितिमंडलमा,
चूली चारु फुलारु प्रात: साँझ,
प्रकृति छैनन् कतै यत्तिकी उदार ।
मरकत-मीठी, प्रसून-प्रचुरा,
यति उर्वरा भूमि–लहलह विश्वमाऊ !
९ ज्वालामुख पर्वतका महोद्गारले
अनलोदर, धूम्रले आच्छन्न,
ज्यापितर जुपिटरको अभ्रप्रासाद
उठ्दछ उच्च सुदूर–जहाँ
सुरहरू मदिरामस्त मधुर सुरमा
नाच्छन् सुररमणीहरूसाथ ।

१० तरुणी, अमरवयसी सुररमणी ।
मदिरा, मदिरोन्मत्ता लाल कपोल,
मन्मथमथिनी, जादूडोल,
छुमछुम छैयाँमा मस्त,
शृंगार र दिव्यमा अनमोल,
मर्त्यबाट अलक्षित हूर, हूर,
नारंगी अञ्चल, हीरक नूर, नूर,
सुवर्णवर्ण लसित ललित कपूर,
स्वप्न सजीव, सजीव,
भावभंगिका स्वरविहंगिका,
रागचूर,
नाच्छन् मरमर महल असलमा,
पुष्पधुर, सुगन्धपूर,
कनकनूपुर, नूपुर ।

११ तर ती सबबाट अलग्ग तिमी
शान्ता, अतिकान्ता, विरागचन्द्रिका,
दिव्य कुमारी गंभीर रह्यौ ।
अध्यात्मज्योति ॐ लयदार, जो
स्पन्दित जगजीवनमा रुर्छ,
जो पागल सुन्दर पुजारी
कविको प्रथम हृदयमा पर्छ ।

१२ ए ! जननी ! भन । कहाँ छ त्यो
त्वरित विद्युत्-तुरग पिगासस् ?
पटु सवार बेलेरोफनद्वारा जो
जाम्बूनद जंजीरले जकडियो पहिले ?
आज म चढ्दछु त्यसमा जननी !
आकाश-मार्ग, अभ्रहरूका मालामा ।

१३ ओ ! एक घुट्को, घुट्को घटघट,
कनकघटमा तिम्रो करुणाको,
देऊ जननी ! पिलाऊ हेलिकन्को
प्रत्यूषा-प्रमंत्रित मदिरा फलफल,–
यस प्रजातन्त्रको अग्निभू प्रभातमा,
यस नवोद्‌बोधित समय-प्रवातमा,
सुन्दर, सुन्दर, सुन्दर रस-मातमा,
घटघट !

१४ आज म चाहन्छु समुद्गारन
संक्रांतियुगको कोकिलसरि,
मुक्तकण्ठ– एक महामानव गान,
प्रजातांत्रिक पुष्प प्रथमको व्योममा
ज्योतितरफ अभिनव उड्डीयमान ।
१५ तब भन जननी ! चीसी निशाको
शासनमा कसरी स्वर्ग सजल थियो ।
तिमिरको महाराज्यमा रूपविहीन
चकमन्द थिए चार दिशा, निद्रित ।
सुषुप्त विहग-पंख सिकुड्थे
स्वप्नविहीन, निमीलितदृग ।
शवसमान जीवन, प्रलयको पारावारको,
निश्चल थियो, श्वासहीन ।
अचल दल सकल अभावमा अचंचल ।
रुन्थे तरतर अविभाषित बेदना
अचेत सब । तुषार थियो अध्यक्ष
नाडी सब निस्पन्द थियो जगत्को ।
सिर्जनाले शून्य थियो एक्लास ।
स्वर्तलबाट झुकी हेर्थी महारानी,
काली बोक्सी निशा, अवनीतल
निस्पष्ट, प्रमुदिता बन्थी
सूनसानको निष्कंटक तिमिर शासनमा आफ्नो
सर्वरूपको विध्वंसको विलासले,
शक्तिमातले अत्यानन्दिता,
सकल जगत् देख्थी स्वशक्तिचूर्ण...
१६ लाग्थ्यो निशालाई तर त्यस बेला
महाशासनको प्रतिभाको मात ।
ऊ भन्दथी "मेरो छैन विरोधी ज्योति ।
निगलैं मैले सूर्यतक, जो
घाउ लागी, विशाल उरक्षत,
डुबे हार पश्चिमका जलखानीमा ।
हेर विरोधी दलहरू मेरा
ती उडु अभिधेय, मृत दूरतामा स्वर्गका,
पिलपिल ! ...ती अशक्त, नपुंसक ज्योति ।

दुनियाँ गर्दछ तिनको आराधना
मंत्रले अरु । बेकार !... तर मेरो
प्रबल तिमिरसिंह-शासन निष्कंटक छ,
मृत महावीर झैं, दु:स्वप्नका शहीद ती ज्योति,
छटपटाउँछन् बेकार, स्मृति झैं दुर्बल,
मानो दुनियाँमा फेरि फर्न...
यो मेरो महाप्रबन्ध । यो मेरो निष्कंटक शासन !"

१७ यो विशाल सूनसानको अचल गर्भमा,
तिमिर उपत्यकामा दृश्यसरि,
विशाल कबूलको बीज सुतेको थियो,
अहिले अबोल । तुषारले आच्छादित
वसन्तबीज झैं थियो लाचार ! लाचार !!
झिल्को जस्तो एक रुखोको थुप्रोमा
सल्कन नित्य पिपासु महिमामय ज्वालामा ।
सुषुप्तबीज !

१८ तर एक झुसिल्कीरो
सदा अनिद्रित, सदा मृतकसदृश,
जीवाङ्कुर एक स्वप्न तपस्यामा अभिनव,
जप्थ्यो मूक वसन्तमंत्र, अनन्त तिमिरमा,
प्राय: श्वासहीन बरा ! वल्मीक तपस्वी !
अभिराम जप्थ्यो नवयुग प्रसूनप्रचुर ।

१९ हिउँदको निशिका सजीव दाह्रामा
चपाइँदो त्यो मात्रास्पर्शहीन,
कीट-तपस्वी प्रकाशोन्मुख
ध्यानले सतत थियो विलासी
मृत्युवेदनामा क्षण क्षण
हारेन, मरे पनि जिउने आशा गर्‍यो ।

२० निष्क्रियताको जादू विचित्र सिकी,
अन्तरक्रियामा सुवर्ण स्वप्नशील,
अन्तरचल त्यो प्रकाश पुजारी,
गायत्रीमा सवितोपासनको
अचल रट्यो, जब हार, हार,
रूप निभे, रंग निभे । निभ्यो सजग विश्व ।
उसमा थियो विदित थियो एक रहस्य ।

त्यो आशावादी घन निराशमा भन्थ्यो,
"फुल्दछ मृत बोट। चल्दछ मृत वात।
बल्दछ निर्वापित ज्वाला फेर।
भित्र छ केही अमर, भाब्दो
अक्षरलाई... हुन्छ प्रभात, सबेर।
२१ "प्रभात एक आवश्यकता हो अहार्य,
सर्वजातिको जागरण अनिवार्य,
नित्यधार्य एक स्वप्न... मृत्युउपर अमृत।
यो विष्फोट अलक्षित, उम्लिँदो
सुवर्ण-शक्तिको भविष्योदरको प्रकाश।
प्रत्यावर्तन परमेश्वरको।
अक्षरको पुनर्जन्म।"
२२ मुर्दा अणुहरू तनका, त्यक्त, त्यक्त,
सिकुडे, खहरिए झरे तुषारमा, त्यसका।
प्रत्यणुध्वंसले तर जागरूक
भावनाले स्वप्न सिँगारी बसी
सकल ज्वलनका शक्तिले, विचित्र
नवजीवनको पुतलीस्वरूप
जागृत नबनी, चीसो भयो निशाको
शासनमा, निस्पष्ट जगत्को लास।
२३ तर त्यो चीसो अग्रदूत थियो
परिवर्तनको... दृष्टिहीनले, 'प्रलय' भने।
तब आई प्रभा, मंजुहासिनी
पुछ्दै सुरसुन्दरीहरूका दृगजल
२४ आयो प्रभात तब, कुक्कुट-राग,
शीत-पराग।
शंखध्वनिले दिशा दघ उद्‌बोधी,
आयो छविध्वज। दशहय सविता,
नव संदेशमा, प्रत्यावर्तित,
प्रपुष्पित सुरसुन्दरीले, बले,
शिखरारूढ पूर्वोत्तर हिमालयमा,
धपधप, धपधप, धपधप!......
२५ सुतुवाहरू, चीसा खुम्चिएका गुँडका,
छातिए ओसीलो सुवासमा बिहानको,

हर्षाश्रु छरी जब पृथिवीतिर
स्वर्गका सजल सुन्दरीहरूले
उज्यालोको मसिनो घुम्टो उचाले
बिलाउँदा मुहारमा आकाशभर ।
२६ तब दिवसारंभको वसन्तमा
पुतलिन खोज्दो मूक तपस्वी कीट,
आधा बिउँझी, लाग्यो बुझ्न
सत्य स्वप्नका बन्द आँखा सधैं हुँदैनन् बन्द ।
२७ तब यस प्रजातंत्र-प्रभातमा
जननी ! अवभासिनि ! तिम्रो आह्वान !
गरीब छ त्यसकी भाषा,
केवल हृदय ईशानकी लाटी आशा,
केवल सजला, छाती-उकासा,
केवल बोल्न पिपासा ।
केवल तिमिराऽऽवासा ।
भास, भाष हे वागीशा ! बस
यस लाटो रसनामा रसले, रसिक बनाउन
शब्दशिखरहरू पनि खासा ।
२८ मैले सुनेको छु कथा सुमधुर–
कसरी बज्दछ झंकृत मेम्ननको शिल्पचित्र,
जब सतत युवा ओजस्वी सविता,
यूनानमा देव अपोलो अभिधेय,
किरण-कुंजमा मधुर संगीतको गर्छन् झंकार ।
बज्दछ उनको कनक-बीन
मधुर, मधुर रागप्रवीण,
मादक, मादक, प्रथम स्वरमा, प्रथम भावका
प्रथम शिखरमा उड्डीन,
विश्वविसर्जक प्रलय पछाडि नामेट गगनको पटमा,
क्वण, क्वण, निक्वण, निक्वण,
प्रतिक्षण, भीड, प्रतिक्षण,
द्वारा रँग्दै दृश्य संगीतले तीव्रतर औ तीव्रतम,
एक स्वप्निल विश्व ।
रूप-राग-गतिरहस्य ।
जब आखिरमा जागृत जग चल्दछ उच्छ्वसित, उच्छ्वसित,

पंखमालाका उड्डीन प्रशंसामा
गायकनिर, ।
वैकुण्ठनिर, ॥
और चकित मानवगण चोर्न खोज्दछन्
दुई आँखाले स्वर्गको अनल ।
त्यसरी बज्दछ मेम्नन्को शिल्पचित्र रे
किरण प्रहारले प्रबल, प्रबल !

२९ मातर् ! के भाषा त्यही होइन ?
भाकी छोरी– ?
आशामा, जब, नव आशामा प्रमुदित,
प्रहार पऱ्यो किरणहरूको,
बोलिन् दिशा
लाल र धपधप, गोरी ।
शब्द भनेको एक कविको भाव-प्रहार हो ।
ज्योतिको ठक्कर माटोमा ।
लाग्दछ यत्ति यो लाटोमा ।
यो मुर्दा मनका कणीहरूलाई चुट्न लगाऊ
फुट्दो सपनाका ताडनहरूले ।
माँ ! आऊ !

३० कति बसूँ नाडीबिना अब ?
जब गौरव यो जगमा छ ।
के यो निभ्दो मकल नफुकूँ ?
नबढारूँ यो प्रकृत टूटफूट ?
नपघालूँ यी तुषारढीका ?
नसम्झूँ अलिकति सागर ?
जब छ शिलामा राकस चट्टानका निर्जीव
सजीव ज्योतिको सुवर्ण-वसन,
के म रहूँ ढुंगाभन्दा पनि मुर्दा ?
भोगी सतत शवताको दशन ?

३१ अविभाषित भाषाको गुरुत्व
बर्फनदी झैं बग्दछ लाचार
समुष्ण किरणमा–भट्टा प्रवाह !
तर अझ हेर्नोस् बरफहरूको धार !
यिन टूटफूटले तर्सेलान् अझ

दायाँ बायाँ दोही किनार !
तर जब लाग्छ शिखरमा घाम, बर्फहरूमा जलको प्रसार !
३२ कप्दछ अतिकति सतह धराको
थुप्रो थुप्रो पग्ली तुषार ।
अपथ हुनुभन्दा पथ हुनु बेस छ ।
शिल्पोस् आफ्नो संघार
जसद्वारा यो बग्दछ, पुग्दछ,
अतिकति ध्वंसी, जगत् बनाई आफ्नो सुन्दर पारावार ।
३३ फीना नसाले, दारुण दशाले,
ती सब दु:खले जसले बसाले,
दुर्बल, क्षीण, मृतप्राय,
के आशाकी चिथरे बोक्सी अघि इशार्छे–अफै घिसार्छे
यति लात परेको चिरिँदो छाती हाय ?......
३४ तर जननी ! यही जलको जीवन ।
यो जल एक पल अड्दैन ।
"मुटुमा अटा" भनी ठोसेँ भित्रै,
नलडी, नगुडी छोड्दैन
आज प्रभात छ हिमाल शिखरमा,
फूलकोभीमा सानो मुटुको
बसिरहेको निशिको दाना, प्रात: हवामा गुड्दैन ?
३५ तब भन वीणावादिनि ! कसरी,
(यही थियो कुसिल्कीराको सपना)
प्रथम अग्निचोर प्रमिथसले
जंग्याए तानाशाही स्वर्गपति ती,
महादेव असहनप्रकृति रुद्र जोभ ।
३६ स्वकीय सुरले प्रशस्त प्रशस्त,
सिंहासनको प्रतापसिंह, स्वर्गमा,
विरोध सहर्न नसक्ने, कुलिशघोष,
ज्वालामुख सदृश जल्यो घनघोर
जब,
प्रथम मानव चोर पस्यो स्वर्गमा प्रथम वार,
चोर्न,
त्यो रत्न अग्नि जो मणिको मणि हो,
विश्वज्वाल,

विषयकाल,
सर्वभक्षी स्वओजले, तिमिरारि,
सकल सभ्यताको प्रथम प्रकाश,–
आगो !
त्यो चोर थियो प्रमिथस ।
३७ त्यस्ता महामानव न जन्मिए,
न जन्मेलान् पछिलाई ।
उसको जनम थियो पृथिवीको सबभन्दा चर्को दिन–
यस्तो दिवस जसले
पार्दछ सारा युग, संसार उज्यालो,
त्यस्तो दिवस जो,
अनन्त समयको सबभन्दा ठूलो लहरको फींज ।
३८ उसले समर गऱ्यो देवहरूसँग
अहिंसाको महती प्रतिभाले ।
सत्यअडानको अविजित ओजले ।
जगहितमा निक्खरा मृत्युको खोजले ।
सुखबदला दुःखको नै दिलासादार रोजले ।
कंटकपथको यात्री विचित्र,
नंगा महत्त्वको सत्यढाल,
महाआशावादी महापूरुष विशाल,
मानवहकका निम्ति लड्यो देवतासँग,
तानाशाही स्वर्गसँग
बहुयुग, सुचिर दीर्घकाल ।
मूर्खहरू डराउँछन् सुरहरूसँग लड्न मानवहकका लागि त्रिकाल ।
३९ एक महापूरुष यस्तो हो एउटा मानवताको प्रतिमा ।
एउटा मानव इतिहास ।
ऊ पनि एक ब्रह्मा हो प्रतीचीको ।
एक महापूरुष, एक मानवदास ।
४० यति चीसो दुर्बल नशामा वर्तमानको, जब,
रमरम छैन;
जब ज्यादा जरोले मर्छ बिरामी स्नायु,
अथवा उष्णताको अभावले,
धड्कन एक हुँदैन;
जब अस्ताउँछ मानिस उदयमै,

अथवा, राप लिँदैन,
जब साहसले कथाको खोज्दछ पोषण,
समयले इतिहासको उद्घोषण,
जब वामुन्नाहरू नाच्छन् सुइसुइ
आशा दृगमा हुँदैन,
त्यस बेला यो लाग्दछ काम जननी ! सरस्वती !
के यसमा अभ्र असीम हुँदैन ?...
४१ अमृत म ल्याउँछु माटाको भाँडोमा
कसरदार–
मोती सिँगार...
फुटचो भने यदि बाटैमा यो, पिउलान् बालूदाना ।
नत्र पिएजति जाग्दै भन्लान्,
"के रहेछन् यो पागल कचौरामा,
फिल्का नाना ?
भाव अनौठा साना ?"–
४२ तर, हरहर !! त्यो कति सुन्दर !– यो रे असुन्दर !
स्वप्न बताएसरि शिशुले
समुद्रतटमा रेणु रेखिँदै,
नबुझ्न सकिने अक्षरले !......
एक धोबिनी कराएसरि यो,
पागल बनी,
प्रभात मातको दिव्य असरले–
लाटा इशारामा बोलिरहेकी कविता
शायद अतिज्ञानीको अन्तरचक्षुमा
सपना फुरिकन यिनले
होली सार्थक ?......
४३ जे भए पनि आयो जोड
हाउभाउको मूक, यही...
ज्ञानीहरूमा केही नफुल्के ।
भन ! माँ भडभड गर्लान्, मै ऊँ
मूर्खहरू ता अक्षर सही......

•

## द्वितीय सर्ग

१ तब भन जननी ! विश्ववेदिनी !
कसरी,
यूरानस देवले जीयासँग
जोडे सम्बन्ध विवाहको
यूरानस, स्वर्गमंडलका ओजस्वी सुर,
आदितेयहरूका पूर्वपूरुष,
महाप्रबल भूविजयी सुरसन्ततिका जनक
ओजस्वी यूरानस, स्वर्गका ।
२ तिनका त्रय तनय भए,
ब्रायरिओस्, गाइज और कटोस,
यी थिए अजङ महावीर, विशालगात्र,
पंचदशशीर्ष, शतवाहु, महीरुहमानव
३ यिनपछि भए समयमा प्रसूत
साइक्लोप्स्, आर्जोस्, स्टेरोपस्
र ब्रन्टीज्हरू–
एकनेत्र, महादेह, महावीरहरू,
जस्तो जन्मिन्छ अजङ अचल पार्श्वमा
बाँफ, वृक्षराज, झंझारोधी,
लौह कलेवर, सहस्रकर, अयुतदल-मंडित
शतायु उन्नतशीर्ष ।
४ तर अतिप्रबल, उच्छृंखल अतिबलले,
लोहतनु ती महावीर
अदबले दबिएनन् जब जनकका,
स्वेच्छाचारी तिनलाई
कैद गरे यूरानस महादेवले,

अथाह, अन्धकारमय, वेपींध खाडीमा,
त्यति गहिरो जनि छ पाताल--
५ जस्तो तुहिनाऽचलका सफेद कोखका
सन्तान
जलनाग निम्नग शैलशिल्पक खोलो,
महावेग,
स्वेच्छाचारी, वक्र विन्यासमा स्वपथ शैलको,
शिलावाह, वृक्षोन्मूलक,
गुड्दछ गडगड अनिरुद्ध, अविजेय,
पितासदृश वीर जलपुत्र,
अनि,
लाख दृश्यपटको उच्छृंखल चारकलाई
अधोगतिका करालीमा, मिल्दछ
केवल खाडी जीवन...मैदान चहारी झन् गड्दो
चल्दछ सागरोन्मुख, त्रिकोण रेणु रची,
गिर्न महापातालमा अगाध,
अश्रुमय--
त्यहाँ कैद हुन ।
६ प्रथम पुत्रसंख्यामा अभागिनी
वीर जननी जीयाले जन्माइन्
तेरह तनय महावीर अब फेरि ।
छ तनय, छ तनया,-जसमध्ये
कनिष्ठहरूको नाम थियो
टाइटान्-- अजड् महावीर, अतिबलवान्
कनिष्ठतमको नाम थियो
क्रोनोस्.........
७ जसरी महादारु दारुण गतिले ध्वस्त,
प्रभंजनका झपेटाले, घनघोर,
तरुजननी मही जन्माउँछिन् अरू
विशाल गात्र विहगनीड,
दोस्रा युगका सन्तान ।
८ ज्येष्ठ पुत्रहरू कैद परे जब,
ती उच्छृंखल,
जननीहृदय जीयाको भो अतिभग्न, अतिप्रकुपित,

जस्तो शावक खोर परेकी सिंहिनी
अश्रुदृशी, छटपट गर्छे ग्रीष्मबादलमनि,
गर्जी घनघोर विरोध,
गह्स्वरनिनादिनी महाकाली जंगलकी ।
९ "पुत्ररत्न महाप्रबल झञ्झास्वरूप
कैद गरीकन खाडीमा अगाध
शासन गर्नु पिताले कति दुष्ट !"
रुन्थिन् रुष्ट जननी जीया,
"शावकभक्षी पशुराजसरि छन्
यूरानस ।
आफूभन्दा विजयी बन्लान् पुत्र भनी
लौह क्रूरताले भ्रूकुंचित !
को देख्दछ आफ्नो अपराध ?
यस्ता क्रूर पिताले के गर्दैनन् अब ?
थिच्छन्, मिच्छन्, खान्छन् सन्तान ।
यी बिडालका भालेहरूको के विश्वास ?
१० "जस्तो समुच्छ्रित चट्टानको महावृक्ष
फलदार
महाभीरको किनारमा खडा,
झार्दछ,
ऋतुहरूका धाईद्वारा विपोषित,
फलकुमार,
सुवर्णमुहार
अमित संभावनाको बीजकोष,
दरीमा अगाध,
शतचूर्ण,
आफू बन्न जराजर्जर, वायुविशीर्ण,
यी फ्याँक्छन्, आफ्ना सुवर्ण फल,
अमृत सन्तान" ।
११ सलिलेक्षिणी जीयाको जननीहृदय
सोच्थ्यो सन्तान संरक्षणको उपायस्वप्न ।
तब बोलाइन् जनयित्रीले विबुधकी,
कान्छा सन्तानहरू
महान् टाइटान्......

१२ "बाबुहो ! अब बाबुको बहुलट्टी सुन क्रूर ।
खतरामा छौ बचराहो बिचरा !
दाइहरू छन् अगाध कैदमा,
चुँदा महापाताल ।
दिनले नदेख्ने दूर, दूर देशमा,
तिमिराच्छन्न, छन् पतित ।
स्वर्गबाट गिरेका तारा-सदृश,
तिमिर-विलीन ।
तिम्रा पिता छन् क्रूर, क्रूर, अतिक्रूर !
१३ "शक्ति पिपासा मदिरासरि उम्ली
मीठो, मस्त, मस्त मातमा, पार्दछ उन्मत्त ।
विवेकहीन छन् बाबु !
बबुराहो !
बाघबूजा बन्छन् निर्बलिया सन्तान
क्रूर बाबुका बेकार !
होश गर तिमीहरू अब त्यस बूढो बाघको
जसका पंजामा म्याउँ बिराला बन्छौ ।
बच्चुहरू ! ... ... ... ... ... ...
१४ धर्म्महीन अमर्म्मज्ञ पिताहरू पशु हुन्छन्,
जन्म दिन्छन् विलास-क्रियामा, अचेत,
दु:ख दिन्छन् शक्ति-पिपासाले सचेत,
आफू अघि, उनको, पुत्र पछि ।
पितृत्वका झूठा स्वरूप झैं ती हुन्छन् राकस
स्वार्थका शिखरस्वरूप ।
स्वसुत समेत सम्झन्छन् सैनिकसरि स्वशक्तिका,
स्वार्थ-साधनका सामग्री ।
त्यस्ता हृदयहीन छन् तिम्रा जनकनाम ।
१५ "रुधिर पिए जसले महावीर स्वपुत्रका,
स्वशक्तिका संवर्द्धनका लागि,
सन्तानपाल ती पिता यूरानस दयाहीन
भाले बाघ छन् केवल, भाले विडाल ।
पोथी धर्म्म हो, दया हो, कोमलता हो;
भाले हो केवल क्रूरता, निष्ठुरता,
केवल शक्तिपिपासा,

असहन अतिबलको अविजित भाषा !
भाले मेघगर्जन हो, बवन्डर व्योमको भयावह,
पोथी हो पानी ।
बावु विशाल भयंकर भ्रू हो,
आमा त्यसमनिकी नानी ।
भाले चाहन्छ बिनास्न विश्व स्वशक्तिमत्त
आत्मवल-परीक्षाका लागि ।
पैतालामनि राख्न चाहन्छ पर्वत समस्त ।
सहँदैन तिमी जस्ता दुर्बल बाल ।
किच्नै खोज्दछ, मिच्नै खोज्दछ,
गर्जन खोज्दछ, तर्जन खोज्दछ,
खालान् । गर होश बिल्ली-बच्चाहो !
तिम्रा बाबु छन् अति क्रूर विडाल ।
१६ "बाघले खान्छ बालक आफ्नो, भन्दछन्
अतिदुर्बलताको च्याँठ लिई ।
बलिया बन ए ! मेरा बालक ।
बीज ह्वौ तिमीहरू विकासशील,
बाँझभन्दा साना, तर खडा बाँझका बाजे ।
आमा आफ्नी, बाबु आफैं आफ्ना केवल ।
म मरेका दिन बुझ्नेछौ, तिमीहरूको
को थियो यस विश्वमा एक सहायक ?
ए ! मेरा स्तनका लिसु ! रक्तका शिशुहो !
बाबु अंकुर हो, जननी जीवन ।
आमा आमा छ कडोरन दानाको चिच्च्याहट,
बाबु एक दाना या दुईको ।
१७ "तब मेरो सल्लाह सुन, टाइटान् वीरहो !
अधःपतनअघि होऊ सचेत ।
बाबु भनेर हुँदैन बुझ्यौ राजनीतिमा ।
लेऊ हतियार बन सम्मिलित सब,
अन्धो अगाधदेखि अघि नै तर्स,
एक पहाडसँग एक नरको नहोस् संग्राम
सफल संसारमा...स्वाभाविक हो !.........
तर फुंड, फुंड नरमा प्रचंड बल हुन्छ ।
बाहुदंडले उज्जंड घर्काउँछ तानी पहरो ।

एकताको जादूले जलले मैदान
बनाउँछ समुच्छ्रित धराधरको शानी शिखर ।
मिल...... बाबियाको पयो भए पनि
बाँध्न सक्छौ हात्ती ।
भुसुना भए पनि तिमीहरू चंड साँढको
गिराउन सक्छौ शीर्ष ।
१८ "अत्याचार बाबु होइन । बेइन्साफ न पिता ।
सहन पाप हो । दहन महापाप ।
खतरालाई अनुहार नहेरी पर्दछ पक्रनु,
जगल्टाले अग्र, नत्र ऊ टोक्दछ, पछाडि छन् दाँत ।
यो भयंकर मृत्युको छाया हो,
महाकालस्वरूप । यो होइन सच्चा जनकरूप ।
यसको घंकाउँदो कराल लौह मूर्तिसँग
सम्मिलित युद्धघोषणा गर ।
यो मृत्युलाई जितेर अमृतपथ पक्र ।
नत्र पर्छ घनघोर चक्र, तिम्रा शिरमा क्षतशील ।
समझ लेऊ, समझदारहो !
समझ छ भविष्यको कंटकमारक !"
१९ यति सल्लाह दिंदी, ताराहरू मध्य बूटी,
चन्द्रमाभन्दा तेजहीन,
अयुतयुगका जलले शिल्पित बदन भएकी,
रुचिर चाउरीदार, तथापि
नित्यप्रसविनी सुन्दरी जीया बोलिन्,
कोमलेक्षणी स्वसुत टाइटान्-वर्गप्रति ।
२० प्रशङ्कित, सतर्क, त्रस्त चेहरादार
महावीर टाइटान्हरू भए प्रभावित
यस गुनी सल्लाहले उत्तेजित
तिनका लोचन विपुल, रणजोशले चंके ।
२१ कनिष्ठ पुत्र क्रोनोस् थिए महावीर ।
ती विशाल बाहुका बाहुलीमा दिइन् जीयाले
एक प्रस्तरको अति धारिलो चमकदार
हँसिया–चन्द्रखंड झैं अल्पस पर्वतमा सितभाल
शरदीय कालमा, स्वच्छ । त्यसको पातलो धार
चंकियो सेतो साँध लगाएको लोह झैं ।

कडा, चट्टान-कटुवा त्यो, लंब, वक्रधार
कुलिशसदृश देखियो अभ्रव्यूहका
सेनापतिका करमा—भीषणार्थी समरशस्त्र ।
२२ यसरी सज्जित ओजस्वी टाइटान् क्रोनोस्
भए समरजोशी, विजयेच्छु पितृउपर,
निर्भीक तिनी अब बोलाउँछन् भ्रातृगण
समर-सम्मेलनलाई । बस्छ महासभा
गुप्त गुहामा व्यायत गोधूलीमय ।
झंकृत शस्त्र प्रस्तरका-प्रस्तरसँग घोष्छन्
दुस्तर संग्राम-पथ । तुमुल हुन्छ आकाश ।
प्रतिध्वनिले प्रतिध्वनि डाक्दछ संग्रामको,
जब आखिर सचेत,
अत्याचारी प्रजनक यूरानस महादेव,
विबुधसिंह झ्झाभ्रू निस्कन्छन्
संग्राम थाल, विजित महामेघ-घोष,
सशस्त्र, बलवाको असहनले, प्रकुपित,
२३ घनघोर भयो महायुद्ध पितृपुत्रको ।
ऐतिहासिक, विचित्र, स्वर्गमा ।
कम्पायमान मेदिनी सशैलसागरा
घुमिन् अनिश्चित-पथमा दिनकर वरिपरि,
मलिनवदनी, बदलीमा ।
शैलस्वरूप अस्मेल, अस्मेल भेलको
ठक्कर सदृश द्वन्द भयो जलामय
व्योमभूमिमा रुधिर, रुधिरले, अनियंत्रित ।
महावीर लडे प्रभंजनले महामहीरुह झैं
जसको पतनको महाधडाक
कँपाउँछ दूर, दूरतक ठोस वसुन्धराको वक्ष ।
त्यो अवर्णनीय संग्राम
झ्झा, झ्झा, झ्झाहरूको झटनु, झटक, पटक,
चटकसमान भयो दर्शक गणको,
भीषण तत्त्वको घनघोर, घनघोर......
टाइटान्हरू जस्ता अजङ् महावीर झ्झाहयारूढ
गरुडवेगी जति गडगडमा उफ्रेनन् भूकंपमा पर्वत ।
२४ घडराङ-घडराङ-गडऱ्याङ-चडऱ्याङ-

चचट्किँदो चुट्की चुट्कीमा रणचटक रणचंडीको,
मुक्तकेशी, रुधिरवदनीको, खप्पर-मालाको,
देवासुर-संग्राममा रणमदिरोन्मत्ताको,
चट्क्यो, चट्क्यो, चटचट पारी नभस्तल चुँडिँदो ।
सृष्टि बनिन् निस्तेजवदनी, कालभैरवअधि,
जस्तो चैते आँधीमा बन्छिन् सूर्यविलीन प्राची,
धूलीप्रशस्ता, लालवदनी, सलिलेक्षिणी प्राची ।
२५ कनिष्ठ पुत्र क्रोनोस् महावीर टाइटान्ले
आखिर चोट लगाए पितृकलेवरमा चट्टान सदृश,
त्यस हँसियाले प्रस्तरको जो थियो मातृप्रदत्त ।
जस्तो बिजुलीको अग्निधारले सुतीक्ष्ण
ताछ्दछ ताम्ररंग उत्तरीय चट्टान अग्राख झैं
टड्कारो अरुणदानादार, क्षत लगाई युग, युग,
अविस्मरणीय !... त्यसरी हाने शीघ्र, क्रूर, प्रहार ।
चोइटियो पार्श्वको मासु संगठित, चट्टान टुटेझैं ।
बायो महाव्रणले व्यायत मुख, भुलभुल, भुलभुल
लोहित लहुदार अविरल, अविरल धार ।
त्यो शोणित बिन्दु बिन्दु महासिन्धुमा
गिऱ्यो रक्त... त्यसका प्रपातमा जन्मे
बिन्दु बिन्दुबाट उग्र, उग्र चंडीहरू उग्रवेगिनी,
रुधिरेक्षणी, भयंकरा,
झंझाकेशिनी महाक्रूरा, सजीव, सजीव ।
अनलेक्षणा ती नागकुन्तला रुद्रा पोथीहरू
अझ छन् सजीव ।
बदला लिन्छन् दंडिनीहरू ज्ञातिघातकमा अझ.....
ती चंडी ।
२६ यसरी पुत्र-पराजित यूरानस सुर-श्रेष्ठ
गद्दीबाट गिरे स्वर्गको ऊँचा;
पितृघातक क्रोनोस्, उनका कनिष्ठ पुत्र,
विराजमान भए सिंहासनमा समुच्च ।
२७ भविष्यवाणी भयो अद्भुत भयंकर
महाशून्यबाट अनभ्र,
"जनक-विघातक शुक्र क्रोनोस् !
तँलाई जन्मनेछ एक पुत्र विचित्र

जसले लेला महावीरको अद्‌भुत चरित्र ।
तँलाई हराई संग्रामभूमिमा
लेला तेरो सुवर्णमुकुट, छिनी उसले ।"
२८ राजनीति हेर्नुहोस् !
सब सन्नीतिकी उपहास रीति, अनीति ।
नीतिहरू मध्य मैली, नाम मात्रकी !
शक्ति पिपासुहरूकी स्वार्थकी उपगीति,
केवल शक्त्यवलम्बी दलकी अन्ध लोकप्रसिद्ध सुरीति;
ज्ञातिघातिनी, पितृनिपातिनी,
भ्रातृध्वंसिनी, रुधिरावतंसिनी,
पितृघातकलाई फेरि,
पितृविध्वंसक जन्माइदियो देवनीतिले
सदृश रुधिरबाट सदृश रुधिर ।
२९ भयले कंसले बालहत्या गरे ।
भय छ क्षत्रियहरूको समर-बल ।
भय छ एक उत्तेजक हरामज्यादा शक्ति ।
भय नै हो संग्रामशूर ।
आफ्नो नामेटको त्रासले बनाउँछ मानव
शूर, क्रूर, क्रोधान्ध, चूर ।
राजशक्ति हो भयको भयंकर प्रबंध ।
भयले बनायो क्रोनोस्‌लाई महाक्रूर ।
मुटु काँपेपछि गर्दैन के मानिस ?
खान्छ बाबुले छोरो ।
छोरो चपाउँछ बाबु......
यस्तै छ राजनीतिको गीति जगत्‌मा ।
हाय ! यही रीति ।
३० भयभीत क्रोनोस् सिंहासनाऽऽरुढ काँपे
भविष्यवाणी सुनेर भयंकर ।
स्वशक्तिध्वंसको छाया पर्दा बनेझैं
तानाशाही रुधिरेक्षण क्रूर,
कुटिलनीति ती क्रोनोस्‌ले
जब जब जन्मिए अभिनव बालक रीयामा,
काँचै चपाई निलिदिए कलिला बाल ।
स्वसंहारकलाई नामेट गरूँ भनीकन

हृदयहीन बने ती घनघोर क्रूर ।
३१ महारानी रीया महावीर-जननी बनिन्
अतिदु:खिता, सलिलेक्षिणी,
क्रन्दिनी सिंहिनी सदृश, बालविभक्षिता ।
लाचार !
पूरुष चपाउँथ्यो जो स्त्री जन्माउँथिन्,
व्याघ्रसदृश वनमा ।
३२ विधिदेखि क्रोधान्ध कंस झैं, या हिरण्यकशिपु,
चुरिँदा अतिबली अदृष्टसँग;
सागर झैं वीचिविवारक तटसँग गर्जिने, वेगवान्,
एक धावनले वियोगिन शतचूर्ण चट्टानउपर;
प्रबल प्रभंजनले आत्मशक्तिको प्रदर्शनसँग
विवश पागल क्रन्दन गरेझैं पर्वतपार्श्वमा,
अदृष्टसँग सदा गरी जलमय उजूर;
क्रोधान्ध भयभीत क्रोनोस्
च्याँठिँदा, भित्र अशान्त, भए क्रूर,
पागल, महाक्रूर ।
३३ आखिरवार प्रसूतिमा महारानी रीयाले
अतिदु:खिता,
कनिष्ठ पुत्र जिउस्लाई लुकाइन्, पतिका डरले
व्याघ्ररूप
लुकाइन् एक क्रीटदेशीय गह्वरमा, सुदूर ।
पर्वतगर्भमा लुकाइन् प्रकाशहीन, अज्ञात ।
३४ त्यहाँ,
प्रतिदिन बाँझ वीजझैं संवर्द्धनशील,
अनुपम सौन्दर्यमा, महाशक्तिको अंकुर,
विकसी मोहन अवयव, सगबगाउँदै,
हलक्क बढ्यो ।
केलि-कुतूहल अनिलहरूसँग जसरी
दल-प्रस्फुटित महीरुह शिशु बढ्छ
व्यायामशील शक्तिहरूसँग प्रकृतिका,
वरिपरि—त्यसरी बढ्यो त्यो एकलो बालक ।
३५ तब पूर्ण वयस्क बनी घाम हवामा,
अग्राख-शरीर, प्रबल, सुसंगठित तनु,

क्रोनोस् तनय अविज्ञात,
अदृष्टले पोषित शिशु झैं ऐतिहासिक शक्तिको,
पितृकाल समान, गह्वर-ज्ञात,
उठ्यो अविजेय-विश्वविकंपी ।
३६ अत्याचारी क्रूर अतिबली भूपति,
सुवर्णमहलमा गुलाबसेज,
मदिरामस्त, सुन्दरीप्रशस्त,
विजित-सपत्न, सपनामा सुमधुर,
अचेत बनेझैं महाभूकंपको, पलपछि,
जसले बनाउनु छ धूलिढेर दरबार
चूर्ण उसको कोटि-सुरक्षित कलेवर
क्रोनोस् रहे अदृष्ट अचेत ।
३७ सुषुप्त विपिन महीरुहमा महान्
प्रबलपक्ष सहसा प्रभंजन गरुडवेग
छुटेझैं, चूर वेगले, पागल, पागल,
जिउस छुटे स्वजनयिताउपर,
क्रोधान्ध । महासंग्राम भयो
पितृपुत्रको, दुवै महावीर,
जसरी आकाश-बीचमा मौसिममा
तुमुल हुन्छ आकाश विपक्ष हवाले
सदृशशक्ति...चट्की कुलिश, कट्की
विश्वबढार पंख, विद्युल्लास-संघर्षशील ।
लडे पिता, पुत्र; ऊ वृद्ध-सिंह, यो युवक शावक ।
३८ आखिर क्रोनोस्का विगलित अंगमा
आयो लाचारी, हारको उनी भए भूमि-विचुंबी ।
पक्रे स्वपुत्रले फर्काए तब पाता ।
पितृपक्षका अजङ्‌ वीर अरू टाइटान्हरूसँग,
कैद भए क्रोनोस्, अन्धकारमय टार्टरसमा
शतबाहुहरू बने द्वारपाल त्यहाँ
कैदखानामा, विशाल पर्वतको परखालयुक्त–
३९ यस महा-संग्रामको साफल्यको वर
कुंजी थिए महावीर प्रमिथस,
ज्यापितरपुत्र–टाइटान्हरूमध्य एक–
यिनले लिएथे जिउसको पक्ष क्रोनोस्विरुद्ध ।

प्रतिभाशाली थिनका उपयोगी सल्लाहले
जिउस भए सफल, पितृविजयी, समरवीर ।
४० प्रमिथसको प्रतिभा प्रसिद्ध भयो, प्रशस्त ।
थिनको नीति थियो अतिसफल, अत्युच्च ।
"शक्ति भनेको होइन" भन्थे थिनी, "मूढे बल ।
मस्तिष्क हो सर्वोच्च शक्ति, न कि केवल संगठित स्नायु ।
विचार देवता हो, शरीर राकस ।
चतुरता नै चमत्कृति हो,
न जोश, न हुंकार, फुंकार !
बौद्धिक शक्ति नै विश्वको गर्नेछ अकंटक राज ।"
४१ यस नीतिको चमत्कृतिले कृतकृत्य
पितृविजयी जिउस् आरूढ भए
सिंहासनमा समुच्च स्वर्गको, अविवाद ।
तब नवयुगको भो विश्वमा आरम्भ ।
बुद्धिको चल्यो शासन ।
इच्छाशक्तिको राज ।
अलिम्पस पर्वतमा बन्दोबस्त भयो सुन्दर ।
पाए अधिकार अनेकन् विबुधहरूले
अयुत ।
शान्त भए कलह...द्रोही मुखदग्ध भए ।
सुवर्णयुग भो प्रारम्भ......
नव प्रकाश उदित भयो क्षितिजमा
जस्तो छ नेपालमा आज
अभिनव प्रजातन्त्रको मिरमिर व्योममा ।
यद्यपि चीसो लाग्दा सुताहाहरू भन्दै थिए,
लाश छ अफ्ञ वातावरण ।
अग्निविना ।"

## तृतीय सर्ग



१ यसबीचमा
देउता-राकस लडाइँबीचमा,
एक नयाँ जन्तुको भयो जनम,
जसरी जन्मिन्छन् घमासानबाट
नयाँ, नयाँ वस्तुहरू विचार-पार ।
हिउँद-गरमको तँछाड मछोडमा
फुल्छन् फूल ।
जातिको कालको छायाको डर,
जो हो लडाइँ,
शक्ति बिकस्दछ, एक जरो कैँ,
कसर अफाली,
त्यस समयमा उच्चारित रणशक्ति
फुल्कन्छ यताउति नवनिर्माणमा,
एक नयाँ उज्यालो डाली ।
२ तब एक नयाँ जीव जन्म्यो पृथिवीमा,
मानव-नामा,
जसमा चमत्कारहरू थिए अविकसित,
केवल संभावनामा ।
प्रथम रश्मिको जन्मसमान,
छटपट गर्दो तिमिरसँग व्यापक,
दुर्बल;
अग्निस्फुलिंग-सदृश बादलभित्र,
कबूलदार, विचित्र;
तर अब्ज शंका-संयुक्त भविष्य भएको,
अनिश्चित ।

३ मानवहरू !
क्षुद्र, दरिद्र, जीवहरू, मलिन;
बाँदरहरूभन्दा एकै सिँढी चढेका,
गरीब जन्तुहरू,
प्रकृतशक्तिका सामु लाचार वदन,
हावाका पराल,
समुद्र लहरका झ्याउ
निवास गर्थे गिरिगह्वरमा गृहहीन,
पशुभन्दा कजमोर।
संदेहाऽऽक्रान्त, अन्धकारमा भयभीत,
अविदित त्रस्त, ती,
मृत्युसँग नित्य खेल्थे कुस्ती।
नित्य मृत्युका छायामा।
थरथर काँप्थे प्रकृत प्रकोप अघि,
अज्ञात-बीज।
बर्बर पूजा गर्थे दुष्ट देवका अविदित।
४ दुईखुट्टे, वनजन्तु अगाडि लाचार।
टक्क टिँगरा,
टुकुटुकु हिँड्ने, धावनमा
पशुले पराजित;
क्षैतिजवदन, न-छीटा,
लटमुख, तर्सालु,
दुई उपहास्य फुंडन करले सज्जित,
रोमहीन,
दाँत देखाई हर्ष प्रकट गर्ने, डिच्च,
बर्बर हल्लादार ध्वनिका लटपट,
विचित्र वानररूप, पुच्छरहीन;
शिकारमा पिछाडिएका सब जन्तु पछि,
कोमल चर्म्म, वर्म्महीन,
मानवहरू थिए प्रथम अवस्थामा
लाचार, लाचार।
५ तर शक्तिशाली महादेव जिउसको
शासनकालमा, शान्त भयो संसार।
ज्वालामुख गर्जन उग्र समरका

शान्त भए; जस्तो शक्तिदार
जादूगरको जादूले बढार्दछ
धूवाँको घन मुस्लो गह्वर-मुखबाट
प्राचीन, निर्मलाई छलंग आकाश,
प्राचीन कहानीमा ।
६ एक प्रबल शक्तिशालीका वाहुबलले
विचित्र, जादू डाल्दछ शान्तिको, संसारमा ।
जिउस देवराजको अवर्णनीय ओजले
नैश तिमिर-व्यूह-भंग गरेझैं ल्यायो प्रात,
शान्त, सुवर्ण, शीतल मधुर, संसारमा ।
यूरानसका राक्षस-पुत्रहरू भए कैद
अन्ध गुफामा । स्थल जल उपर उध्यो
नयाँ सुषमा । शिशु-मुख झैं स्वच्छ, स्वस्थ, गुलाफी
नव जागृतिको भयो मुहार । आत्माको विजय भयो ।
शान्ति मुस्किन् मीठी, संगीत सदृश सुन्दरी ।
श्यामल शस्यले लहलह सिँगाऱ्यो वसुन्धरा ।
शीतल चल्यो समीरण स्वच्छाकाशमा,
ओस-आँत । पुष्पवती प्रकृति रंगिली भइन् ।
वर्षा नाचिन् गगन-सुन्दरी विन्दुनूपुरा छमछम ।
नवीन उज्यालोमा संदेशमय नव युगको
प्रकाशोन्मुख उद्गीत उड्डीन बहुविहग
बोले महादेव-स्तुति, देवदूतहरू स्वर्गका ।
७ तर यस्ती वसुन्धरामा, हँसिली, खुशिली, रसिली,
जब जिउसले नजर ओराले ओजदार
परीक्षा गरी चौडा, जस्तो हेर्दछ चील,
चकित भए तिनी देवराज, अनि क्रोधान्ध भए ।
यो अनुपम सुन्दरताको चित्रपटमा
कमजोर, लाचार, उपहास्य थियो मानव ।
८ पूर्वविना, कबूलविना, विना उज्ज्वल भविष्य,
लटमुख मानव, शक्तिहीन,
पिपीलिका-सदृश नवजात,
लखर दुनियाँमा, फुंड फुंड लखर;
खानापछि स्वेदयुक्त दुगुर्दो, स्वाँ, स्वाँ,
शिकारले बराबर शिकारिंदो थियो;

ओजहीन- भूलहरूको भुल्भुलैयामा
लखर–लखर–आदर्शहीन;
अविकसित विवेकको मिरमिरमा
गोधूलिजीव–अज्ञानान्ध मानव ।
९ जस्तो सन्नादित वर्षागगनमनि
कीचडमा सडल वस्तुहरूबाट
नव कीट-जात निरीक्षी भन्दछ घर-धनी,
"के जन्मिए यी ? कुन जीव ?–
ध्वंसँ यिनकन । ध्वंसनको गरूँ तजबीज ।
यी फुंड; फुंड बेकारका कीरा, नवकष्ट !"
त्यस्तै निरीक्षण गरी सकल भूमंडलको,
बोले क्रुद्ध देवसिंह स्वर्गका, जिउस महान्;
च्याँठद्वारा, न्यून स्तरका जीव निरीक्षणको ।
१० बाहु उचाली बलवान् देव विक्रमी बोले,
क्रोधान्ध,
"को यी ? भूकीट नव ?
को यी नव सलहका बथान ?
फुंड, फुंड, ध्येयहीन, किरिकिरिलाग्दा
मेरा देवदृगमा ? लखर ? लखर ?
लमखुट्टे यी ? लंपू, लविधर ?
गडल-आँख दुईहाते जाति ?
घीनलाग्दा यी मानव ?......
मेरा साम्राज्यमा सुन्दर, सुघ्घर ?......
११ "देख्दैमा यी बलविहीन भुसुना भूका
भसक्क निभाऊँ झैं लाग्छ मलाई,
यी भूकीट !... के काम यिनीहरू जन्मे
पापी, दुर्बलताको अघौघ समान ?
प्रसून-प्रसन्ना पृथिवीका पन्ना भुइँमा
नसुहाउँदा नालायक, यी मानव ?
यिनको कमजोर अनुहार मलाई च्याँठ्दछ:
ध्वस्त म गर्दछु यिनको समस्त ।
मेरो देव-शपथ !
एक समुज्ज्वल देवसम भू सुहाउँदो
जाति म राख्दछु, यिनको बदला ।

यिनको गर्छु म विध्वंस ।"
१२ अहो ! भयंकर देव-शपथ स्वर्ग-राजको !
त्यस दिन आकाश अँध्यारो भयो घनघोर ।
उनको भ्रूका खंडखंड जैं झंझामय,
झुम्मिए फुलसी घन विद्युन्मय, गर्जनशील ।
बन्धन फोई समरका शक्तिहरू
हावा भरी उर्ले; प्रभंजन-भंजित डाल
धडाकसाथ गिरे भूकंपमा, त्यस दिन,
शतायु, शतायु...कमजोर जातिसरी
पत्ती प्रलयत्रस्त कराए डाल, डाल ।
आकाश भयो तुमुल, शब्दायमान ।
मानव-जाति गिरिगह्वरमा गुप्त
बस्यो थरथर काँपी, प्रलयत्रस्त ।
१३ भयंकर जिउसको भयंकर शपथ
सुन्दा प्रमिथसले, महावीर टाइटान्,
ज्ञान-गंभीर गोडे चिरकाल गंभीर ।
विवेकबली ती बसे एकान्तमा
अतिशान्त । पारावार थिए करुणाका
पूरा तिनी । मानवतर्फ भए सदय,
द्रवितहृदय, सुकोमल, चिन्ताशील ।
१४ उनको बनोटदार मुहारमा मन्मथविजयी
ओजस्वी, अपराजितद्युति, आई कोमल ज्योति
दयाको । जसरी कोमलीकृत शैलमाल्यमा
आषाढ पार्दछ छाया जलमय दानी घनको
हृदय-द्राविणी जलदृशी दीनसखा सुन्दरी
कोमलाकृति, दानी प्रकृतिकी, सुकृतिमुखी दया,
जो वर्षा जस्ती छ अनामंत्रित स्वर्गावतरिणी
धोविनी दिलका कसरकी—दया ।
देवत्वकी प्रतिभा, दलितकी दाई, आई;
आई उनका मुहारमा, नैरक्ष प्रदेशमा पावस जैं,
पावस जैं ओस आँत, शीतल श्वास-संयुक्त,
मलमसमान आतपमा धमकीदार,
एकलासमा गिरिपार्श्वमा सुदूर
यूनानतिर

१५ उनले भने: "त्यो कालो, कुहिँदो दाना
कुहरका मनि, कोकिल-काल अगाडि,
मृदाच्छन्न, तुषारमरुमा मर्दो, दुर्बल,
सक्तैन पलाउन ? त्यो बाँझको बीउ हो ।
यसमा छ संभावना अनन्त । अनन्त !
यो झिल्कोले सल्काउन सक्तैन संसार ?
प्रथम रश्मिमा तिमिराक्रान्त छैन के
नव दिवसको गौरवको रवदार कबूल ?
मानवको पनि नव दिवस आउला विकास-शील ।"
१६ विशाल शक्तिको अँध्यारो बीउ झैं
रङमडिएको मानव, दशामा दयनीय,
आज छ निन्दनीय, तर भोलि नहोला
प्रशंसनीय ? बेचारा आत्मा यस रातमा
हातमा शक्तिहीन हिँड्दछ, शिलान्ध बिलकुल ।
दयनीय छ उसको वर्तमान, भविष्य अनिश्चित ।
ऊ न चिन्दछ आफूलाई, दृष्टिविनाको नजर !
सुन्नुविनाको श्रवण समान छ; लाचार !
म उसको आँखाबाट कालो अँध्यारो झिक्छु ।
उसका कानका जाली बनाउँछु, अतिचंख ।
यस दुर्बल जातिको प्रलय धमकीमा,
क्रूर स्वर्गमनि, म बन्दछु मानव उद्धारक ।
१७ करुणाले कोमल पृथिवीतरफ प्रेरित,
प्रमिथसले हाले एक खोक्रो निगालोमा
अग्निबीज अग्निबीज रहस्यमय, एक स्फुलिंग ।
जस्तो डाल्दछ, अवभासका क्षणमा,
मानव भावले उत्तेजित कविवर कुनै,
निमीलित लोचन, अन्तर प्रकाशमान,
एक सुनौला धपधप, मुरलीमा, स्वनिर्मित,
सप्तछिद्र, एकलासको मुटु चोरी,
नव प्रात अनल एक विकासयुगको
अभिनव । उसका जोशीला भावलहरीमा
छर्बरिन्छ नयाँ रंग जन-मन-धन-समूहमा,
खल्बलाई सुषुप्त विहग-भाव प्रभावित ।
प्रस्थान गरे तिनी तब मानव-बस्तीतिर

पृथिवीमा । उनको ताक थियो जगाउन
सुषुप्त आत्मा मानवको.................
१८ पशुचर्म्म-विभूषित, मैला धैला,
थिए मानव, विद्याविहीन, कलाशून्य;
विकसित पशु भरखर;
विचित्र ध्वनियुत जंगली भाषा बोल्थे ।
अकमक्क परीकन हेर्थे । थिए शंकाधारी ।
काँचो मासु चबाइरहेका, कुक्कुर दाँत;
पाषाणशस्त्र; अतिशय अरू खस्रा रोमदार,
आपस-कलही; भयंकर क्रोधमा,
नत्र लटमुखा लाटा । जे पनि पूजा गर्थे
जे संझे अति भयंकर स्वरूप,
१९ ती सब आए मानव-जाति जिज्ञासायुत
हेर्न महादेव प्रमिथसको अवनि-अवतरण,
सूर्यले अविलोचित गह्वरद्वारमा गिरिका,
फुंड, फुंड, विस्मित ।
२० देखे तिनले अजङ देवजीव प्रमिथस,
आजानुबाहु उज्याला, अग्ला, महत्त्वपूर्ण,
विपुलेक्षण, देवत्व झल्किरहेका,
छायाहीन...निर्मल थिए ती विबुधवर,
जस्तो शरदीय आकाश, शंकाहीन, प्रगाढ ।
करुण भालमा तिनको थियो कोमलता,
छाया सदृश जलदको जस्तो तुहिनाचलमा ।
२१ मानव-जातिले, भयार्त, देखे तिनलाई ।
हेरे शंकाऽऽक्रान्त नजरले, जस्तो परदेशी-
हरूलाई गर्छन् निरीक्षण अविकसित;
अथवा पुच्छ्रे ताराको आगमनलाई
अन्ध-विश्वासले आकुल जीवहरू ।
तिनले बुझेनन् ती अति ओजस्वी
सर्वनाश थिए या सर्वोद्धार; मृत्यु या अमृत ।
जाँचे आँखा कसैले, इर्षाको निम्ति
कसैले हेरे उच्च ललाट । कोही कातर
जंगली लज्जाले प्रवेश गरे गुहामा ।
न्यून जातिहरू ती अतिश्रेष्ठ अघि

दुस्साहसित, लखर, लखर चले ।
सूर्यकिरण सामु अतितेजी जसरी
नानी खुंचिन जान्छ जगत्को, सानो;
ती टटोल्न लागे, शंकायुत, उनको मुहार ।
देवतेजले कातर हृदयमा उठ्थे
बहुविध लहरी संशयका, अन्धकारमा
आगमनका अभिप्रायको उनको ।
२२ विश्वास दिए प्रमिथसले मानवगणमा,
एक नयाँ आश्वासन । जसरी दिन्छन् नेता
ग्रामीण लटमुख परिवर्तन विमुखलाई,
संशयशील, नवागन्तुकका प्रथम दर्शनले ।
प्रथम नवी झैं मानवका ती मानवसाथ
सम व्यवहारले समतासँग बसीकन
लागे देखाउन अद्‌भुत चमत्कार स्वकीय ।
श्रद्धाको बसाले जग, विश्वास जमाई ।
यसरी उनबाट संबोधित भयो मानव-जातिः
२३ "ए मानव ! क्षुद्रताले सधैं नीचा शिर जगमा !
प्रलयसंशयी, शंकाक्रान्त, अनिश्चित !
मृत्यु तिम्रो हृदयमा पार्दछ कालो छाया,
सूर्यग्रहण सदृश, प्रकाशको अमृत
छेकी, छेकी । राहु-ग्रस्त झैं तिमीहरू—
अझ तिमिराच्छन्न छौ । छैन भविष्य निश्चित ।
तिम्रो बदलीलाई उघार्न; डाल्न नयाँ प्रकाश
तिम्रो जातीय गगनमा; नव जन्म दिन
तिम्रो मृतप्राय जीवनलाई, गर्न भविष्य-निर्माण,
अवतरित छु वसुन्धरामा म प्रमिथस ।
२४ "सुन मेरो उपदेश । मानव मर्नेछैन ।
एक सुनौला भविष्य छ उसको, चिरकालीन ।
अक्षर पर्दछ चिन्नु केवल; अमर बीज ।
तिमीहरू न कीट होऊ, दिवसजीवी,
न सलह...पशुउपर छ तिम्रो साम्राज्य
वनस्पति झैं मर्दैनौ तिमीहरू, मानव ।
एक स्थलमा बढी, विकसी, मल बन्न उहीं ।
एक अमर स्फुलिंग छ तिम्रो अन्तर्गत ।

२५ यो मिरमिरे हो– यसपछि हुन्छ सुवर्ण प्रात ।
ज्ञान हुन्छ प्राप्त अविज्ञात । आशाले उठ,
जोशिला जन हो, संघर्ष गरी तिमिरसँग,
जो तिम्रो शत्रु । मर्दछ व्यक्ति, जिउँदछ जाति ।
एक अनेकको छ खाद्य जगत्मा, बहुपोष ।
त्यही अमर जो अक्षर चिन्दछ स्वजातिको ।
त्यो जलविन्दु जो जलमा गिर्दछ मर्दैन ।
जो गिर्छ रेणुमा हुन्छ अदृश्य विलीन ।
जो स्वार्थी एक्लासी ताप्दछ घाम
परिणत हुन्छ लघु बाफमा, वायुविलीन ।
२६ "आज छ एक ग्रहणको दिन–ग्रहण
जो हो छाया विश्व प्रलयको, प्रकाशाभाव,
मृत्युको सूतक संसारमा, अपवित्र,
जसमा रहनुपर्दछ सचेत मानवले,
शुद्धिसाथ; सम्झी आफ्नो जवाफदेही जगमा ।
मानवहो ! यस छायादार कुसमयमा
प्रकाश भजी, बलियो हृदय गर सारा ।
२७ "सुरेन्द्र स्वर्गका, असहन-स्वभाव,
कुप्रबन्धले मानवको लागि किरकिर,–
जस्तो लेस्याइला हरिया लमखुट्टे
जलजीव क्षारमा हुनाले लखर
मानव-दृगमा चढ्छ विचित्र च्याँठ,–
जिउस क्रोधान्ध छन् मानवसँग आज ।
उनको भ्रूरेखा लाल, लाल; जस्तो हुरी
चंकिनुअघि धूलिपुंज अरुण क्षितिज ।
उनका भ्रूरेखामा तिम्रो छ विनाश
स्पष्ट लिखित आज । विनाश भयंकर !
२८ "तर नडराओ, ए मनुष्यहो ! म छु ।
म प्रमिथस । म मानवमित्र । म नरसेवक ।
म क्रूर जिउसको अन्ध क्रोधको अरि ।
अन्याय-असहन, मानवपक्षको एक देव ।
स्वर्ग छ कातर सब, जिउस अगाडि,
अतिप्रबल तर्जित । म बन्छु क्रान्तिकार,
तानाशाही विरोधी स्वर्गको, मानव निमित्त ।

नडराओ, ए मनुष्यहो ! म छु मानवमित्र ।
२९ "शत शत जीवको नौका मझधार
एक माझी तार्दछ...एक मल्लाह चतुर ।
देव-प्रतिभाको विश्वास गर । म पनि छु
एक अमर...विचार तेज हो, दिनको झैं
एक दिवाकरका करहीन सहस्रकर छन्
सहस्र विस्तार । यस्ता छन् शुद्ध, उत्तेजक विचार,
तमप्रणाश । विवेकको साम्राज्य संसारमा,
विचारको अनन्त विजय, भावको ए भव ।
मपछि लाग ए अनिश्चित छायात्रस्त मानव !
३० "न लेऊ त्रास जो बढ्दछ लहर, लहरमा
क्रूर, क्रूर...अन्ध निशामा प्रलयङर
पाषाणपातले चलेझैं सलिल उपर ।
पतनचिन्ताशील जाति हुन्छन्, लखर,
स्थगित निर्माण, अवरुद्ध समुन्नति,
मृत्युको हमेशी स्मृतिमा टूटफूट
दहन, घनघोर । चिन्ता छ चिताकी माता ।
आशावादी बन । संझ घाम । संझ उज्यालो ।
उपास उषा, ज्योति । उड्न गर प्रयत्न ।
आशा हो आधा जीवन । लड तिमिरसँग,
तिम्रो जीवन । अधिकार समर्थनमा
म सहनेछु क्रूर, क्रूर यातना विशाल ।
३१ "तल नहेर अन्धकारतिर । माथितिर
दृष्टि लगाऊ; जस्तो गर्छन्, शाकपात पनि ।
हात पयर खियाऊ– कोशिश गर ।
नमर मानवहो लाचार, निराशमा ।
दुस्साहसित नबन तानाशाही अघि ।
बल सत्य हो । पशुता होइन शक्ति बुझ ।
देवराजमा पनि पशुत्वको छ प्रशस्त अंश ।
दुर्बल असहन तिनले लिए क्रूर शपथ ।
त्यसको म छु बागी मानव । म ध्वंसन दिन्नँ,
तिम्रो जातिबीज । म संरक्षक हुँ तिम्रो ।
३२ "के गर्ला त्यो देवराज आखिर मलाई ?
त्यो क्रोधान्ध ?

क्रोध भनेको एक जरोको वेग हो,
अस्वस्थ प्रकृतिको, अस्वाभाविक च्याँठ,
एक उग्र गरम, जो उचाल्दछ खलबल्याई
ज्वलित स्नायु, स्नायु, आयु गरी क्षीण ।
ठोक्ला, पिट्ला, रगताउला छरछर देह,
बागीउपर हुरी होला, आँधी, आँधी,
उग्रवेग । तर म रहुँला अग्राख ।
देला दुःख अनन्त, दंड भनी उसले,
तर तिनलाई परिणत गरुँला शौकमा,
अनुभवको आनन्द बनाई उपदेशयुक्त ।
मैले डरलाई जितेको छु, ए मानव !
डर केवल जड, जड रोमका कंपहरू हुन् ।
आफ्नो अस्तित्वउपरका झीना संदेह ।
म तयार छु; तयार, झंझाको घोडा चढ्न;
तयार छु डुब्न नेत्रजल सागरमा;
तयार, सुइरिन, रोपिन, कुटिन, हतौडिन,
कीलिन, कुल्चिन लौह पयरले दुष्टका;
तयार, परीक्षित हुन अनन्तमा
अनन्त वेदनाले आज; तयार, खान खलि ।
केवल सत्यको अमृत मेरो, मानवताको मिठास ।
यी दुई चीज झिकेपछि विश्व छ गरल, गरल ।
३३ "म क्रान्तिकार छु– म स्वर्गको बागी ।
विषम, अविवेकी स्वर्गको, शक्ति-सिद्धान्तयुत,
पाशव-शक्ति...म देवत्वको छु समर्थक ।
सत्य शाह हो, असत्य दास । सत्य छ मेरो हतियार ।
मैले ल्याएँ मानवहरूहो ! तिमीहरू-निम्ति
एक स्वर्गिक वरदान– एक मेरो दयाको बक्सीस–
देवाऽनलबीज ! यो खोक्रो नर्कटको उदरमा
निहित शक्ति एक, विचित्र अग्निस्फुलिंग !
मानो सुवर्ण-झिल्को झैं धपधप बल्दो
तमसावृत, मिरमिर अधि, प्राची शिखरमा;
जसमा छ असीम शक्ति गूढ...चकाचौंधिन
विस्तारले त्रिभुवन, रश्मिहरूको रहस्य !
यो झिल्को सारा कलाको जननी हो ।

यसमा सब सभ्यताको, सुखको धप्को ।
३४ "कल्पना गर अयुत शाखायुत महामहीरुह
विश्वमूल । अन्धकारमा रहस्यमय छन्
उसका जराहरू अविदित; अनन्त स्नायु
रस-संचारक, दलहरू अनगिन, अनगिन,
विश्वयुग, युग आउँदा, बढ्दा, क्षीण हुँदा;
हजार हरीको जोरी... नित्य हरित, सुन्दर;
विहग उड्डीयमान, प्रकाशोन्मुख,
सुवर्ण-फलयुक्त त्यस्तै छ हुने
मानव-जीवन, मानवहो ! त्यसको
निर्माण गर यस स्फुलिंगका रापले ।
अमर बन । अक्षर बन । सुन्दर बन । भूविजयी ।
स्वर्गोच्च बन । देवपराजय गर मानव !"
३५ यति उच्चारण गरी प्रमिथस महादेवले
प्रदर्शन गरे अग्निस्फुलिंगको झिलझिल ।
धपधप गर्दो कणीको उद्घाटन गरे
नर्कटको पेटमा । विचित्र ज्योतिले धप्क्यो
अनलाणु, देदीप्यमान-त्यो स्वर्गको आगो ।
शक्तिशिखा झैं अथवा शिरोविन्दुकी
तारासदृश सितराप ! विचित्र कबूल झैं झल्क्यो ।
विशाल संभावनाको अनल-बीज सदृश !
एक मानसिक बह्नि-समान सुनसानमा
कवि-हृदयको, झिल्ल, झिल्ल, झिझिल्ल ।
३६ धन्य ! धन्य ! छौ अनलदेव तिमी !
ए जगजीवन दाता ! बन निर्माता !
विपिन-विध्वंस ! सृजन, प्रलय तिमी,
संपोषण तिमी सब संसारका ।
घर्षणबाट उत्पन्न ! सूर्यका सखा !
हुतभुक् ! सर्वशुद्धिकर ! भयंकर !
नागोदरनीड ! पारावारनिवास !
पर्वत-शिखरका नृत्यका नितशौकीन ।
धूवाँधोती शतजिह्व अनलदेव !
३७ ए पावक, ए जाज्वल्य, रश्मिपति !
तिमिर-सिंह तिमी, प्राचीप्रतीचीप्रिय !

पार्सीहरूका परमेश्वर, वेदका आत्मा !
जीवन तिम्रो अतितेजको एक हो स्यन्दन ।
तिम्रै पोषक न्यानोले जन्मी
मानव-सभ्यता जोशिली, चमकदार ।
तिम्रो रापविना कवि न बन्यो कोही ।
तिम्रो तापविना न एक महावीर ।
तिमी घरका प्रकाश मनका विकास !
३८ तिमी परिचित थिएनौ मानवको पृथिवीमा,
ए हुताशन, प्रथम युगमा मानवको ।
तिम्रो वरदान विचित्र थियो वसुन्धरालाई ।
मानवलाई आत्माको चेत झैं नव-विकसित
आयौ तिमी–प्रमिथसका वरदान !
३९ अन्धकार हटाउन, नवप्रकाश फिँजाउन,
मानवको आयौ, अग्निदेव !......
नवप्राण-संचार गरी नरनारीहरूमा
त्यस बेला । एक नवजीवनको स्वप्न-समान
स्वीकार गरे मनुजहरूले तिमीलाई,
अति कृतज्ञ !...प्रमिथस महान् मानवमित्र
सुपूजित भए प्रथम मानव-समाजमा,
नवप्राप्त परमेश्वर झैं प्रतीचीका ।
४० अनेक चमत्कृतिहरूले नित्य चकित
प्रकाशतिर फैलियो उन्नतिशील
मानव-संसारमा, सभ्यतामा अग्रसर ।
जसरी गायत्रीजप सवितोपासक–
फूलबिरुवाहरू ग्रीष्ममा फुल्छन्,
चौडापात, सुगन्धमय आँत, सुन्दर, सुन्दर ।
४१ यस अनलबीजको चमत्कारको
वर्णन गर्नुअघि, अनगिन,
बिसाउँछु विफलता व्यथित लेखनी
शब्द-हार । चुच्ची औंलाकी चरी यो,
लमपुच्छ्रे, सिताकाशमा पत्रपत्रको
चुँदी नील, नील कण, बुच्ची भई ।
खोज्छे उजाउन आफ्नो चरीचुच्चो
अर्को जोशको रोशनीमा समुच्च ।

•

## चतुर्थ सर्ग

१४ सद्भावनाले प्रेरित प्रमिथसले हाले
एक खोक्रो निगालोमा धकधक गर्दो एक
स्वर्गको अग्निबीज ! रहस्यमय एक स्फुलिंग !
अनि अनल चोरी यसरी, ओर्लिए अवनी,
स्वर्गका शानदार धराधरका कराली-तल,
मानवोद्धरणनिमित्त, कोमल भावनायुक्त !
यस दिव्य चोरीको महत्त्व छ अकथनीय !
जस्तो गगन-स्पर्शी हिमालय शृङ्ग गर्दछ–
स्वर्गको आधा उघारिएको सुवर्णद्वारमा
छिरी, प्रथम स्फुलिंग चोर्ने सबेर साहस,
सौर नटी रहँदा अझ चीसी, प्रकाशमा अचेत !
१५ अथवा जस्तो गर्दछ एकलास-विलासी कवि !
निमीलित लोचन, अन्तर-प्रकाशमान,
उड्डीन उच्च स्तरमा भावका, स्वनिर्म्मित
दिव्य मुरलीमा छन्दको, ऊ टिप्दछ फिलिंगो
अमर अँगेनोबाट अलक्षित ! अवभास !
एक सुनौला धपधप, आँखामा, अन्तरको,
सबेरा विहगदृग झैं । अनि भविष्य-वाणी
उद्वेल्दछ जन-मन-सागरमा, पूर्णप्रभ !
खलबलिन्छन् सुषुप्त भाव, घचघच्चिँदा, दिव्य ।
चकित नर बिउँझिन्छ गजबमा, संदेशले
उसको अभिनव । स्वतनुविस्मृत ऊ पागल
पघाल्दछ पत्थर स्वरले, सह्यानुभूतिशील,
आदर्शमा स्वकल्पित । अनि हुन्छ समुत्थान
एक वार नर-समाजको विचित्र तवरले ।

१६ कलाहीन पशुनर अकमक्क प्रलयत्रस्त–
तर्फ यति करुणाले अभिभूत प्रमिथस
ओर्ले अग्नि-पर्वतबाट नाकको, उपकार–
प्रवृत्त ! निर्भय थियो उनको प्रशान्त हृदय,
असलको अमिट चेतले दुःख-हाँका, प्रसन्न ।
एक निगालोको खोक्रो उदरमा अनलबीज
डाली, चले ती भूतलतिर, चिन्ताशील, ओर्लिंदा,
एक अकेला, बेमद्दत, स्वकीय भावमार्गमा
स्वयं अग्रसर, मानव महामित्र महादेव !
१७ हुताशन, यही छ संसारको सारमय तत्त्व
महत्त्वपूर्ण ! यो प्रकाशको पिता, अविश्लेष्य !
यही अपोलो सूर्यदेवको दिव्य कलेवर,
दागहीन, यही देवतनु, यही देवसार,
यही जगच्चक्षुको शक्ति, यही जीवनदाता,
सृजन-पालन-प्रलयको यही छ कारण !
यही अमृत, यही मृत्यु यही आशा, त्रास यही,
धूवाँ-धोती शतजिह्व अनलदेवता व्यापक
यही विश्वधार ! पर्वत-शिखरको साम्राज्यधार
प्रातः साँझ, यही जगत् बनाउँछ अध्यूष्य,
सर्व धर्म्मको मर्म्मको दागहरण यही,
यही सती, शहीदको आहदार विलास !
यसले गरी जन्मी सभ्यता संसारमा । कवि
यसले जाग्दछ, फुल्की हृदय ! यही भावना
दिव्य, दिव्यको सृजन-राप ! यही महावीरको
स्वसृष्ट धपधप आश्चर्यकार, हुताशन !
स्वर्ग र पृथिवीबीचको सीमा यही, पावक !
१८ रे अनल, सर्वभक्षी, विपिन-विध्वंसक तिमी !
तिम्रो प्रबल महाकोप ! कसले देख्यो तिम्रो
उग्र नृत्य वन-खाद्यमा, जब ज्वालामुख तिमी
उफ्री, उफ्री, नाची, नाची, चर्चर चबाउँछौ
युग-युगका पैदावारी, पत्र-दारु । स्वरूप !
अन्नको विशाल वन-भांडारमा तिम्रो देव !
जब महाभोजको हुन्छ महोत्सव साह्लाद !
हुर्र, हुर्र, मरुतका फूँक, फूँकमा भर्भराउँदा,

दनदनाउँदा तिमी चर्वण गर्छौ चरु झैं वन ।
ध्वंसक वेगले पार्न निमिटान्न महारण्य
रूख रूख कुद्दा, मुस्ला मुस्ला, ह्वार्र, ह्वार्र, हुरिंदा,
अनन्तजिह्व, रुधिरलाल, अति गरम मिजाज ।
झारहरू उड्छन् झ्याँग झ्याँग झुलसी, प्रोज्ज्वल
ज्वालामा धूवाँबादल साथ ! तब प्रचुरजीव
अरण्य प्रलयाभिमुख छाड्छ उदरबाट
टाप, शृंग, पंख, भयभीत असंख्य सवेग,
जीवन-मरणका धावनमा; पलायनमति,
पशु यूथ यूथ जान्दछन्, तिम्रो महवेग उग्र
वानस्पत संसारमा ! रे सर्वभक्षी ! रे अनल !
रे शार्दूलका महाशार्दूल ! रे विश्व-निगलक !
१९ आगो देवत्वको गरम राप हो मानवको ।
आगो अपोलोदेवको धकधक संगीत जोश ।
आगो जीवनको ज्वलन्त अनुहार ! आगो आत्मा ।
भावको हृदय यही आगो । प्रेमानलले
जब कपूर कपोलमा छुन्छ अरुणताले
हृदयरुधिर सब मदिरा पारी, रन्न, रन्न,
बल्दछ देवता मानिसमा । सब श्रेष्ठ मनुष्य
उच्चताका चूलीमा फुल्ल फुल्ल बल्दछन् आगोले
शहीद आगो, आगो महावीर, कवि आगो,
आगो प्रथम चूलीको निशान्तमा, महानवी ।
जब धप्कन्छ हृदयवह्नि आदर्शले नर
तनुविस्मृत, विशुद्धचेता उड्दछ आफू पर,
अति-मानव उडानमा, जगत्को चमत्कार !
दिवस-सिर्जना वर्तुल सितराग सौरानल !
विश्वनिशापछि आगैले फुल्क्यो प्रकृति-उदय,
विशाल, शवल, महिमाशील, सब आगो, आगो !
आगो आरंभ, अग्नि अन्त, अनल जीवन !
२० जब सन्नाटा निमिटान्न निशाको दृश्यपटमा,
यूनानी दूर, तार रुदित, ओसदार, अल्पी,
सृजन-प्रकाशको प्रथम रश्मि फुल्कन्छ
यूनानी गिरिका टुपीमा, तुषार-धवल,
जल-वाष्पको तहालु परिरंभणमा; सस्नेह !

तब तनुभस्म नितान्त अग्नि, स्वर्गका कवि,
अपोलो अभिधेय, सुवर्ण वीनमा, गुलाफदार,
एक नवोदित दिव्य स्वप्नको संगीतमय
गर्छन् विश्वव्यापक ऊंकार, मधुरभीड !
कलाकार गगनका ती ज्योतिकलेबर,
नक्षत्रनटी परिवेष्टित, पृथिवी नचाउँदा,
धकधक उम्लन्छन् सुनौला रसले; छिरबिर
पर्दछ आकाश, ध्वनि-ध्वनिमा अन्तरिक्ष
स्पन्दी, प्रभावित बनी, फुल्किँदै । अनि आकार,
हजार, हजार, उघ्रन्छन्, वस्तुका, नवोद्बोधित,
बन्दछ विश्व महाप्रलयवाद एक वार
फेर, सरूपराग, सुन्दर, स्वप्न-मन्दिर झैं,
त्यस बेला फुल्दछ सुन्तला अभ्र, सुन्दरले
समुच्छ्वसित, शानदार, अनि सुषुप्त पंख
सृजनानलका आमंत्रणमा शीत पवनमा
छात्तिन्छन्, सजोश । नवजीवन पाउँछ संसार ।
आगो, आगो, आगो चित्रन्छ संसार अभिनव,
आगो– अपोलो संगीतकोविदको हृदयको ।
२१ आलिम्पस पर्वतको हृदयमा छ अग्नि ।
अग्निशिखरमा उसको । समुच्च स्वर्गमा
यूनानी देवहरूका एक नाक-नग छ,
अनलाचल, अरुणाचल, अनिर्वापित
अमर अग्नि युगयुग बल्दछ त्यस ठाउँमा,
हरहर, हरहर, समयभक्षक, वह्नि त्यो
फ्याँक्दछ स्फुलिंग संसारमा प्रतिदिवस, धप्प,
धप्प, दिनमणिरूप, अनि प्रतिनिशा फ्याँक्दछ ।
एक छरबर, झिल्का, झिल्काको, सुनील पटमा,
ध्वान्तको गरी उज्यालो डाहाड, शृंगारमय !
त्यही आगामा डाली मर्त्य-क्लेवरका कलुष
आत्मा असल उड्दछन् जुपिटरका पदतिर,
जहाँ अयुत दिवौकस प्रशंसामुख बस्छन्,
पक्षदार, प्रस्तुत, कर जोडी महागौरवी
पार्श्वमा, नम्रशिर, त्यही वह्निमा राख्दछन्
उनी भयानक पवि, जो, दंडक उग्रवेग,

घनवारीद्वारा, विक्षिप्त, ओर्लन्छ अघौघमा
सांसारिक, शतचूर, पार्न पापी, धर्म्मपतित,
एक आगोको भीषण चटरचाङ-विश्वकंप ।
२२ त्यही हुताशन भांडारबाट स्वर्गको दूर,
चोरी एक अमर बीज, प्रमिथस ओर्ले,
ज्वालामुखीको बटुको मुख तल,' अवनीमा ।
न खहरियो उनको देव-अंग, अनलाविबाध्य !
बलवाको जोश ओजदार मुहारमा बस्थ्यो,
निर्भीक, सवेग उनी ओर्ले वसुन्धरातिर,
थाहविना स्वर्गाधिराजको, सहज-प्रकोध्य ।
नर्कटको खोक्रो उदर, अनलबीजले,
भयो उज्यालो, जस्तो कोही प्रसूनका घंटीमा,
नीलराग, अधोमुख, खद्योतहरू पस्छन् राती,
नीरदीवार कोमल हरियो द्युतिले छेडी,
सुन्दर दृश्य ! अथवा जसरी उत्तरीय तारा,
ध्रुवोपरि, टक्क अडानमा अमित युग,
हेर्दछ दुई नटी साथ लिई, अर्द्धखंड भूको,
उत्तर फग्लेंटो, क्षितिजबाट यमपुरी-विरुद्ध,
सेतो, चमचम, सजीव, नैश तिमिर डाँटी,
त्यसरी त्यो सानो भीषणता चंकियो सजीव,
तेजोमय, चर्को सेतो, किरण-विस्तारक अल्पार्क,
२३ सवेग ओर्लिए अनलचौर पृथिवीतिर
मौन, गंभीर उडानमा, छोडी देवहरूको
राजधानी झिलमिल, सुवर्णचूड, झिझिल्यांड,
अनि पसे उनी बीच दोसाँधमा, भू-स्वर्गको,
गोधूलीमय, जहाँ विस्मारिणी मृत्युसरिता,
कोलाहलमय बग्थिन्, जगत्-जीवनपार,
तब प्रवेश गरे पृथिवीमा, मरकतांगिनी,
पुष्पप्रिया, विशालस्तनी, संकुचितमुखी,
जलकांची झिलमिल, मूषिक पहाडहरू
अर्ना बन्दै आए अवतरणमा, उनको,
आखिर ठोस मृत्तिका छोयो, शस्यदार, पदले
एक धराधरमा भूको । तल, तल, कुइरो,
अरुणरागमा नबोदित अर्कको, अर्द्धप्रबुद्ध

जंगली जन-समूहउपर लर्बराउँथ्यो,
पवन-प्रहारित मन्द–व्यूह, व्यूह, खंड, खंड,
जस्तो बादलमा देखिन्छन् साउन मासमा ।
त्यो बाफको लहरीदार पारावार, वेधित
रश्मिहरूले, रंगियो प्रथमवार । इन्द्रेणी,
जल-बूँद सावलंब झुल्की सप्तरागिणी,
दोब्बर, तेब्बर लचकमा, अन्तरिक्ष-शृंगार,
अनि संवर्द्धनशील करले कराकरले
लागे फाँड्न त्यसको घन कलेवर; छितर
बितर भयो पछि सपना झैं त्यो करवार ।
२४ अनि देखे चर्म्मवसन भू-कृमि मानवले
सभय, महादेवको महत्त्वसूचक स्वरूप,
छायाहीन, अजङ्का टाइटन्, विशालबाहु,
अग्ला, गोरा, सुपुष्टवक्ष, विपुलेक्षण,
निर्मल चेहरा, शरदीय आकाश-सदृश,
शंकाहीन, अभयप्रशान्त, प्रगाढ करुण,
महापर्वतको गंभीर मुहारतुल्य ! समुच्च
यत्ति थिए उनी मानवबाट, जत्ति पहाड ।
सजिलो श्रेष्ठताले शीघ्र उनी आए सदय
नरहरूसामु, तर नरहरू भयभीत बने,
जस्तो अविकसित जीवउपर पर्दछ
विचित्र त्रास विकसितको– एक छायासरि,
दुस्साहसित पारी तिनको चेहरा सामान्य ।
कोही भागिहाले अधोधरा अन्धकारमा;
कोही चढे रूख; कोही झाडीपछाडि लुके ।
"को आयो ? को आयो ? के आयो ?" को कोलाहल थियो
अगाडि जो, सुदूर हुँदा आगन्तुक, अब भो बन्द !
अनि एक दुई महानायक ठहरिएका,
अडबुज्रग त्यस बेलाका, हेर्न थाले लुकी,
करिविपुल कल्पचिर प्रस्तरको पीठ
पछाडिबाट, ढुकढुक मुटु, च्याती चाक्षुष
परीक्षक स्नायुग्रन्थि ! मुखरेखा-विकृत !
"को आयो यो ? को आयो ? किन आयो ? कहाँबाट ?"
मुटुको ढुकढुकले रुन् रुन् शीघ्र प्रश्नले सोध्यो,

मांसभित्तिका खोंखली ढ्याक ढ्याक पारी, घचघच
अविदित द्वार झैँ– "को आयो ? के ठाउँको जीव ?"
भयभीता जिज्ञासा तोडमा परी जान्न, उग्र,
जीवन ? मरण ? मरण ? जीवन ? के खान आयो
यसले सब नरजाति यहाँ ? मृगखंड झैँ
प्रस्तर-हँसियाले एक झपटमा चोइटिने,
प्रबल बाहुका प्रहारले ? तरंगशील त्रस्त
हृदय आदमपुत्र अनिश्चित रह्यो चिर,
बढ्न, हट्न नजानी, कीलित । तर उसको साथ
हथियार थिएन, भीषणधार । ऊ थियो प्रशान्त !
कोही राकस पुरुखा झैँ, अतीतमा कल्पित ।
कुहिरोको घरघरले, पावस मुख, ध्वनित
महाकाश कुप्रे, ताराघर अरू वेलाको,
गोल आँखा खानेको पथ, चटरचाङ-रिसाहा,
मीठी शीतलीको अरू वेलाको मुख-मिठास,
तर्साउँथ्यो बराबर जंगी जो, कोही भएझैं
जादूगर–त्यसले बोलेको सुनी, सुनी, सदा
झिल्केको हेरी, हेरी, विचित्र, भाषा प्रथम
मानवहृदयसँग लाउन लागेकी थिई
मित्यारी, गोधूलीमा । सिलिङ बिलिङ– भीषण !
भयो सर्पको नाम, जसले घुंटी फुलाई
फूँक्दा स्याँक्क ! भुलभुले रगत मात्र भेटी,
वाई हुन्थ्यो मुख बाई मानिस-भाइ, लच्यांग !
लकारले लासियो विलासिनीको नाम ।
अनि झवाल्ल भने आकाश बल्नुलाई झ्याप्प
भयो त्यसको निभ्नुको नाम, झारले हानेझैं,
झ्याप्प, अनि बिजुलीलाई भन्न लागे झिलझिल !
आश्चर्यजनक, त्रासजनक बाकार भयो शब्द ।
द्वित्वमा बाबा ! या बाब्बा ! शिशुको, प्रौढको समेत ।
बाघलाई भन्न लागे ह्वाङ्ग्राङ-ध्वन्यर्थक,
शब्दहरूको प्रथम प्रसव भयो वाङ्मयमा,
प्रथम मानव झलझल गर्ने हुनाले
नाम भयो जल, पानीको । हरहर हावानाम
पहिले । झरझर नाम भयो झर्ना । हेल्योस्

भन्न लागे झल्झलाउँदो सूर्यलाई पछि ।
यसरी जन्मिँदी मानव-भाषा प्रकृतिबाट
अनुकरण-प्रयासिनी, वस्तुगति-संगता,
बढ्थी प्रतिदिन, मौखिक शब्दस्नायुका विकास-
साथसाथ । तर त्यस वेला अझ मानवले
स्पष्टोच्चारणमा व्यक्त गर्न सकेन त्यो भय
जो अतिमानव प्रमिथसको आगमनले
गऱ्यो संचार जतासतै । कपिसदृश कुँकुँ
गर्दै सबले गिरि-उदरमा प्रकाश गरे
हृदयको मरणभावी छायादार भाव,
जसको नाम आज भयो भय । निभाउँछ कि ?
झिल्लिलिल्ली झैं कोप्रे ऊँचा आकाशले, यसले
हामी मानवलाई सारा ? यसरी त्रस्त भए
नरजाति प्रथम युगका, प्रमिथस अघि,
यस अपूर्व खतराको पूर्ण बोल नपाई ।
२६ परदेशी विरोधी अविकसित जातितुल्य
ती हेर्थे शंकालु, चिहाई ! आयो यो के गर्न ?
पुच्छ्रे ताराको आगमनलाई जसरी हेर्छन्
अन्धविश्वासी आकुल जीव ! मृत्यु या अमृत,
यो के होला ? जाँचे कसैले उनका लोचन,
कति छ इर्षा त्यसमा भनी कसैले ललाट !
सूर्यसामु आँखाका नानी झैं कायर तिनीहरू,
खुंचे, दुस्साहसित– ती देवको तेजअघि ।
२७ तर प्रशान्त ती महापुरुष प्रमिथस
गंभीर मुखरेखासाथ बढे मानवसामु,
परिवर्तनविमुख, नव्यताविरोधी अघि !
प्रथम नवी झैं सभ्यताका, नवजीवनका,
अनि उनको शान्त चालले आश्वासित
अलि, अलि, प्रथम मानव, अलिअलि गर्दै,
नजीक हुने गर्न थाले प्रयत्न, ससाहस,
जब उनी एक घर बनाई, प्रस्तरको,
बसे मानव-बस्तीबीच, त्यस प्रथम युगमा ।

## पञ्चम सर्ग

१ उलट-रोकावट माटोको, साह्रो जिद्दी, जमाहा,
पसिजाउँछ खेत-कोराहालाई, गँगटोमा
जब हुन्छन् दिन-आँखा । गुट, गुट बालुवाका,
माटाका, बलवा गर्छन् परिवर्तनको दीक्षक,
क्रान्तिकार कट्किँदो धातुध्वनि कोदालीसँग,
जो घुस्रनुपर्दछ तिनका अन्धकारमा,
दाँत बजाई, क्रन्दी । त्यसरी युग, युग गरे
जन मन कृषकले सस्वेद परिश्रम,
प्रचंड मार्तंडमनि तानाशाही, रस-शोषक ।
जब तिनका मेहनतमा अक्लान्त, द्रवित
कडा अदबको स्वर्गले बर्साउँछ सजल
नर्माउने धूली-धोबिनी, धारा, पावसमा,
तब लहलहाउँछ हरियो संसार, नवस्वप्न ।
यसरी प्रथम परिष्कृतिका किसान प्रमिथस
लागे क्षेत्रमा स्वकीय, अथक परिश्रमले ।

२. त्यो प्रथम अग्नि जो सृजनाको हृदय हो नितान्त,
जो झिल्काउँछ सेता शिखा पूर्वीय अचलका,
प्रलय प्रलयी, प्रथम विहंगको क्रन्दनमा,
जसको समरेखी स्वरूप छ कवि औ नवी,
झिल्कन्थ्यो नरमित्रको उरमा, बडो विचित्र,
एक बाटुलो सपना झैं ज्वालामय धपधप ।
उनी देख्दथे एक महास्वप्न, विकासशील–
दीपशिखा झैं, जो किरणहरूको विस्तारमा
एक नवीन जगत् जगाउन खोज्थ्यो स्वकीय,
–एक सुर्य-भावना, मधुर प्रातको, दिवस

जब अफ्न शैशवमा हुन्छ पल्लव-लोहित ।
३ समतामा राखी व्यवहार मानवसँग, तिनी
लागे देखाउन अद्‌भुत चमत्कार, जसरी
क्षितिजतलका दिनकरले समतासाथ
ताजूब जगत्‌को नव उद्‌बोधन गर्दछन् ।
चिरकाल अवलम्बित हुस्सू दृश्यउपर,
दृष्टचविरोधी दूरताको मुखको अवगुंठन,
चिरिन्छ मूर्खको छाती फैं, स्वकीय शठताले,
धाँजा, धाँजा, बुद्धिको नव उज्यालोमा । विहग
सुषुप्त खोल्दछन् दृग, मांस-पट्‌टल उचाली ।
प्रलयछायाले शीतांग संसार सिहरन्छ,
नवश्वास । मिट्‌दछन् एक्लासका अश्रलास ।
स्वर्ग बनेर आउँछ पृथिवी एक क्षण ।
कविको सपनाको उज्यालोले चित्रित जगत्
तुल्य जन-मनमा, नवरूप उदाउँछ विश्व ।
अनि कंपित तरुपल्लव, त्रस्त प्रभातमा,
आश्वासित बन्दै आउँछन् सम व्यवहारले,
जबतक छिरबिराउँदो जगत् हुन्न पूर्ण–
प्रबुद्ध ! त्यसरी प्रमिथसले आफ्नो तेज फिँजारे ।
४ एक चन्द्रले गर्दा बसन्त वन बन्न जान्छ
एक परी-वास, प्रभावित । कल्पनाले नव-
सृष्ट, सजीव, तिमिरविलीन कुसुम-सौन्दर्य
फुट्‌दछ फेरि कोमल रंगमा नजरअघि ।
बेलहर अंबुधिको विशाल उर हिल्दछ,
भाव-छालले छचल, छचल, जल स्तन फैं
फेन मुन्टो मधुर, सौन्दर्यको, तरल, सजीव ।
त्यसरी एक महापुरुषको प्रभावामृत ।
पूर्ण परिवर्तित पार्दछ संसारको स्वरूप ।
५ यसरी तब ती मानवमित्रले स्वर्गविरुद्ध
मानवलाई गरे सम्बोधन...स्वरमा निर्भीक !
"ए मानव, नित नतमस्तक स्वर्गाधिराज
सामुन्ने, हे प्रलयसंशयी, नडराओ, नडर,
आज छौ बाजका कर पखेटाका हाँकका
मनि पंछीतुल्य निर्दोष, तर छ बाजको

बाज तिम्रो सामु आज, स्वर्गाधिष्ठाताको बागी,
बागी प्रमिथस, निर्भीक, स्वपक्षमा अब तिम्रो,
६ "प्रकाशस्वरूप पृथिवीको अमृत छेकी,
जब लाग्दछ ग्रहण दिनकरमा मध्य-स्वर्ग,
दैत्यग्रस्त झैं तिमीहरू, पाउँछौ आफूलाई
प्रलयका पखेटामनि, कालो बाजको पंख-
समान, तर तिमीहरू अरु पुज्न खोज्दछौ
त्यही मृत्युस्वरूप दानव जो मानव-रिपु,
तानाशाही पुजारीहो, नचुँड सुन्दर प्रसून,
कोमलता च्याती चढाउन त्यस क्रूरको
कठोर पाउमा जो कुल्ची फाँड्न चाहन्छ
तिम्रो जाति स्वकीय । मानवहो, होशियार !
होशियार सुरपुरका दयाहीन देवदेखि
रहो, रहो, मानव ! नगर पूजा जिउसको ।
७ "अतिबलीको पूजा कायरता हो स्वभावको,
अतिनैतिकको अर्चन आत्मबल जगत्को ।
आत्मा छ तिम्रो मानवहो ! पूजन गर अब
त्यस अक्षरलाई जो तिमीहरू हौ आफै ।
यो अमर चरो आउँछ, उड्दछ समय, समय,
विलीन हुन अन्तमा शून्याकाशमा अनन्त ।
यो अग्नि-स्फुलिंग जो निभेझैं भाग्दछ दूर,
बल्न अर्को ध्रुवमा, अर्को गगनमनि, यो
यस ठाउँको सीमित चेतको भ्रममा पर्दा
बिलाउँछ जस्तो लाग्दछ सबलाई । तर यो
वर ध्रुवमा छ, मरेपछि पनि, झलझल ।
मर्दैनौ हे अमर मानवहो ! मृत्यु हो छाया ।
भ्रम, केवल उपहास, केवल छायालिंगन !
८ "त्यो ज्वाला हो यस दाउरामा...ज्वालाभन्दा ज्वाला ।
समकालीन सब सुरको, सब नक्षत्रअघि
त्यसको अस्तित्व एकलो, उज्यालो, चमचम !
सुनसानमा, जो सब चीजको हो मृत्यु महान्
त्यो अमर ढुक्कुर ढुकढुक गर्थ्यो तेजोमय,
सुगन्ध झैं ज्योति निकाली, फिंजाई, अनन्तको
पुछारतक दुईतर्फ । त्यही किरणमा जन्मी

सृजना सुन्दरी शृंगारमयी । जब मर्छ यो,
फूल-पात-पहाड-जल-तारा-आकाशसहित
तब पनि मर्दैन त्यो—मर्दैन त्यो—मर्दैन ।
त्यो डोरी हो, सर्प होइन, हे मानवहो, हँस्सी,
उडाऔँ त्यसको, नबनौं लाछी, नबनौं कातर !
९ "सर्वस्व जलेको सूर्यलाई हेर, गगनमा ।
त्यो सधैँ जिउँदो सेतो राप पृथिवीअघि
त्यो अमर अपोलो कसरी जियो देह-भस्म ?
यसरी जिइन्छ मृत्युको पश्चाद्—देवताहरू
यो जान्दछन् जो तिमीहरू जान्दैनौ, हे मानव !
यत्ति फरक मानव, देवता बीच—यत्ति ।
तिमीहरू हौ उही अमरबीज-तर अज्ञानी ।
तिनीहरू स्फुटित पल्लव; तिमीहरू तर
बीजकोष मृत्तिकामा, तुषारमनि आच्छन्न ।
"ओ तेज, कारा तोड्न सिका" भन । "ओ किरण,
उक्लन स्तरउपर उपरिस्तरमा अब,
ग्रन्थि, ग्रन्थि छिचोल्न सिका तमका । बिरुवा झैँ
हामी प्रस्फुटित हुन्छौँ बीजकोषबाट खुलामा ।
उक्लन दे" भन, "पूर्ण स्वरूपतिर । आफै हुन
सच्चा, यथार्थ अभ्रम" मृत्यु अँध्यारोको नाम ।
नाम उज्यालोको अमृत । त्यही, त्यही आत्मा, आत्मा,
चिन, बन, बल, दनदन बल, मानवहो !
हँस्सी उडाओ अतिबलको, हँस्सी उडाओ नर !
जस्तो हाँस्दछ झर्दो तारा तिमिर चिरी चरक्क,
विलयविलासी मध्यनिशामा । मर त्यसरी,
नमर्न, नमर्न नित्य । क्रान्ति, क्रान्ति, क्रान्ति गर !
तिमिरको विरुद्ध उठ सशस्त्र, हो मानव,
गिज्याई मर अन्धकार, रातो वा सेतो रापमा,
अमरत्वको लेऊ चेत, स्वर्गविरुद्ध उठ ।"
१० यसरी प्रमिथसले बोले, भावको भाषामा
सांकेतिक, ध्वनिमय, उच्च स्वर— मानव भो
पहिले विस्मित...अनि जिज्ञासु, अनि प्रगाढ
प्रभावले संचालित । अनुयायी भए उनका

बहुसंख्य तब, त्यस प्रथम युगमा मानवको ।
आत्माको थियो एक ज्ञान जसले गर्दा
समुत्सुक मानव, एक निशापछि दिवस
पाएसरि उद्घाटित सुवर्णपूर्वमा, फर्क्यो
जिउस नामको बादलबाट–प्रलयछाय,
अनि प्रमिथसले उपदेश दिए यसरी:
११ मधुरध्वनित भावहरूको संगीतमय
प्रमिथसीय संचालनमा ती मानव-जाति,
भाषामुख बन्दा अनुकरणले, लागे सुन्न
दिव्य वाणी, प्रथम विगहको ॐ, दिवस-कथा,
"मानवहो, मर्दैनौ । भविष्य सुनौला तिम्रो,
तिमीहरूको आकाश, तिम्री पृथिवी, तिम्रो
संसार, संसारको दौलत, तिम्रा उडु-रत्न,
तिम्रो सब पारावार, वानस्पत साम्राज्य,
रेणुतीर ॐ सरितांपतिका तिम्रा दिवस,
तिम्रो सब अनन्त । अन्त सब तिम्रो मानव ।
हे रंकहो, चिन राजा आफैभित्र । बन बागी–
बागी त्यस विरुद्ध जो तिम्रो हो महाकाल ।
हे सृष्ट विश्वका उत्तराधिकारीहरूहो,
अधिकारनिमित्त लड आफ्ना, निडर, अमर,
१२ "अँध्यारामा छौ तिमीहरू अज्ञ मानवहो,
छौ अज्ञ लाखौं भ्रमका शिकार, लटमुखा,
कुइराका काक, तिम्रो जातीय गगनमा
डाल्न नयाँ प्रकाश, बढार्न कुइरो आकाशको,
नव जन्म दिन तिम्रो जातिलाई बहुमूल्य
अवतरित छु पृथिवीमा, म अमर प्रमिथस,
भयंकर बागी स्वर्गको । तिम्रो निमित्त,
१३ "कीटहरू बिउँझन्छन् किरणसँग मर्दछन्
लामखुट्टेको दिनको जीवन । मासभर
न्याउरहरूको...छ महीना धानको । मानव
ताराहरूभन्दा जिउँदछ जो, ज्योतिसंपन्न,
हाय ! डराउँछ बेकार, अमृत आत्मा, तँ जाग्,
जाग् जाज्वल्य, जाज्वल्य जाग्, जाज्वल्य, धकधक !
जाग् हे सेतो राप, प्रथम राप नक्षत्रको ।

तँ भित्र छ एक अमर स्फुलिंग अन्तर्गत ।
म छु निर्भीक । म छु प्रशान्त । नि:शंक आज,
उदयचुली फैं निडर, प्रकाशतपस्वी
निडर, वेदनाहरूको समस्त, कल्पनीय
हाँकसाथ बल्दछ मेरो अक्षर तत्त्व महान्
म ज्वाला हुँ, म होइन माउरीहरूको मैन,
यो हुन्छ खरानी, त्यो प्रकाश... फलफल, फलफल,
फलफल, फल्कन्छ अनिर्वाप्य व्यापक
मेरो अन्तर्गत । ए मानव, छाम् तँ अन्त-
स्तल आफ्नो निश्चित हातले, हे मानव,
१४ "अज्ञान त्यसैको, अन्धकार फैं बस्छ तँमा ।
मनमा अरू छ रात, कुइराहरू फैं उठ्दछन्
अज्ञानले उत्पादित डरको चीसोमा, नर ।
अन्धविश्वास, भ्रम, छाया खोका, भित्र, भित्र ।
मासुले रंगिएको यो शवल चैतन्य पछाडि
वसन्तको अरुण अस्तकालीन दिवाकरको
हृदयसमान छ सेतो, सेतो अनलपिंड,
वातावरण पछाडि, ...सुनसान सक्तैन,
सक्तैन निल्न तँलाई, मानव, नडरा तँ,
नील सुनसानको अनन्त उर फारी तँ
माथिबाट उदाउँछस्, तलबाट निभे, पृथिवीमा ।
अन्धकारसँग संघर्ष गर्नु हो अमर जीवन ।
१५ "आज छ एक ग्रहणको दिन– विश्वप्रलयको
एक नराम्रो छाया पर्दछ नर-जातिमा,
एक प्रकाशाभाव– एक मृत्युको सूतक
संसारमा, अपवित्र, अमृत रजतपात्रको
पिउँदछ आज तिम्रो कालो नाग, मुख बाई
कालो विषधर जसको हो नाम महाक्रोध,
असहन जसको स्वरूप, ध्वंसक फूँफकार
जसको क्रिया, मृत्युदशन जसको परिणाम ।
आगो ओकेल्दछ त्यो, विषमय ज्वाला भयंकर,
अपूत उदरबाट अन्धकारमय– क्रोध,
महाक्रोध जिउसको–जसको निवास दिवस् ।
रहनुपर्दछ सचेत मानवले जब अचेत

मूर्छा-धूमिल बन्दछ अप्रकाशसृष्ट विश्व ।
शुद्धिसाथ, सम्झी आफ्नो अमृतत्वको अधिकार
छायादार कुसमयमा बस ए जीया-तनय
मानवहो, सबलहृदय बनी क्रान्ति गर,
उठ गर्म जोश, लड्न वज्रसँग स्वर्गराजको ।
तिम्रो छ जीवनको अधिकार स्वर्गविरुद्ध ।
१६ "जलबिन्दु जो मिल्छ सिन्धुमा सहर्ष अमर ।
जो सदस्य प्रशस्यतासँग जातिमा, अमर ।
जो नंगा बन्दछ तारा शून्यमा सदा, अमर ।
अमर ती जो तनुका सब त्रासबाट विमुक्त,
अमर, अमर शहीद– अमर सब वीर,
आत्मा चिन्ने सदा अमर । तर, मर, न अमर ।
ती जो काँप्दछन् रंगीन बुदबुद झैं तटमा
प्रतिझोकामा समुद्री हावाको । ती न अमर
जो जान्दैनन् यो अग्नि-स्फुलिंग– यो अक्षरबीज !
अमर साहसी, कातर न अमर, डर मर,
निडर अमर, अमर सब जो मर्दछन् जिउन,
जिउन अमर, अमर अचल, अडग स्वतत्त्वमा ।
न अमर ती जो हावासाथ बहन्छन् बेकार,
अमर सच्चा मानव । कच्चाचाहिँ न अरर ।
अमरत्व चिन आफ्नो ए मानव– क्रान्ति गर ।
तिमिरसँग संघर्ष अमर । निद्रा मर ।
१७ "उज्यालोले जित्ने छ संसार, न अँध्यारोले ।
जड राजा होइन यसको स्पन्दनशील
सचेत अक्षर यसको सम्राट्, ज्वाला राजा ।
ज्वाला रानी । नत्र प्रलय । सुनसान । नामेट ।
अन्धकारको महागह्वरमा एक जीव,
एकलासमा, ज्योति विलासी मानव ! चिरिन्न,
चुँडिन्न, भिजाइन्न, दहन्न, सुनसान हुन्न,
नरहन्न त्यो अक्षर धन्य ! निर्दैन्य, करसैन्य ।
त्यही होऊ तिमीहरू मानव । अधिकंपित
अग्रसर बन यस धूसर दिवसमा जिउन,
मृत्युसँग खेल्नु छ कुस्ती आज हाँक, हाँक हे,
नत्र खाला ह्वांग्रांग, अँध्यारो झाँगबाट उफ्री,

थोप्ले चितुवाको ढुकनीले । पछुताउ बेकार
काँचका लोचन ली पस्नेली जालीदार, निर्जीव ।
यो रणथल हो । यो संग्राम भूमि । यो अखाडा ।
यो होइन हरियो मरुथलको सुस्ती शय्या,
यो पृथिवी । रणको दिवस उदय, रणको अन्त !
लोहित संसारको आदिकाल, अरुण अस्त,
१८ "सड्दो मलको कोरादार भवनमा खडा
हेर, यो हरिको बिरुवा जलधुवा, शिशु,
जरा-नंग्रा बटारी डरसँग पृथिवी पक्रँदो
प्रभंजनले भयभीत । यसको स्थावर प्राण
चौस्, चौस् जप्दछ । अमृत घामका लागि,
विकासशील उपरैतिर फैली । सब दिशा
मरकत । मुकुल-कोमल शिशु सुकर
फैलाई जीवनेच्छु यो माग्दछ अमृत-हावा,
घाम, घाम, हावा । तर प्रतिदिवस नहल्ली,
च्युतित्रस्त यो, वायु व्यायाममा बढ्ला ?
बढ्ला के संगठित तनु, लौह मशल बन्न ?
आँधीका पथमा छ कीलित यो जीवन,
अमृत भावी, मृत्युछाय गगनमनि, प्यासी,
करुण देवका आँसुहरूको । तर यसलाई
चाहिन्छ गति, चाहिन्छ संचालन प्रतिदिन,
यसनिमित्त कि यो बढोस् कुलिश-काय
हाँकी शतवर्षको स्वरूप, शत सेता दाह्रा
तीव्र, तीव्र छन् जसका । मानवहो, कर्म्म गर,
१९ "सुरेन्द्र स्वर्गका, मानव–असहन लाल छन्,
क्षितिजमा आगन्तुक आँधीको आँखासदृश ।
चौस् जसबाट उनले लिए नाम जिउस,
जो उनको सिंहासन, आज छ प्रकुपित
झंझाका इंगितमा, तिमीहरूउपर कुर्लन्छन्,
क्रुद्ध जब तक पविको लाल धंकीले त्रस्त,
गिरिगह्वर, क्षमा-प्रार्थक उनसँग डरले
गर्गरिन्छन् पहरो गएझैं...दूर, दूरतक
श्रव्य यहाँ, तर क्रोधीसँग अन्धो, क्रोधी बन ।
हाँकलाई हाँक हाँकले, डाँकलाई डाँकले ।

सत्य छ तिम्रो पक्ष । प्रमिथस तिम्रो मित्र ।
२० "मानिस एक तारा हो आफ्नो, अन्धकारमा ।
एक, अकेला, काफी, अन्तरिक्षमा आफ्नो ।
आफ्नो जगत्को स्रष्टा । आफ्नो जगत्को मालिक ।
एक, अकेला योद्धा । आफ्नो प्रकाश, आफ्नो मार्ग ।
विचारहरू उसका किरण-केन्द्र ज्योतिर्मय
आफै ऊ, मानिस । यिनै किरणको सब सिर्जना ।
यिनै किरणको उसको साम्राज्य, जगत्मा ।
सानो सूर्य हो मानिस, सानो जगत् प्रकाश ।
अपोलो हिरण्मयार्कको प्रभातसंगीत ।
सुवर्ण तंत्रीमा, घन पर्दाको पछाडि, वेधित,
सुर-संगति हो अमृतको । त्यो अमृतको
संगीत फुर्दछ अन्तस्तलमा विश्वविशुद्ध
आफ्नो स्वर पाओ हे धराचरहो, मानव !
पाओ आफ्नो संगीत जसका स्वर, स्वरमा
निहित सपनाहरू, झंकृत, हाल्लान् जरा धरामा,
कलापुष्प-परिणाम, स्वर्ग दोस्रो वसुन्धरा
बन्लिन्, शून्यमनि–प्रोज्ज्वल नर-साम्राज्य ।
२१ "ढुंगो जब फ्याँक्छौं बेलहर उरमा सरको
सरसर सर्पी खलबल जल बाटुलो लहर
फैलिन्छ तीरतक बारबार त्यहाँ बिलाउन
छलछल, छलछल, प्रश्नशील– "के भयो ?" भनी
त्यो त्रासतरल पदार्थ । त्यसरी जिउसको
क्रूर, ध्वंसक शपथको फेंकले नरजाति-
हृदय छ काँप्दो बारबार, अस्थिर–लाचार ।
तर के सक्तैनौ शक्तिशाली जल तिमीहरू
प्लावन-पूर्ण साम्राज्य जिउसको, कटु चोटमा ?
बुझ आफ्नो शक्ति रे जलदृग जातिहो, बिउँझ ।
२२ "तर नडराओ नर, म छु तिम्रो आत्मीय ।
म सत्यवर्म्म म अग्राख घामपानीको, प्रमिथस ।
अन्ध क्रोधको अरि म । म अन्याय-असहन ।
म दृढतत्त्व । म बुझ्दछु दीनबन्धुको महत्त्व ।
म हुँ घाम ओसाएकाको । म हुँ पानी सुकेकाको ।
म क्लान्तको जून । म सुषुप्तको हुँ जागृति ।

म स्वप्न अस्वप्नको । म मलम आर्तहरूको ।
म निराशाको आशा । म अमित्रको एक मित्र ।
म दत्त । म चढेको वेदीमा तिम्रो । म चरू ।
म तिम्रो अगुवा । तिम्रो सेवक । म तिमी, तिमी ।
म स्वत्वहीन, म सकल मानव । म न मै ।
नांगो तारा, सेतो राप म- मानव, विश्वास गर
परम मित्रमा तिम्रो । द्यौविरुद्ध उठ सारा
किनकि आकाशमा छ दानव मानवको– राजा
२३ "शत जीवन नौका एक अयुत प्राणीलाई
एक अपोलो प्राण । एक धराको उद्धारक ।
संऊ, बिउँझी, प्रमिथस– तिम्रो सामु खडा यहाँ ।
यो मैन बलेको छ– प्रमिथस केवल ज्वाला हो !
वेदना तीव्रले विभिन्न उसको उरमा निडर
मृत्युंजयी भावनाले लाएकी छ नीड सुचिर ।
मानव उसको देवता भएको छ, सुपूज्य ।
उसको सेवा प्राण । शंका छ भने छाया कैं
मानवहो, आओ पाषाणाशस्त्र, छेड यो छाती,
रक्त-चुसाहा नोकले काँढि । मर्न नरनिमित्त
मेरो स्वर्ग, मेरो जीवन । अभिप्राय सफल
मेरो, अमरत्वको विलासी वर तिरस्कार !
धिक् ती इन्द्रिय नाम पशुका हरिया चारा,
धिक. स्वर्ग जो मानवताबाट विमुख छ आज !
धिक् त्यो देवत्व जसमा दीप्ति छैन नर-निमित्त,
यौटा मार्ग-प्रदर्शन ! धिक् संगीत, नृत्य, वाद्य
बैंस हरा फूलरंगा चाँदनी छिरबिर वनमा !
धिक् शौकको नाम दिवौकसको ! धिक् त्यसलाई
जो पिउँदछ, नाच्दछ, चुंदछ, चुट्की बजाउँछ !
नूपुर-लठुवा, मदमस्त शक्तिमान् चौपायाकन
बेश्रृंग धिक् त्यो अमित सौन्दर्यकी खानी,
नित युवति रानी भीनसको सुडोल डालको
पुत्र, नंगा मदनदेव क्यूपिडलाई सपक्ष !
जसको अन्धो साम्राज्य, आज छ संसार दूषित–
दुष्ट देवको दुःशासनले दुर्दान्त नितान्त ।
२४ मेरो आगो सेतो छ, बेराग, बौद्धिक, सुन्दर ।

आकाशसँग सम-कालीन– तिमिरारि !
टिप यो आगो...नर्कटका मुरलीको धकधक !
बाल चिराँक बलवाको– मानवहो, क्रान्ति गर !
२५ "मर्न जन्मेनौ तिमीहरू, जिउन, जिउन,
जिउन जन्म्यौ । यी अंग हुन् रिपुबलका व्यंग्य
कर्म्म जित्दछ– भाग्य जसका अन्ध प्रदानमा
लाचार बनी रुन्छौ, आत्मबल गरी सदा खारेज ।
ए ! भ्रमबाट उठ...उक्ल कुइरोको परतिर ।
त्रास अज्ञान हो । ज्ञान हो शान्ति...निर्भयता ।
मर्दैनौं भनी जानी उठ । नत्र तिमीहरू
मर्छौ, वनस्पति झैं छ-प्रासका, पहेंलपात सब ।
ढुक्क गरी मुटु चल सत्यमार्गमा, हे देही ।
को जित्ने तिम्रो हृदय-राज्य असत्ले यहाँ ?
को दंने अदम, जो आफू छ अधम सबमाथि ।
के बादल जिए त्रिकाल ? के कुलिशले पाल्यो
यी पल्लव-सुन्दरी वसुन्धरा नित्य ? बिजुली
नाच्छे विलासिनी चौकी–अन्धकारमा, जगत्को
आँखामा भई फूटो रवाफ, अन्धकारले
फोर्न नजर दोब्बर ! यो फूट शान हो, यो फूट,
यो माथिको इन्द्रजाल सब– यी त्रास, यी आस,
खोक्रा मोहनीहरूले सिँगार्दछन् सिंहासन
छकाउन ए मानव ईश्वरको । नाम भयो
अब माकुरजाल, माकुरजाल, माकुरजाल !
आत्मा जगाऊ, आत्मा जगाऊ, जगाऊ आत्मा !
त्यही सत्पथमा ईश्वर, त्यही विश्व-सम्राट् !
२६ "बिरुवा– अन्धा छन्– तर ती भज्छन् प्रकाश, प्रकाश ।
के तिमीहरू दृगसम्पन्न नर लुक्छौ तममा ?
ओ मूर्खता, तँ आफूले आफू नबुझ्ने रोग ।
जल्, हो भस्म, तेरो चिताको आगो ज्ञान ।
शून्यमा छ सर्वस्व । खाली छ धनी । खाली धनी ।
लिने गरीब छन् । दिने कुबेर देव छन्, क्रोसस ।
दे मानव सर्वस्व लिनलाई तेरो ।
२७ "के गर्ला त्यो देवराजले मलाई आखिर ?
जो मूर्ख क्रोधको जरोले छ बेहोश, अन्ध ।
त्योभन्दा म सबल, त्यो भीषण बडवानल,

त्यो खहरे...म शान्त विपिन-प्रसून प्रचुर।
म महासागर जो पचाउँछ अनलराशि,
प्रशान्त, बेतूफान, क्रोध अस्वस्थ देवत्व हो।
क्रोधले मर्छन् अमर... अक्रोधले जिउँछन् नित्य
दयाले बलिया हुन्छन्। कोमलताका करले
भेट्टाउँछन् कुलिश, अस्वाभाविक त्यो च्याँठ
अधर्म्म हो, अमर्म्म हो, अकर्म हो सुरको।
नादान जिउसको कराओ पतन, महापतन!
क्रान्ति अमर होस्, क्रान्ति अमर, क्रान्ति अमर।
चिच्याओ, नदबाओ स्वर, आत्माको त्यो सार।
बोल सय, बोल हजार, बोल पारावार,
क्रान्ति अमर, अमर क्रान्ति, क्रान्ति अमर।
२८ "ठोक् ए, पिटिऊँ–सुनको तवक झलझलझल।
घोट् ए–मसिनिऊँ–लोहाधार असल
पिस् रे आगो जो छ सुतेको झिलझिलझिल।
काट् रे बनुँला अटूट, फार् रे बनुँला अफार,
छाती उधार्–हीरा देखाउँला जग-दृगमा
पानीदार, अबल, झलझल। जा लैजा कारा
तारा चंकेला, छंकेला दृगहीन निशामा कर।
भर् तुषार प्रवासको उरमा सेतो भालू ध्रौव।
वसन्तमा उम्रेलान्, रोपिरहेका बीज अमर।
धर् धर् कुत्ता स्वर्गको। धर्, धर्, धर्, धरधर
धरा छन् जसका शासनमा, मानवमाता,
जल्दी उरमा हरहर हरहर, रे कुत्ता धर्, धर
२९ "तैंले दिएका दंड आनन्द...शूलहरू फूल।
जति झर्छस्, उति उक्लौंला। जति हान्छस्, उति सूक्ष्म।
आह शहीदको शौक, मौत वीरको घोर मजा!
अन्धकारमा हीरा बने कोयला, थिचिई।
तेरा अत्याचारहरू हाम्रा सुनखानी, हीराखानी।
निस्पट्ट अन्धकारमा पढ्नेछौं वीरका अक्षर।
अबारलाई बार् ए पागल, अनिवार निवार् शठ।
ए कालो चट्टान! चूर, चूर हुनेछस् एक दिन,
सागर सागरका झपेटाले, चटलट, करकर,
सूर्यानलले खाने छ तेरो लौह शासन, चर्र।
बोल हो मानव, झरोस्, झरोस्, गिरोस्। जिउस् धौको।

३० "सुन् ए जिउस स्वर्गको, मेरो महामरुसिद्धान्त,
सुनसान मेरो निकेतन । एकान्त जहान मेरा ।
निमिटान्न धन । अस्थि-खंड चूर मेरो स्वरूप ।
धकधक मेरो जोश, हृदय केन्द्रमा पानी ।
कंटकमय मेरो श्वास । बुलबुलको आत्मा ।
दूर, दूर मेरो क्रन्दन...छाती बिछाई भुइँमा
कल्प, कल्प मेरो तपस्या स्वतत्त्वमा, स्वर्गराज ।
३१ "निमिटान्न डर–निमिटान्न आस–निमिटान्न
सर्वस्व नरसेवामा–सुनसान मेरो साथी ।
अमित्र काराकोठरीभित्र पवित्र रहुँला
तेजोमय मानवमित्र, डरलाई जितें मैले ।
डर भनेको चीसो, हरियो शाद्वलकंपन,
पृथिवीका रौंका त्रास, अणु, अणु मेरा अभय,
आफ्नो अस्तित्वउपरको त्यो क्षीन संदेह जितें ।
डर तबतक जबतक जीवन-सरिता नबुझी
तीरमा उभिई काँप्छ मूर्ख, प्रत्येक धारमा,
वेगदार, डुबिसकेको मानव सागरमा,
निसास्सिन्न, निसास्सिन्न, म हुँ सागर-पौडाहा ।
म अगाध-डुबुल्की-मार, म सदा तयार, तयार,
तयार उड्न, तयार बुड्न, तयार गुड्न, होस्
जुन दिशा, जहाँ म आँधी उडाउँछु पैयाँमा,
तयार छु काटिन, माटिन, फाटिन, लाटिन
माटामा ट्वाङ्ट्वाङ्ती तीन टाउको थापी तयार,
सुइरिन, रोपिन, शूलिन, घोचिन, सब तयार ।
कीलिन, कुल्चिइन, लौह पयरमा लहू हुन,
तयार, तयार छ यो प्रमिथस, जाँचिन
विश्वपरीक्षामा, विश्वखलीमा, विश्ववल्लीमा,
जिई, मरी, मरी, जिई, प्रमिथस, छ तयार
धूलिन सुन्निन जनताको निमित्त सदा ।
'मानवता' स्वर्णाक्षरमा अंकित, अमेट,
हेर यो टाइटन उरलाई चिरेर चरक्क,
सेवा मानवको मेरो मेवा–अरू गरल ।
३२ "शान्ति सडल हो वस्तु– भ्रान्तिकी महारानी ।
क्रान्ति क्रान्ति हो, क्रान्ति, त्यो पोखरी बेस्रोत ।
पानी-कैद, क्याउमती, लमखुट्टाकी जननी,

कीट-प्रचुर यो खोलो—फलफल, चंचल,
बेरोक शहदार, ध्वनिदार, लाचारी, दीना,
जोशकी काली विधुवा रुन्छे बेकार भुइँमा ।
सबलता हो जीवनश्री, नसा-नसामा कर्म्मजोश
अस्तित्वको आफ्नो अडग होश, आ कालहाँका
क्रान्ति, प्रेयसी, आ ज्वाला प्यारी, आ प्राणदायिनी
सिर्जी नव संसार एक स्वप्नज्वालाको जादूमा ।
जाग् रे मानव, मानव जाग् रे, जाग् रे मनु ।
यही मेरो जागा मंत्र ।
३३ "असुन्दरको सहन
अन्धता आँखाको, मुटुको मुर्दापन—मगजको
महान्यूनता... साहसको अभाव, नीतिको नामेट,
विकासको त्यो बेहोशी—त्यो आत्माको मूर्च्छापन,
धिक् आँखा ती जो बलवा गर्दैनन् त्यसदेखि,
काँचका पुतली धिक् ती धूँधाकान धिक् छाती त्यो
जो चटचटिँदैन त्यसलाई निभाउन, सुन्दर,
सुन्दरका लागि । भयले असुन्दर—स्वीकार
गर्न लगाउँछ अनुशासितमा—लटमुखा, शिलान्ध ।
म सुन्दर हुँ-सुन्दरको स्वरूप—असुन्दरता
मेरो हो विपरीत नक्षत्र, उल्टो ध्रुव, पाताल ।
म आत्मा जस्तो सुन्दर छु उस्तै चाहन्छु सुन्दर
संसार, कर्म्म, परिस्थिति, प्रबन्ध... विकास
आफ्नो औ अरूको, मानवहो, सुन्दर भज ।
बन सुन्दर, गर सुन्दर, मिल सुन्दरसाथ ।
३४ "यही फिल्को हो नव-सभ्यताको दावानल
दनदन, दनदन, धकधक, शुष्क पत्रको
चरुचर्वण यसको, पहेँलपात विचार,
यही ज्वालामा हुन्छन् विलीन, मूर्ख युगका सब,
कीरा सडलपडलका मर्छन् यहीँ—निकंबा ।
सब विषझार । कँटिला असुन्दर प्रकृतिझार ।
यसमा जली प्रकृति, यो जली आत्मा, मानिस
बन्दछ अन्धकारफार समय-विजेता तारा,
जिउसविरुद्ध उठ हे मानवहो सारा,
यही हो स्वर्गको आगो । यही आत्माको अमृतचारा ।"

•

## षष्ठ सर्ग

१ यति उच्चारण गरी मानवमित्र प्रमिथसले
प्रदर्शन गरे अग्नि-स्फुलिंगको झिलमिल,
खोक्रो निगालोको नलीमा त्यो चम्क्यो जसरी
नागमणि चम्कन्छ अँध्यारामा, धराका स्नायुमा,
झल्ल उज्याली अधोधरा प्रदेश, नागराजको,
अथवा जसरी मृत्युका राजा, प्लुटो नामक,
जसले चाउरीवाली माता सिरीज पृथिवीको,
नागयानका उडान-समयमा मौका पारी
धरातनया प्रोसर्पिना प्यारीलाई पुष्पलुब्धा
लुटे, अमितसुन्दरी, इच्छाविरुद्ध– अनि बाँधे
एक अनारको रातो रसदार दानाले प्रेमसूत्रमा,
छ मास बस्न आफूसँग मणिरत्न समुज्ज्वल
असौर संसारमा आफ्नो– मृत्युका राजा, प्लुटो
जसरी, अतिधनी, अनर्क जगत्मा विलास-प्रकोष्ठ
असाधारण मणिले पार्छन् झकझक, झकझक,
त्यसरी त्यो निगालामा चम्क्यो– नील निशाको
उरमा तिमिरमय तारासरि– सेतो रंगिलो
धप्पधप्प, त्यो अग्निकणी, आँखा खाने कर क्षेपक।
२ त्यो विचित्र कबूल झैं झल्क्यो झलझल धरामा,
प्रथम वार अवतरित-निशामा उडुछवि झैं
विशाल संभावनाको अनलकणी त्यो चम्क्यो,
उद्दीप्त कविको मुटुचुचुरो झैं। मानसवह्नि
तपस्वीको सदृश, वीरहरूको जोशसरि,
शहीदहरूको भावसरि! सित राप प्राथमिक,
वह्नि-विन्दु सृष्टिको उदयको झैं सुनसानमा

भीषण शक्ति-संयुक्त-देवताको आत्मासरि ।
हेरे मानवहरूले त्यो चमत्कृत, प्रशंसाले,
केवल अन्दाजी त्यसको स्वभाव !... सहर्ष !
३ स्वर्गको आगो, त्यो भीषण, हितकर पदार्थ,
जो पकड-पार थियो मानवको अङ्कसम्म–
त्यो सेतो दृश्य गरम औ चक्षु- आक्रामक
ज्योति, जो अनगिन ताराहरूमा दुगुर्थ्यो,
आँखाका परेलासरि, झिमझिम, चमचम !
त्यो धकधक पदार्थ जो अविज्ञात, अपोलोको
ओज थियो, जीवनदाता, वनस्पति-प्रिय,
जसले बादलको बाक्लो वारक झाडी छेडी
ल्याउँथ्यो दिन-नाशपछाडि सृजन नयाँ,
उघारी नयाँ जन्मँदो विश्वको अरुण दृग ।
त्यो आगो जो कहिले, कहिले महारण्यमा
स्वर्गको धूपको चर्को छूतले सल्कन्थ्यो दनदन
भीषण, महाभीषण... जो नास्दछ सब, जिलाउँछ
४ सारा ! त्यो आगो, त्यो ज्योति-क्षेपक, त्यो चमत्कार
मुख बाए कसैले त्यहाँ– कसैले हेरे वाल्ल ।
कोही भयभीत भई सोधे– खाँदैन यसले ?
बनलाई डढेलोले झैं मानवजाति समस्त ?"
प्रमिथसले दिए प्रत्युत्तर : खान्छ, खिलाउँछ,
पाल्दछ, फाल्दछ, सोच्दछ, पोस्दछ यो आगो ।
यही संसारको सृष्टिबीच ! यही संसार-
प्रभक्षक, यो पिता, यो काल, यो मित्र, यो अरि ।
सदुपयोगको सहायक, दुरुपयोगको
ध्वंसक यो आगो ! यो भीषण तत्त्व, यो स्वर्गमा
नक्षत्रको पोशाक, आकाशको संपोषक !
देवहरूको देवत्व, यसमा मृत्यु अमृतको
संयोग ! दूर पूर्वमा यसलाई मानी देवदूत
पूजा गर्छन्– यही नभई देवमा हुन्न अन्न
शक्ति, ओज, साम्राज्य ! यही आलिम्पस पर्वतको
उदरदरीको धकधक ! यो सृष्टिको प्रभात !
यो शक्ति, यो सभ्यता, यो सर्वस्व, यसलाई
राम्ररी चिन मानवहो ! यसबाट हुन्न विनाश,

परिचयपछि यो हा अमृत यो अनन्तशक्ति !"
५ प्रमिथसले तब त्यस अग्निकणीले बाले
प्रथम दीपशिखा संसारमा- चमत्कृतिपूर्ण ।
सल्लोको दिनभर मरमर गर्ने हरित
सियापातहरूको झुप्पाले सुन्दर रूखको–
पर्वतपाद निम्मगाउपरको, जलानुकरण
ध्वनिले मुखरित वृक्षको खोटोदार चोइटो
प्रस्तरशस्त्रले चिरी, दियालो बाले सुन्दर ।
नीलो, नीलो पहिले त्यो ज्वाला झ्वाल्ल, बल्यो, दीप्त,
हल्किँदै, झुल्केपछि, अस्थिर झुलझुल ! मानो
पृथिवी औ पृथिवीका प्रवात उसको निमित्त
थिएनन् स्थिरताका स्थान ! तर पृथिवी हाँसिन्,
मधुर मन्दस्मिता निशीथिनीमा दूरतक !
एक पातलो उज्यालो माधुर्य फैलियो वन,
झाँग, बूटा, चट्टान, गुफाभर-उद्दीपक,
आकार-प्रदर्शक, सुन्दर ! मानो रातमा,
सानो मधुरो सूर्य उदायो वसुन्धरामा,
अथवा उनको एक अंग झरेझैं, रमणीय !
अहा, अहा, त्यो चमचम ! अहा, अहा, त्यो झुल्ल ।
कालो सुनसानले हाऱ्यो त्यसको भेदक शिखा
सामु, त्रस्त, दूरपलायनशील ! तारा झैं
पृथिवीको सतहमा रातो त्यो शिखा नाच्यो
कति राम्रो झुलझुल, फुलफुल, चमचम
नाच, हृदयाह्लादक ! मानव जाति सहर्ष
हेर्न लाग्यो त्यो विचित्र ज्योति अप्सरा चंचल !
६ यो प्रथम आविष्कार दीपशिखाको सुन्दर,
आविष्कारहरूकी भई जननी, नव नजर !
अँध्यारो चट्टान-कोठरी चम्किउठ्यो सुन्दर,
सानो स्वर्गसमान सुदीप्त– मानिसका मुख
कति राम्रा देखिए अब ! आपस, आपसमा
प्रेम बढी परस्पर मुग्ध मानव युवक, युवति,
लागे प्रशंसन आकार, वर्ण, मिठास, हिसी ।
अनि लागे नाच्न उठी सीङ सिँगारी फूलले,
फलको हाँगो बोकी लटरम्म, गुहामा सुन्दर;

चिल्लापाते लहराहरूको झुम्कादार कम्मरबन्दी–
लाई लाल गाल मसकदार मुस्कुरीवाला,
लच्की, लजिली, लुफ्तदार-ललित नृत्य-लोल
भावान्दोलित अंग हिलाई खिलखिल, चमचम !
मसरी गाए तिनले मधुर प्रकाशमा प्रथम
प्रमिथसीय प्रदीपको पवन प्रचंचल, चमचम !
भाषामा अर्द्धस्फुटित जसका सुन्दर गेडा,
हाम्रा शब्दहरूभन्दा औपन्यासिक, अत्यर्थ,
संकेत थिए झुल्किदा भाव, भावका उद्दीपित ।
७ "परम परम थेओ ।
परम परम थेओ ।
हेल्लिल्लिल्लिल्ली,
हेल्लिल्लिल्लिल्ली !
ओह, मिरावीली ! ओह, मिरावीली !
फ्लिकर, फ्लिकर, हेलिओस् ! हेल्लिल्लिल्लिल्ली !
लुस, लुस, लुमिनोस, लुसन्त लुसन्त द्यौस् !
लुस, लुस, जिया, हेल्लिल्लिल्लिल्ली !
हेल्लिल्लिल्लिल्ली !
भाक् ओ, लोक् ओ, आन्थोस् इग्नियस् !
स्फुर, स्फुर, मरमरे, हेल्लिल्लिल्लिल्ली !
हेल्लिल्लिल्लिल्ली !
हेलेना, हेलेना, हेल्लिल्लिल्लिल्ली !
८ यसरी दीपशिखा लासको उल्लास गाउँदै
वर्वरध्वनिमा सुन्दर, तिनले खुशियाली
खूब-मनाए गह्वरहरूमा त्यस रात "धन्य,
धन्य !" भन्दथे ती प्रमिथस, परमदेवको ।
अनि क्यासहरू बाली हेरे, शुष्क झार, पात,
मीठो न्यानो आयो लुगलुग सेतो रातमा, अहा !
कति दनदन, कति दनदन, रमरम !
अनि पोले, पकाए मासु काँचो, कति मीठो !
अहा, क्या बुलन्द स्वाद, तब न मृगमांस
मृगमांस ! ओह, सब चीजमा आयो अमृत !
अमृतको स्वाद ! त्यो अग्निभित्र छिपेको, क्या स्वाद,
बुलन्द ! तब न आगो, तब न ज्वाला, चमत्कार !

९ तब एक चंचले मानवले प्रेरणप्रधान
एक समात्यो अगुल्टो, छाम्न अग्निको शक्ति !
च्वाम्म चुम्यो चर्म्म आगोले भीषणजिह्व,
रातो लपलप, चरचर ! डाम्यो, डाम्यो कोमलमांस
सोला दी, पोली । उफ्र्यो भयानक त्यो, चितुवा झैं,
मृत्युस्वरूप गोमनले ठुँगेझैं– घनघोर ।
बुर्लुक्क, बुर्लुक्क ! भीषण करायो गह्वर थर्काई ।
प्रमिथस आई हेरे– लगाइदिए बूटी, पहिले
सेकाउन लगाई त्यही आगोमा–नमाने पनि,
जबर्दस्त ! अनि उनको शीतल उपचारले
संतुष्ट त्यो पस्र्यो पाउमा प्रश्न गरी "के गर्छु
आज रातमा, बाई मुख आकाशतिर ?"
"मर्दैनस्" भने उनले । "यो गोमन, अजिंगर,
विषधर होइन आगो– तँलाई हुन्छ निको भोलि ।"
सब छक्क परे ! के गजब, त्यसरी डसिएपछि,
त्यसरी उफ्रेपछि दुःखले कसरी बाँच्दछ
त्यो दुईखुट्टे भाइ ?..." आश्वासित त्यो सुत्न गयो,
स्याउलाहरूमा फूलदार आशादार कृतज्ञ ।
१० यसरी ती महादेव भए मानवका प्रिय,
अतिप्रिय, अतिशय प्रिय प्रथम युगमा !
अनि मानिस लाग्यो इशारामा नाच्न, सत्वर,
आशयमा लाग्यो दगुर्न देव अघि, भयहीन
हुनगो उनको अतिमानव छायामा, बल्यो
आश्वासित मानवजातिमा, चमत्कारद्वारा
चकाचौंध, एक भीषण क्रान्तिको हुताशन
स्वर्गविरुद्ध ! लागे नारा लाउन मानिसहरू
"जिउसको पतन, महापतन ! परम थेओस"
(किनकि प्रमिथसलाई यसरी संबोधन
गर्थे मानिस–"अमर रहून् सदा सुपूज्य !")

X X X

त्यही छ ठोस... अरू सब अल्पस पर्वतका तुषार
अल्पसमय शिखरोद्भासी, पछि विलीन !
३३ "किन देखिन्न त्यो जगत्को चतुर कर्म्मी यहाँ ?
किन छन् यहाँ द्रव्यगुण जस्ता यी पाइन्छन् ?

किन, के कारण अल्प छ जीवन हाम्रो ?
यी विषय कल्पना र विवेकका बहाड हुन् ।
तर ठोस वस्तु हो आत्मा, जो मर्दैन ।
आत्माउपर होला अर्को परमात्मा पनि ।
होओस् या नहोओस् हामीलाई तर
छैन अति परवाह ! आत्मा, एक अक्षर तत्त्व,
यही छ प्रशस्त, प्रशस्त, हो, मानवहो !
तिमीहरू मर्नेछैनौ– मर्नेछैनौ– मर्दैनौ ।
३४ "तिम्रो जाति छ अरु स्वर्गको तानाशाहीले
घन्किइरहेको महाप्रलयले, महाप्रलयले !
तर त्यो जिउस तानाशाही पनि हो तिमीजस्तै
केवल आत्मा...अमरहरू जो असल गर्दछन्
बन्दछन् देवहरू, जो गर्दछन् खराब, दानव ।
त्यो स्वर्गको राजा जसले ध्वंसन शपथ्यो
तिमीहरूकन त्यो होइन देवता तिम्रो
मुस्तेद बन संग्राम गर्न ए मानव ! त्यस सँगमा
छाती बनाऊ पत्थर अब हड्डी बनाऊ वज्र ।
उसको कुलिश पनि हो आफ्नो पुजारीको हाड ।
स्वर्गविरुद्ध गन बलवा... होओ सब क्रान्तिकार !
अन्यायअगाडि झुक्नु होइन मानवहो !
महावीरता, महाविकास ! अन्याय हटाऊ,
मूलोच्छेदन गर त्यसको, जो तिमीउपर
गर्दछ महाक्रूरताको निन्दनीय व्यवहार !
लड, लड, संघर्ष गर, गर आत्मनिर्णय !...
३५ "स्वर्ग छ आज बदलीदार...क्रूर, प्रकुपित
उफ्र, उफ्र मानवहो ! लात देओ त्यो घनमा ।
आत्मनिर्णयको अधिकार छ तिम्रो सदा
स्वर्ग विरुद्ध पनि । मानव, नहोओ हताश ।
नंगा आत्मा निस्केला सत्यप्रकाश तारासरि
धपधप कुनै कुनामा यस विश्व गगनको,
यदि भौतिक रणमा तिमीहरू हुनेछौ मानव
सर्वस्व-वञ्चित ! सत्य छ, सत्य छ विजयी
सब संसारमा, सब कालमा, सब अवकाशमा
मानव !

३६ "छैन यो अक्षर हामीमा भन्नेछौ कोही
हताश सदाका लागि ! त्यस्तै हवस् तापनि मानव,
प्रकृतिको ऋणस्वरूप अहार्य तिराइमा
यो जीवन चाँडो तिरिए के भो तिमीलाई ?
खूब खराब मृत्यु हो ! मानव, खराबको शिखर ।
त्यही नचढी कसको जानु छ उसपारि ?
यंत्र भए टुटौला चकनाचूर, कर्म्म गरीकन,
मंत्र भए उठौला चढबढ चमत्कृतिसँग ।
तर असत्यमा छ हार मानव, सत्यमा छ जीत ।
किनकि छ असत्य आत्मविरोध जो आफ्नो
अन्तर-अन्तरको सहिँदो हो नित्यको भस-भस ।
सत्यप्रतिष्ठ बन । तानाशाही स्वर्गविरुद्ध
हामी गरौंला महाविजयी सत्य संघर्ष ।
सत्य नै हो महाबल, महामंत्र मानव !
३७ "अनंत शक्तिमान् सत्यका छन् शीर्ष सहस्र,
सहस्रवाद ! अयुत बदनले बोल्दछ उसले
हृद्देशको एक कणीमा त्यो विराट् स्वरूप
अन्तःस्थित हुन्छ– एक सच्चाइमा झिलिक्क !
विश्वव्यापक उही छ, उही मुटुको नसा मानवको ।
उसैको छ आखिरमा स्वर्गको सिंहासन ।
ऊ छ अक्षर, अमर मानव । हामी डगाऔंला
सत्यले असत्यको राज । सत्य हो हीरा
जो कटकट काट्दछ इन्द्रजाल तिमिरको
निशामा भयंकरी...ताराज्योतिसमान ।
शान्त ढुकढुकुर ध्वनि उसको प्रतिक्षण जित्दछ
उग्रता सब विकृत रूपका । निडर होऊ मानव !
३८ "उग्रा, झंझाकेशिनी, अनलेक्षिणी चंडी झैं
गर्जेली प्रकुपिता प्रकृति– महासागर झैं
प्रभंजन-प्रहारले वीचि वीचि दोलयमान !
भूकंपी उसको गतिलाई एक जादूले
महासत्यको शम्नेछ एकै क्षणमा प्रशान्त ।
३९ "तब डराउला मायाशस्त्र जिउस इन्द्रजाली
उच्च स्वर्गको, अभ्रपार ! त्यो क्रूर शक्तिविश्वासी
अनैतिक आत्माको होला अन्त महापतन ।

सत्यको होला शासन अड्डा तब संसारमा ।
भज्ला सारा दुनियाँ छँदै तब सत्यज्योति
विद्युत्समान विलसित प्रमिथसको मुहारको ।
४० "कम्पकारी अत्याचार शस्त्राधिरूढ
क्रूर स्वर्गको, चार पयरमा टेकीकन
खाला जब कँटीला घाँस पछुताउका
ताजा ताजा तब बेपींध खाल्टोले
मुख बाउला अगाध निल्न जिउसको शक्ति ।
चर्म्मचक्षुले अन्ध, दुर्बलताले निर्दयी,
जिउस गिर्ला, नक्कली शानको स्वर्गाऽधिराज,
आफ्ना अन्तरका आत्मविरोधहरूले पतित ।
मानव, हामी छौं सत्यपक्षमा । नडराओ मानव !
४१ "जब झंझामा पहेंलो पट्टी झैं सत्य आँधीले
बढारिँदो लाचार जिउस गिर्ला तल, तल,
विस्मृतिकी वैतरणीले निल्ली उसलाई ।
ऊ होला तब 'लेथी' नदीवार एक छाया झैं ।
मानवलाई शासन गर्नेछैन पशुशक्तिले तब ।
आशावादी बन मानवहो, तिम्रो छ महाविजय
तिम्रो सत्यपक्षमा म प्रमिथस छु जिउसविरुद्ध" ।
४२ यसरी प्रमिथसले संबोधित मानव-जाति
उत्तेजित बन्यो प्रतिक्षण, प्रतिक्षण बसे
अलिकुल संकुल घार झैं मानव-घर, नगर,
सलिल किनाराहरूमा, अति उब्जनीदार
शहर-थोप्ली धरातल बन्यो रमणीय,
प्रतिदिन समुन्नत, प्रगतिशीत मानवले
गऱ्यो सहस्रमुखी समुन्नति । कृषि, वाणिज्य बढे ।
आढ्य भयो जनसंघ आशावादी सभ्यता
बन्दी प्रति उज्याली धनी बनी ।
४३ तब हेरे क्रूर जिउसले, उच्च स्वर्गबाट
मानवको पृथिवीमा तरखर ! नवजागृत
मनुष्य-निर्माणशील, नव सभ्यता रच्यो ।
दिन दिन प्रगतिशील पुरुष बन्दो, देवसमान,
देखी त्यसकन जिउसले महाक्रोध गरे
प्रमिथसको जसले यसलाई बनायो यति उन्नत ।

उनका भौंमा आँधी चढे क्रूर, उनी बोले,
"मेरो नवजाति निर्माणको उच्च स्वप्न
सब ध्वस्त गऱ्यो यस राकस प्रमिथसले !
त्यो निन्दनीय जीव, मानवनामा, कीटसम,
जागृत बनाउनामा यसलाई केको चासो ?
देवाधिकार खोज्दछ अब यसले, यो कृमिजीव !
शत, शत धिक्कार, धिक्कार, त्यस प्रमिथसलाई !
४४ "यो कसको बलबा हो ? मेरो इच्छाविरुद्ध
त्यही अभागी प्रमिथसको ! त्यसले दियो
मानवलाई चोरीकन आगो । त्यो बदमाश आगोचोर !
त्यो मानवको नाइके, त्यो न्यूनजीवको साखो
याद पाउला अब मेरो महाक्रोधको गति !
त्यो भेडागोठालो मान्छेको, त्यो वानरको
पुच्छरशस्त्र, त्यो प्रमिथस ! त्यो पनि मेरो बागी ?
शतचूर, शतचूर गराउँला पाजीको शीर्ष !
४५ "सर्व-शक्तिशाली म स्वर्गमा, निष्कंटक मेरो
यो स्वर्गको सिंहासन ! अयुत सुरहरू यहाँ
कंपायमान थरथर पर्खन्छन् मेरो अकाट्य
देवेच्छा और देववचन ! साहस हुन्छ यहाँ कसको,
एक कदम चल्न पनि म विरुद्ध ? मेरा इशारामा
कोटि, कोटि असि फ्लकन्छन् बिजुली झैं नभमा ।
त्यसको कत्रो मुटु हो यो ? कत्रो अपूर्व साहस ?
सर्वशक्तिसम्पन्न जिउस मसँग गर्न विरोध ?"
४६ तडित्त्वरित इच्छा हुन्छन् जिउस देवका,
अभ्रघोष गर्जन महास्वर्गमा घनघोर;
झंझाक्रोधी तिनको श्वास, श्वासले गर्दछ
शतचूर संसार, संसार समीपमा रहन्छन्
बलदेव क्राटोस, तथा शक्तिदेव बिथा
भयंकर दुवै मूर्ति ती, सिंहासनका अगल; बगल,
तावेदार रहन्छन् देवराजका प्रबल इच्छामा ।
४७ तब क्रुद्ध जिउस सुरेन्द्रले, स्वर्गका
यी दुईलाई अह्राए वारिवाह घोषले :
"जाओ तिमीहरू दुवै, जाओ शीघ्र, शीघ्र
बोलाउन जाओ ! के हेरिरहन्छौ यहाँ ?

जाओ बोलाउन हेफिस्टस अग्निदेवलाई,
सर्वदेवमा महाप्रबल... त्यो मानवमित्र,
त्यो दुष्ट प्रमिथसलाई दंड छ दिनु आज ।"
४८ आए तब अल्प समयमै माणिक गात्र
महातेजी देवबीच अतिप्रबल, हेफिस्टस ।
ती थिए प्रबलगात्र अरुणजिह्व अनल,
साकार ! देवराजअगाडि आईकन पसे
बोले, "प्रभुको कुन प्रबल इच्छाको प्रेरण ?"
४९ क्रोधाग्निले देदीप्यमान युगललोचन
महादेव जिउसका धप्के धपधप, धपधप ।
अभ्रघोष बोले हेफिस्टसप्रति, उच्च नादमा,
"जाऊ हुताशन देव, मेरो महाक्रोध
प्रदर्शन गर त्यस बागी प्रमिथसउपर,
जसले मानव-साम्राज्य खडा गर्न ताकि-
रहेछ संसारमा, मेरो उच्च इच्छाको विरुद्ध !
५० "जाऊ क्रोधान्ध बनी अनलदेव, सल्काऊ
त्यो स्वर्गको बागी मानवनायक प्रमिथस
महामूर्खलाई पृथिवीमा ! त्यसकन कैद गर,
जाऊ, ककचाऊ, शिथियाको महामरुमा लैजाऊ
बाँध चट्टानमा त्यो पटमूर्खलाई ! त्यो उल्लू,
त्यो स्वर्गको अनलचोर शठ प्रमिथसलाई !
बाँध फलामका जंजीरले, जकडी जबर्दस्त ।
अनि देखाओस् महामूर्ख त्यो मेरो अनादर !
५१ "मानवलाई, पृथिवीको त्यो कृमि, कीटलाई
दुर्बल दया गैरकानूनी गर्न प्रदर्शन
नाक नभएको त्यो नकच्चरो प्रमिथस !
नाजुकउपर कहाँ देवको प्रेम ? सहानुभूति कहाँ ?
के देवता दुर्बलका पछि लागी खोज्छन्
विश्वका सकल वीरहरू ? त्यो कस्तो मूर्ख !
भुसुनालाई विकास्न ! कृमिलाई दिन अधिकार ।
स्वर्गको आगोको चोरी भयो मानवनिमित्त ।
तर त्यो चोर, देव भए पनि थाहा पाउला
नारकीय दंड, अमरत्वको नित्य उपहास,
जाऊ, हेफिस्टस, बाँध बाँध त्यो बदमाश

प्रथम शठ प्रमिथसलाई लौह जंजीरले
बाँध ।"

५२ आकाशभर बादल छाए त्यस बेला,
उग्र भयो मेघनाद– मानवजाति कंपायमान,
उल्काका अनेक शंकाले दिनरात सभाक्रान्त
देख्न लाग्यो अनेक दारुण सपना, अकथनीय !
जब हेफिस्टस अग्निदेव, नतशिर जिउसअगि,
ओर्ले पृथिवीतिर बादलमा राख्न महा आज्ञा ।

५३ शायद प्रमिथसको जस्तै बदमाशीले विह्वल
स्वर्गाधिराजहरूका क्रोधानलमा शतचूर
यो कलेजाफार अग्निचोर प्रवृत्तिले दुष्ट
नित्य विफल नित्योद्योगीले आत्मा मानव
देवकोटीय । अरु चाहन्छस् अनेकानेक
दुष्ट, दुष्ट असहन-सहन संसारमा क्रूर ?
एकछिन पर्खी, सुस्ता अब ए लेखनीहस्त !
विचार गर, यस विशाल संग्राममा
प्रकाशनिमित्त यस मानव-संसारमा,
तँ चूर, चूर जीवनको अग्रसरण अरु
तेतो महाप्रलय नहोला ? के तँ पनि होस् प्रमिथस ?
हा, एक महानिशामा एक जूनकीरी पिलपिल !

•

## सप्तम सर्ग

१ ककेसस पर्वतमालाका शिखरहरू
आकाशमा बुट्टा काट्छन् क्षितिजका अलंकार ।
दक्षिणदेखि उठीकन उत्तर-पश्चिमतिर
अग्लिन्छिन् मेदिनी, निकट छ समुद्रकिनार ।
स्वर्गको नीलो चदरको लर्किंदो किनार झैं
बुट्टादार, बनपुष्पसुन्दर पर्वतश्रेणी
गाढा रंगमा, बादल थोप्ली बराबर बन्दछ,
कन्याङ्कुरुङका बथानहरूको उत्तर
आरोहण भूमिझैं रमणीय ।
२ ती पर्वत छन्
दोसाँधसमान दुई संस्कृतिका, दुई देशका,
प्राकृत सुन्दर दीवार । ती पत्थरिला चट्टान !
ठाउँ ठाउँमा ती नांगा छन् जलकटा प्रस्तर
शस्यशून्य झैं केवल ! विजुलीद्वारा युगयुगका
शतव्रण ! योद्धा झैं, प्रबल प्रभंजन रिपु,
नांगा गौरवमा खडा तर अधिकांश भाग
विपिन विभूषित श्यामल परिधान-सुन्दर !
३ गोधूली बनहरू गिरि-आरोहण-शील
शीतल चढ्छन् स्तर, स्तर हजार हात,
पशुका निविडनिवास, विहगोग्दीयमान !
अयुतदल मरमरले शीतल स्थल त्यो
प्रसून प्रचुर छ ! वल्लीहरूको जेलमेल !
एक हरित साम्राज्य ! बांगाटिंगा वृक्षहरू
विहगवास छन् सहस्रसंख्य, विस्तीर्णकर !
४ त्यस हरियो एकलासमा मानव बदलाई

अझतक अविदित, आज चार मूर्तिहरू
गोचर हुन्छन् महाविजनमा भयंकर !
एक छन् प्रमिथस टाइटान् महावीर !
उच्च ललाट छ उनको, अलिकति बदलीमा
ओजदार तर ओफेलदार ! अग्ला छन् अरूभन्दा
बलका प्रबल एक अकेला धरहरासरि !
अविजेय मुहारका प्रमिथस, टाइटान् प्रमिथस !
जंजीरहरूले जकडी अंग-अंग आज बनेका
गह्रुँगा पदपदमा, जिउस क्रूरका कैदी !
हतकडीले, त्यो देशभक्तको जो हो शृंगार,
तेजी बाहुको अवरोध, ती छन् सम्बद्ध !
बादल भुराले जिस्क्याइएका ग्रीष्म दिवाकर–
सदृश प्रतापवदन तिनी अनकंटारमा
श्यामल शस्यमा चल्छन् मूक, अविचलित !
महापुरुषझैं जीवनको प्रतीक्षित खतरामा !
५ क्राटोस महाबलदेवका बाहुले खस्रा
छरिएका ती प्रमिथस चल्दछन् वनमा,
जस्तो कुनै महाप्रतापी नृपति, कुनै युगको,
पतित अन्तमा दुष्टका दुश्मनी जालले,
घसिंगर विपक्षी सिपाहीहरूका हातमा
धकेलिन्छ बेइज्जतीसाथ कैदखानातिर;
उ चल्दछ महाओज, देवतासदृश घमंडी,
नूर नगिराई आफ्नो निन्दायुक्त नजर,
तल्लो ओठ गर्वी हुकुमको अलि लेप्र्याई;
भयविजयी, मृत्युसामना गर्न तयार;
जब आफूले हप्काइएका क्षुद्र जीवहरू,
कोही रुँदै, कोही खिज्याई, पछि लाग्दछन्
जेलखानाको खडखडा ढुंगे पथमा,
जसका खडखडले पांग्राहरू बग्गीका
थरथर गर्दा ऊ हप्काउँथ्यो बग्गी-सवार ।
त्यसरी चले प्रमिथस विषम पथमा वनको,
सब कंटकाकीर्ण; जहाँ तपतप शीतदार
दलहरू रुन्थे, तथा हाँस्दथे सून ।
६ दिव्य कालीगढ हेफिस्टस, अनलदेव,

आफ्ना कलाका हतियार लिई धारिला
पार्श्वमा छन् खडा । उनका करमा छन्
फलामे अंकुश, जसले चतुर ढंगसँग
जकडिनेछन् युग, युग वीर ती प्रमिथस ।
७ क्राटोसमा करुणा छैन । क्रूर, क्रूर छन् नजर
उनका, बिलकुल दयाहीन ! ती शक्ति-सिद्धान्तीको
कडा छ दिल, हृदय कठोर ! ढीँडे अफिसर जैँ
मालिक पुजारी ती अन्ध छन्, न्यायविचारविहीन
केवल प्रभुआज्ञा-पालन उनको धर्म्म छ,
मर्म्महीन जस्तो गर्दछ यंत्रले लोहनिर्म्मित ।
८ तर हेफिस्टस अनलदेवको मुहार छ कोमल
उनको अन्त:करणमा लाग्दछ एउटा किरकिर ।
न्यायविहीन जिउस-देवको यो शक्ति-प्रदर्शन
भयंकर, शक्त्यन्ध क्रूर ! के एक देवले अर्कोमा
शक्ति प्रदर्शन गर्नु यसरी लायक हो कर्म्म ?
चूली चढेपछि सब गिज्याउन खोज्छन् अरूलाई ।
केवल शक्तिको अन्धमात यो ! यसमा न्याय कहाँ ?
९ त्यस्ता शतमुखी प्रतिभा, गम्भीर ज्ञानवान्,
परोपकारमा अनुरक्त, त्यस्ता लोकप्रशस्य महावीर ।
उच्चादर्शी प्रमिथसलाई यसरी अन्यायमा
अन्धो वज्र चड्करिएझैँ शिखरउपर
केवल उच्चताको प्रतिकारी ! ...जिउस चड्कनु
दुष्ट सम्राट् स्वर्गका ती नीतिपथमा थिएनन् ।
स्वेच्छा नीति बनाउनु, चकनाचूर गराउन
आफूभन्दा तल रहेकालाई, एक झूठो ज्वर हो
प्रदर्शनाभिलाषी क्रूर, झूठ नृपहरूको !
१० यस्ता विचार गरीकन कोमल-वदन हेफिस्टस
प्रमिथसको तुषार-ओजी तर अभ्रछाय
ललाट उच्चमा हेरी, करुण, करुण भए ।
अन्यायदलित महापुरुषत्वउपर
न्यायाधीशहरू स्वर्गका जसरी हेर्ने गर्छन्
चुकचुकाई भित्र, भित्र यस वसुन्धरामा ।
११ देखी हेफिस्टसको करुण मनोवृत्ति दुर्बल,
तथा एक बदलीदार लापर्वाही हुकुमको,

झटोस, कडा, जंगी, बोले कर्कशनादमा
ऊर्की, फर्की; "ए करुणाले किन कमजोर ?
कमजोर किन अग्निदेव, तपाईं यसरी आज ?
अभियुक्तउपर करुणा देखाउनु हो
आत्महत्या आफ्नो ! जिउस, ती देवेन्द्रराज
मालिक हाम्रा स्वर्गका, सर्वदर्शी लोचन,
देख्दैनन् के यहाँसम्म तल ? अनलदेव !
डराउनुहोस् तिनका भ्रूका भयंकर झञ्झाअघि ।
बन्नुहोस् होशियार, कर्तव्यशील, प्रबलमना !
हच्किन्छन् दुर्बल आत्मा यसरी, अविश्वासी !
यो करुणाभूमि होइन, यो ककेससको पार्श्व !
यो हो पालनभूमि, यो भयंकर दंडक्षेत्र ।"
१२ यसरी डाँटिदा अग्निदेव हेफिस्टस ती
आर्द्रनजर भए । अर्द्धावरुद्ध स्वरमा
गर्छन् ती प्रमिथस महावीरको संबोधन:
"ए बुद्धिमान् थेमिसपुत्र ! ए महावीर,
गभीरमना, अनन्त सहनशील, तपाईं,
दु:ख सहन मुस्तेद, सत्य निम्ति, युगयुगतक !
अब यो बाँझो चट्टानमा वज्राहत
चीसो प्रस्तरमा अजङ, परिधान-शून्य
तपाईं बाँधिनुहुन्छ ओह, अफसोस, अफसोस !
गोप्नै पऱ्यो मैले तपाईंलाई ए महावीर,
कोमल गात्रमा महातीक्ष्ण शस्त्रले मेरा,
यस अनकंटार निर्जनमा अनेक युग
असहाय, अकेला, हृदय-वेधित तपाईंले
बस्नुपर्नेछ ! ओह, अफसोस, अफसोस !
निराश फैँ हुनेछ यो नैश महासुनसान ।
मानवध्वनिको मधुर संगीत सुनिनेछैन ।
मानव-पुष्प हुनेछ दृष्टिपार, यो महामरुमा ।
सूर्यानल तर हेलिओसले सतत दग्ध
उम्लेला तप्त रुधिर बेदनामय बेकार !
खहऱ्याउँछ अब ग्रीष्मले आतपवर्षी, अफसोस !
तुषारले खानेछ कोमल कलेवर तपाईंको, प्रमिथस,
प्रसूनसमान ! अनेक भीषण वा धमीला युग

मन्द पयरमा च्याँठदार, चल्नेछन्,
ढीला, ढीला, शीशाको बोफासरी होला आकाश !
तिम्रो एक, अकेला, एकलासी आत्मा, लासझैं
छुटकाराको राह नदेखी रहला अभागी, अफसोस !
तिम्रो मोचकले अझ देखेको छैन दिवसप्रकाश !
भविष्यगर्भमा छ प्रमिथस ! अफसोस,
उफ्, कति लामो अभाग, अमरत्वको दीर्घ
उपहास वेदनामय प्रमिथस ! अफसोस !"
१३ वेदनाले विदीर्ण हृदयले हेफिस्टसले
गरे सुरेन्द्रको आज्ञाको प्रतिपालन त्यहाँ
त्यस अनकंटार निर्जनमा घन बजे
खँदिला ध्वनिमा टङ्टङ् ! समुद्री चरा
उडे नीडबाट, सशंक चिरकालीन शान्ति
बनी भंग मृगहरू दौडन लागे यताउता
कडरंग, कडरंग ! चट्टानभेदी लौह कील
घनप्रहारद्वारा जडदार घुस्यो चट्टानमा
फलामे पाताले तब कसिए प्रमिथसका
विशाल बाहु वज्रकडा एक लौह चुकुल
उरकेन्द्रमा उनको ठोकियो । छेडी चट्टान
त्यो चुकुल अडग घुस्यो प्रस्तर अन्तरमा
घनका कडा ठोकरले उत्पीडित ती
मासुदार मनुष्यरूप, शरीरधारी रोए ।
१४ तर अमरदेव ती न मर्न सक्थे कदापि ।
केवल पीडा अनुभव गर्दथे घनघोर
मर्त्यहरू मृत्युदशनले हुन्छन् जगमुक्त ।
अमरहरू तर भोग्छन् मृत्युदशन बारबार ।
मर्दैनन् ती मृत्यु-चोटले केवल, केवल अनुभव गर्दछन्
मृत्युको तीक्ष्ण दशन प्रतिक्षण, प्रतिक्षण !
१५ लौह जंजीरले बद्ध
काट्दछ कटकट कंबर कटु वेदना ।
जकडिएको छ लौह कडीले पयर
अविचल ! बीच-बीचमा हेफिस्टस देव
करुण नजर लिई अड्छन्– घनहस्त ती–
सुस्केरा साथ, सहानुभूतिले कातर !

एक विजोगको दृश्य भयो त्यो महानिर्जनमा ।
१६ तर क्राटोस कडा ! निर्दय छ, निर्दय क्रूर !
प्रस्तर-उर त्यो पुरुष विचित्र करुणाहीन,
हाँस्दछ प्रमिथसका मुखका विकृतरेखा–
लाई गिज्याई– गर्दै उपहास भयंकर !
भयंकर उपहास त्यस दीन दशामा दारुण !
के विचित्रता यो कोहीमा ? पैशाचिकता !
उपहासशौक शृगालको मृतक-मांसका
रेखा-रेखाउपर ! केवल भावशून्यता
एकदम खरी ! प्रत्युत्तरको निस्पष्ट अभाव !
उल्टो क्रिया मानसिक अतिविकृत !
हाँस्दछ ब्वाँसो अन्तरा फरेकी गौउपर
त्यस्तै हाँस्यो क्रूर, क्रूर त्यो क्राटोस,
जस्तो हाँस्छन् प्रबल बेदनाका क्षणमा
रोटीदास स्थूल मस्तिष्क, पाल्तू पशु,
कुनै अत्याचारी भूपतिका अन्यायको
विजोगदार शिकारमा सन्तहरूको !
१७ प्रत्येक चुकुल, कब्जा, कीला, काँटा
गऱ्यो क्राटोसले स्वागत, बेदनाका सबधार ।
विजय-ध्वनि नाद्यो समुच्च गगनमा,
अतिप्रसन्न त्यसले बारबार ! त्यो क्रूर !
ढीडे सेवकजस्तो रोटीतृप्त अन्यायको,
अन्धो मालिक-पुजारी ! हड्डी-हड्डीका ध्वनिमा
गर्थ्यो प्रसन्न ! यस्ता हुन्छन् सामान्य स्वभावमा
पालिएका आत्माहीन महदार हात चटुवा सब,
मृत हृदयहरू ! मासु हुन्छ शिला तिनका
मुटुमा, यसरी बोल्यो बलविश्वासी नीच त्यो
महावीर प्रमिथस सामु, पैशाचिक ध्वनिका
कराल:
१८ "चोर, बदमाश, राजद्रोही, तँ नीच,
पागल प्रमिथस ! अब हेर् तेरो पातालपतन !
शठहरू महाशक्तिको गर्छन् जगमा विरोध,
यो तेरो दुष्प्रवृत्ति दुष्कर्म्मको उचित, उचित
उपभोग ! जगमा सबभन्दा जनमा नीच

राजद्रोही हो, बुझ् प्रमिथस ! नीच बागी स्वर्गको !
नूरहीन छ तेरो उच्चगर्वको विशाल भाल !
जटिल बन्धनमा जकडिइस् अब स्वेच्छाको
यो भयंकर परिणाम ! ए अदबविनाको
अनागरिक सुरदेशको, चाख् यो अनन्त मजा !
१९ "विधिको विधान विरुद्ध स्वर्गको इच्छाको
बरखिलाफ चल्ने तँ देवको दुश्मन ! हेर्,
हेर् अब विधिको चाल ! ए जिउसको शपथारि
महाप्रतिभा थियो तेरो, तर त्यो छ भयंकर
विकृति-गतिमा अझ अन्धताको अपेक्षा
बिलकूल आत्म-विध्वंसिनी ! तैंले गरिस् अति !
अति स्वतन्त्रता, अति स्वेच्छाचारिता तेरो !
तेरो एकोहोरो दृढतामा अन्धो, लाटो भूत
आरुढ भएथ्यो ! मानिस्, तैंले अरूको उपदेश ?
कहाँ गयो अब गर्व तेरो शतचूर, चूर ?
बोको, बाछो सदृश बलिदान अगाडि
फुरफुर नाची के काम ? ए विशाल अभागी !
२० "विधिविजयी हुँ भन्थिस् । उठ्, सक्छस् भने,
अब किन सक्तैनस् उठ्न तँ रे प्रमिथस ?
उचाल्, उचाल् अझ शिर तेरो, महागर्वी !
सक्तैनस् ? छैन तँमा क्रोध, शरम, तेज ?
खोज् आफ्नो मोचन ए ! मस्तिष्क चतुर !
नत्र तँ युग, युग अनगिन, अनगिन,
रहलास् लाचार चट्टानमा दृढकीलित !
ए रूख, तँ खापा भइस् भयंकर कब्जामा–
तेरा घमंडलाई धिक्कार, धिक्कार शतवार !
लाचार महागर्वी व्यक्तित्व ! एक विशाल खंडहर !
२१ "अब बूढो गोरुको घन-टाउकोको के काम ?
यदि भुसुनाहरू फुंडफुंड नहोच्याऊन् उसलाई ?
अब अनन्त वेदना छ तेरो दाइजो, मूर्ख !
त्यस मूर्खताको जसले कमाई यसलाई !
वर्षाको ए जलतरंग ! ए चट्टानमा चट्टान !
तेरा वज्र अभिप्रायहरू बग्नेछन् धमिला भई,
धमिला, धमिला आँसुमा युगयुग यहीं ।

ए स्वर्गले थिचिएको भुसुनो ! तँ गर् जप,
युग, युग अब जिउसको नाम, नत-शीर्ष !
काकहरू गिज्याउलान् भुर्र पंखमा हाँसेझैं
उडी-उडी तँलाई युग-युग ! ए अमोच्य
अनन्तको कालो कैदी ! तँ गली गली लड्लास्
लाचार महामरुमा डयाङरथांग एक सीनु झैं महान्
चीसा तारा, नक्ली आँसु जस्ता, स्वर्ग भर् भर्
हेर्नेछन् हाँसी चमचम अलग्ग बनी तेरो क्लेश !
चीलहरूको स्वतंत्र उडानको डाहाड गरी
तँ सलिलेक्षण बन्लास् पंखहीन पुरुष
ए दुर्भाग्यको दुर्भाग्य ! उपहास्य ए प्रमिथस !"
२२ रातो रंग चढेसरि भो प्रमिथसको कपोलमा
बारबार ! थिन कटु शब्दका जहरिला आक्षेप
घुट्को, घुट्को निले तर ती महाधीरले,
आखिर आत्मदमनले ओजस्वी, महाप्रशान्त
बोलेनन् ती, जसरी बोल्दैन महाकाशको
समुच्छ्रित नक्षत्र, स्यालहरूका उपहासमा प्रसन्न,
हेय नदीको तीर, सडल-पडलमा प्रसन्न ।
२३ क्राटोसका क्रूर ध्वनिहरू आफैं भए विलीन,
बराबर शब्द त्यो मरुमा वनस्पति देवता
रोए तरतर त्यस निष्ठुर उच्चारणमा
क्षणभर प्रमिथसले चिम्ले विपुल लोचन;
जस्तो ढुक्कुरहरू चिम्लन्छन् व्याधाका करमा
अति– निर्दोषिताले सहन नसके झैं क्रूर
यथार्थको चोट, संसारको मुख देख्न नपर्ने
गरी ईर्ष्याहीन निमीलन युगल दृगको ।
२४ तर जब ती कर्मचारीहरू गए दूर,
तब खोले उनले लोचन, ककेससका
उच्चाऽचलहरू समुद्र किनारनिर
छायादार थिए अपराह्नमा, गरल-दष्ट !
युग युगका आँधी, झरीले थिए चाउरीदार
ती अचल रेखाहरू, दुःखसुखका अनुभवी
तिनउपर नजर डाले अभागी प्रमिथसले ।
२५ ती अचलहरू । स्वर्ग उडानको आशा कुंठित

भएसमान, झञ्झा, तुषार, झरीसँग नित
संघर्षमा सीमित ! अति सुसंगठित
दयामय गात्र भईकन निर्झर, निर्झरदार,
आढ्य दलप्रसूनमय उपकारी भावहरूले,
गरलरंग थिए, मानो थिए जगवेदनाले
दष्ट ती अडग तपस्वी, तारानिकट शृंग ।
२६ दूर, दूर तिनको दक्षिण पश्चिममा वरुण,
नेप्चून अभिधेय महान् जलदेव, पारावार–
साम्राज्य, प्रबल प्रतापी, वीचिदो विशाल
स्थलसीमित थिए गर्जंदा लौह चट्टानमा
सफेन, बारबारको वेला गडगड शब्द
उर्ली एक उग्र चोटमा फर्कन्थ्यो छ्यान्नब्यान्न
हार और छरवर छरवर पराजित जलसैन्य !
युग, युग यसरी स्थलमा जलले गरी
सामयिक आक्रमण, सुस्त, सुस्त अथक
समरका विजयी यव, यव जमीनमा ती
विशाल मत्स्य, कच्छप, जलजन्तु प्रजाका
प्रतिपालक थिए । कहिले होल्सियन-प्रशान्त !
कहिले तूफानमा राजसी महाप्रकोपका
क्षुब्ध, क्षुब्ध ! वीचि-विक्षिप्त ।
२७ तर तिनको जोर
चल्दैनथ्यो ती ककेसस पर्वत-श्रेणीको
लौह प्रस्तर-संगठन विरुद्ध, बहु युग
ती सागरसमेत थिए समीरण सुस्केरा–
संयुक्त, विषादमय ! विफलता कैं विस्तृत,
उनका महाहृदयमा समेत थिए
असुन्दर कंटकमय जलजन्तु, चिन्तासरि,
झ्याउहरूका जेलमेल, झारहरूका झाड !
२८ प्रमिथसले हेरे तब सागर सदृश गगन
व्योमराज ती, ऋतु ऋतु सुवर्ण घन परिधान,
उग्र प्रतापी, दिनकर किरणी, हुन्थे
प्रतिदिन अश्रुपूर्णलोचन अन्धकारमा
मानो एक रहस्यमय विफलता विचित्र
डस्थी अन्तर-हृदय ती व्योमराजको पनि ।

नित्य-प्रकाश थिएन, तिनको पनि महाउर
कीलित थिए गिरि शिखरले मेदिनीमा
ती संसारोपरि सर्वोच्च अन्तरिक्ष सिंहासन ।
२९ तर वेदना, अन्तर-वेदना, अमरकी आँतकी,
नित्य ज्वलिता, मूक वेदना, नियंत्रिता,
सृष्टिसामु एकलासमा लागी बोल्न
आत्माका ध्वनिहरू, चिर भांडारित उरमा
जल थल, वन, गिरि, व्योम-वेधी, वेधी ।
३० "ए नीलिम आकाश । सदा मृत्युत्रासले त्रस्त,
ए नीलो भयको रंग । ए अतट गंभीर ।
नित्य-सीमित वज्रतटहरूले चारोंओर,
ए अस्थिर नित्यभ्रान्त मरुद्देवता !
गन्धवाहहरू सदा विलौनादार, वेदना,
असह्य वेदना, अनुच्चारिता, अनिर्वचनीया,
अतिवेदना मेरी, मेरी, मेरी, चिरसंगिनी !
म पूर्णताको अथक पुजारीको, म सुन्दरताको
एक उपासककी चिर, चिर संगिनी, संगिनी !
३१ वज्रवेधित व्रणयुत ए पर्वतराज,
युग युग रूद्ध, हत, जलले शिल्पित ।
ए इतिहास पुरातन पर्वतहरूका सुज ।
चिर वेदनाका, मानव भूल, देवकापका
युग, युग खडा साक्षीहो ! मूक सदा,
केवल जलदघोषमा प्रत्युन्नादित
तिम्रो अन्तरदाह बोल्दछ पावसमा ।
भन, के यस्तो अनन्त वेदना, अनन्त,
तिमीहरूले देख्यौ युगका प्रगतिमा
शतसहस्र ? बोल ए सतत रुदित नग हो !
पारावार भजेका विलौना-जलका शिर !
३२ ए दिनकर, वसन्त ऋतुका रुधिर-लोचन !
प्रतिदिन, प्रतिदिन तिमिर-संघर्षशील युवा,
प्रतिदिवस निपातित विधिले महोदधिमा,
ए, परिक्रमा गर्ने दुःखमयी पृथिवीको,
अथक युवा, अहिले क्षितिजमा विराजमान
सिन्दूरी पश्चिमी वेला, अनन्त युगका

जोग, विजोगहरूका द्रष्टा, ए सदा ज्वलित !
बोल, बोल, के यो मम अन्तर्वेदना
सहस्र, सहस्र मार्तंडहरूको झैं छैन प्रचंड ?
३३ ए करकर झंझादन्तले ऋतु, ऋतु, चर्वित
महीरुहपति, अनगिन, अनगिन दलका
विक्षुब्ध वेदनाका जलमय क्रन्दन शतवार,
कंटकाऽऽकीर्ण अन्त, एक अनकंटार वन,
ए दावानल ध्वस्त बराबर, बोल, बोल
त्यस वेदनाले ध्वनि जो मानव भाषा
सक्तैन बोल्न यस संसारमा आज,
३४ ए प्रकाश-उपहासित गभीरका विस्तार्य
वाष्पस्रज बादल, आँसुहरूले निर्म्मित,
युग युग रोयौ तिमीहरू बिजुली नागिनी
अनल कलेवरा महती वेदनाले दष्ट,
बरबर, बरबर, ए जलवाहहो ! बोल,
ए आँधीहरूका झपटले चूर, चूर च्यातिई
धरा, धरा, धूजा, धूजा बनी बटारिँदा बराबर
धराधरका शिखरहरूमा, रोई, रोई, बोल,
बोल धराधारित धराधारक जीवहरूको
अन्तर्वेदना यो अनिर्वचनीय मेरो बोल !
३५ अमर वेदना अमरकी, अमर युगकी,
अमृतपथकी वेदना, अधरविनाकी,
अनुच्चार्या, अचिन्तनीया, नित्यढंशिनी,
आज अन्त:करको प्रमिथसकी रानी छ
भुंग्रो अमर, भस-भस जल्ने, अनिर्वाच्य !
एक कलेजाकी चूर धूजामा विराजिता,
शूलहस्ता चंडी उग्र रुधिरवदनी
महावेदना ! ज्वलित प्राणहरूसँग खेल्छे
उपहासकेलि, कौतूहल आह, आहको लिई
ओह, ओह, वेदनी महती, उग्र, उग्र ?
३६ "तुषारशिकार, स्याँठहरूको श्वासभूमि,
असिनाको तारो, ग्रीष्मको चूह्लोसमान,
झंझाझपेटाको चट्टान भित्तिकासदृश म,
म प्रमिथस, दृढ-कीलित यो प्रस्तरमा समुच्च,

असहन सहनेछु सहन नसकी, नसकी ।
क्षण क्षण क्षयशील क्षण, क्षण संवर्द्धित ।
मृत्युको मलम यहाँ छैन मलाई अमर,
मर्दिनँ म, न वेदना मर्छे, मेरी संगिनी !
न मार्न सक्तछे मलाई त्यसले मृत्यु बनी ।
३७ "हाय, मेरो कति अपराध ? के अभियोग ?
केवल, केवल, केवल, मानवप्रेम नीडर !
मानवप्रेमको मेरो अनिर्वचनीय अभिशाप,
अति आत्मविस्मृतिलाई छ रुन् घोर ज्वलन्
जस्तो दारुण तपस्वी दारुलाई शृंगारहीन,
उ महीरुहको जगहितैषी चोइटो करको
मूक ऋतुवेदना, वंचरो खाइ रसहीन
नांगो बलिदैं निन्दनीय लत्याईंदो ल्याइँदो
अग्नि-मन्दिर अगाडि खरानी बनाइन
चुइँचुइँ गर्दै जल्दछ, सुक्खा आँसु निचोरी
केवल उसको अभिशाप मानवहरूको हित !
३८ "राक्षस दुःख मेरो, अजङ, अजङ, अजङ
जंगी, जंगी प्रतिक्षण फुल्दछ महत्त्वचेता,
विशालांग, ओह, बडवानल पीडा मनवनको !
ध्वस्त छ अन्तर सब, आशाको हरितता सब
नष्ट ध्वस्त छ एक खैरो खंडहरमा,
उफ, सूर्य-ज्वलन । उफ् सूर्यज्वलन !
सर्वस्व विदीर्ण ! सर्वकल्पना भस्मसात् ।
तर यस ज्वालामा अमर पुतली देख्दछ
एक आफ्नो अमरत्व, एक अमरत्वको महत्त्व !
३९ "पृथिवीमंडलसरि गहुँगो बन्दछ
शिर मेरो, आकाशसदृश अनलदष्ट
शीशा, शीशा मनको पातलो गुरु बोझ ।
नित्य चिता चिन्तन ! इन्धनसरि सब तन !
अणु, अणु वेधित, विदीर्ण विचारका !
स्फोट, स्फोट वेदनाका प्रतिभाव
विफलताऽकुल प्रतिक्षण, प्रतिक्षण,
एक क्रूर किरकिरी खान्छ अस्थिपंजर
मेरो, रगडी, रगडी । ओह, उरको यो

वज्र-चुकुल । ओह, अनन्त कालकीलित
प्रमिथस !
४० "हा, प्रमिथस ! अनुचित दंडको
शिकार तँ संसारमा, निरपराधिनी मतिको
कुवेर । तानाशाहीको लौहपदले संदलित !
पंख काटिएको देवद्विज ! भसभस, भसभस,
अनगिन, अनगिन अनुच्चारित शुभकामना
लक्ष्य, लक्ष्यको ज्वाला, मूक, मूक, प्रमिथस !
र पिल्सिँदो हितैषी पृथिवी पुत्रहरूको !
निष्क्रियताले अब अगुल्टो फोसिरहन्छे
शक्तिहरूका अन्तरमुखमा तेरो प्रमिथस,
क्रूर विधिले उपहासित ! ए अकेला सहन
क्रूर यातनाको यो ककेससको मरूमा !
४१ "संसारका पाप, असुन्दरता बढार्न सक्ने
टाइटान मन झंझास्वरूप, गह्वरमा
बाँधिएझैं, फुक्न नपाई, पिल्सी जल्दछ
भसभस ! तेरो प्रमिथस, विशाल शक्तिको
विशाल हलचलमा अत्याचार अवरुद्ध
जनताको हृदय झैं अनगिन, अनगिन,
जल्दछ, जल्दछ तेरो दिल ! निष्क्रियताको
शिकार ! उच्चारणको गभीर अभावमा हाय !
ओह, दिवसनिशा, ओह, कालो उज्यालो दुःख !
४२ "ए आशाका भ्वाङ झैं रित्ता खाडीहरू !
ए अस्तित्व-दाहक सान्ध्य अन्धकार !
ए प्रेत पहेँला झोका पर्खिरहेका
वृन्त विस्मृत पत्तीहरू अनगिन !
दश हजार, दश हजार समा तक लामा
यो अनकंटारमा प्रमिथसको कैद !
मुड्की मुड्की नपुंसक छातीमा प्रतिदिन
मोचन महादूर छ, महादूर छ, महादूर !
४३ "हाय, अमर हुनुको चिरकालीन चिच्याहट,
अमर चेतको नित्य ज्वलनको अन्तर्दाह !
अथाह, अगोचर अध्यात्मवेदना अन्तर !
अमेट समय, अमेट स्मृति पुनरावर्तिनी !

हरिया व्रण, हरिया व्रण, हरिया व्रण !
अन्धकारविलीन पर्वतहरू मूर्छामा
आफ्नो अस्तित्वको बस्छन्, रजनीमा ।
त्यो पनि छैन मलाई । म अमर प्रमिथस
अन्धकारमा अझ छु उज्यालो, एक ज्वलन !
हरएक विचार अमर कुरोसरि लाग्दछ
मनमा किरकिर, किरकिर, कडोरबार !
४४ "विजोग भनेको बुझ्नुको, गर्न नसक्नुको
अन्तर ! अन्तर विचार र कर्म्महरूको ।
देख्न सक्नु अपराध छ संसारमा, अरूभन्दा
दूर ! तनभन्दा मनका कण-कण छन् दुःखी ।
बाबियोको दाम्लो पशुको, आत्माको अमर कीलन !
आत्मा अझ छ अभागी अनन्त वेदना-भोगी !
पुष्पहरूको फटाहा हाँसोले प्रसन्न बाहिर
पृथिवी छन् अनल-उदरा गभीर गन्धक-गर्भा !
खोक्रा छाया-सदृश, नकली स्तंभका छन् पर्वत ।
अन्धकार नै शासन गर्दछ दुनियाँ अझतक
निशा, निशा छ दिवस... । जागरण छैन यहाँ ।
सुषुप्त छन् दुनियाँ सारा । सुषुप्त छन् प्रकृति !
४५ "तर हे देवाधिराज, हे अत्याचारी स्वर्गराज,
हे शक्तिमत्त जिउस महादेव, जसका वज्र अघि
अचलमाला काट्छन् मूल, मूलतक, थरथर, गुंजित ।
हे असहन अरू इच्छाको, हे महागर्वी,
तिम्रो क्रोध म कुल्चिन्छु पयरले झार झैं, झार झैं,
भूसको आगो झैं बलवान्, यो क्रोध विकार हो,
यो झूठो आत्म-प्रदर्शन, प्रकृतिको झूठो ज्वर !
तिमी छौ असहन, म छु सहन, तिम्रो उल्टो ।
तिमी छौ महाक्रोधान्ध, म छु अतिशान्तिले
नित्योन्मीलित निर्मल दृग नित्य अडग, शान्त ।
दुश्मनका गुण भावहरू हुन् हाम्रा अवकाश
तिनका पाठ पढीकन हामी हुन्छौं विपरीत–
बल-संयुक्त, तिम्रो अनन्त विलास छ, स्वर्गराज !
मेरो अनन्त वेदना धन । संपद् मेरो पाठ्य क्लेश
तिमी पढ्दैनौ केही स्वर्गमा, म धरामा पढ्दछु,

पढिरहेछु प्रतिक्षण । कुलिश तिम्रो छ महाशस्त्र,
मेरो छ कोमल, अतिकोमल करुणा केवल ।
तिम्रो महागर्वको रवाफ छ, तिम्रो भैरवनाद ।
प्रमिथसको विनयको सुन्दरता छ जगत्मा,
सब सुन्दरताको सुन्दरता । प्रमिथसको मुटुको
ढुक्कुर सानो बोल्दछ सानो स्वर अगाध सत्यको ।
त्यस स्वरले संसार-विजयी बनी लेला सतत
साम्राज्य, समस्तका हृदयमा भविष्यमा
जिउस, ए अत्याचारी । लौह न्याय होइन न्याय ।
न्याय भनेको आँसुभन्दा कडा छ एक चीज,
तर वज्रभन्दा बहुत नरम, विवेकका साथ ।
विवेक राजा हो, तिमी होइनौ, होइनौ तिमी
स्वर्गका रे अधिराज ! विवेकले जित्नेछ तिमीलाई ।
४६ "निहुराउनेछैन म शीर्ष मेरो, जिउस तँ !
कहिल्यै तेरो अगाडि ! म छु न्यायपक्षमा नितान्त ।
तेरो पयर मेरो शिरलायक छैन स्वर्गराज !
जबतक यस निर्दोषिताको सुवर्णताज
झुल्किरहला मेरो उच्च ललाटमा अविनत
जिउस ! तेरा निद्रामा छाया पर्नेछन् अनिष्ट
सपनाका अनेक, अनेक यी वेदनाका मेरा
प्रतिदिन, प्रतिदिन ! अमर, अजेय छ यो प्रमिथस !
अमानुष अत्याचार अघि अविनत शीर्ष
अचलमा अचल ! यस टाइटान् आत्माले कहीँ
मानव-जातिको महाप्रलयलाई गर्नेछैन
राजी, सजिलो स्वीकार ! हे स्वर्गराज ! डरा,
डरा त्यस वेदनाको अतितीव्रताले स्वर्गराज !
जसले चिराचिरा छन् ककेससका नगवर्ग !
४७ "ए अलिम्पस पर्वतको अत्याचारी देवेन्द्र !
घाम फ्याँक्दछन् पालिसदार शस्त्रहरू तेरा,
सेता, धारीला लौहशस्त्र ! अयुत असिले
आशमान बनाई झलझल तेरो अकाटच
हुकुम चल्दछ स्वर्गबाट, पर्वतहरू कम्पी !
बिजुलीझैँ शीघ्रवेग ! तर सहस्र, सहस्र असि
विरुद्ध बनाई व्यायत छाती महावीरको

अवरोधक, प्रमिथस कड्कन्छ तेरो अगाडि
तँ जिउस होस् अन्यायी ! महामानवशत्रु !
एक इशारामा तेरा दुगुर्छन् अयुत सवार
आकाशमा, आज्ञापूरणका निमित्त जहाँ,
एक, अक्केला विजनबद्ध दु:खी आहको
आकुल आह्वानले अड्नेछन् ती आकाशपथमा
अकमक्क एकबार ! आकुल ! वेदना जगविजयी
बिदिर्दछे स्वर्ग जब, वेधी बराबर विबुध-उर !
४८ "म पनि छु अमर ! ए अमर जिउस देवेन्द्र !
सत्य उत्थान हो । असत्य पतन अमरहरूको ।
डर भनेको जानी जानी अमरले गरिएको
अन्यायको हो परिणाम चैतन्य ! म डर्दिनँ !
सहनशीलता नै हो देवताको सच्चा देवत्व,
अमर वेदनामा यो अमरको अमरगुण !
प्रमिथस छ मानव संहार-विरोधी विबुध ।
४९ "दिव्य स्वतंत्रता आउली, सुनौली सुन्दरी,
प्रसन्न-वदनी, अवसर खोजिरहेकी जो छ
अनन्त समयको खंड, खंडलाई बिनी ।
तब सुन्ला स्वर्गको स्वेच्छाचारी देवराज
सुवर्ण युगका दरबाजाको चतुर कब्जा
चुइँचुइँ चलेको आवाज नव प्रभातमा
यस खग्रास ग्रहणमनिका मानवताको ।
५० "ए जिउस जा । कुत्ताहरूलाई बोला सकल
सकल भुस्याहा जगका, रोटीमस्तहरू सब
रातभर नसुत्ने भुकाहा भक्तहरू विषमता-
पुजारीहरू, मलमिठासे मुखका, भृंगहीन,
बांगा पुच्छर हल्लाउनामा बडा चतुर
दुई पयरमा खडा, लातका तपस्वीहरू,
विरोधशून्य ती लुत्याहा, बिग्रेका हुँडारहरू
सबलाई बोला र बना एक नवीन स्वर्ग !
एक नवीन वैकुंठ कुक्कुरहरूको सुवर्णमय
भुवन सजिलो सकल फुत्रे, साधु गरीबमा ।
त्यहाँ गर शासन निष्कंटक ए स्वेच्छाचारी !
न कि यस महासाहसी अतितेजीको उरमा !

५१ "यस प्रमिथसले विश्वप्रेमको महाध्वजा
एक रोज उचाल्नेछ जगत्मा ! ए जिउस, महाक्रूर !
सत्यसिद्धान्तहीन शासक संकुचित दृगले
बिरालोझैं, उलूकझैं नव युगको हेर्ला ज्योति !
अनन्तकाल छ, अनन्तकाल छ, अनन्तकाल ।
एक दिवस उसको गर्भबाट होला प्रसूत ।
जब सशैलसागरा प्रसन्नवदनी वसुन्धरा
पुलकित होलिन् नव प्रातमा सत्य-विजयको
देवसंपद्हरू चहकिला चम्केलान् पृथिवीभर
अहा, वेदना ! उफ, ओह, ओह, महती वेदना !
महान् विचार संकष्ट ! महाभाव जन्मको
उग्र दशन !
५२ "हेर् एक नशामा तेरो अन्धक्रोधको ज्वाला
दुगुरिरहेछ ममा हे क्रूर क्रूर, स्वर्गराज !
तर ममा म प्रमिथसमा छ विदित एक
महागोप्य ! महारहस्य जो तँ जान्दैनस् स्वर्गराज !
त्यसले दिनेछ स्वर्गको अलमस्त उरमा पनि
बराबर सुइरा ! असत्यको राज्यको आयु जो
अल्प गराउँछ त्यो महासत्य तँ जान्दैनस्
देवराज ! समयपटमा अंकित छ तेरो पतन ।
गणित छन् दिन तेरा ! जिउस हे गर्वी, हे क्रोधान्ध !
५३ "सुन हे पर्वत, सुन नाला, सुन सागर,
ज्वालामुखी सुन, सुन हे धरा, आकाश !
मिथ्याको शासक स्वर्गको त्यो जिउस गिर्नेछ,
गिर्नेछ, गिर्नेछ, शतचूर्ण ! सुन भविष्यवाणी !
भविष्यवाणी मेरो ! पुलकित भई सुन हे श्रोतृगण
सारा कुदरतका ! हे भीरु भीरु श्रोतृवर्ग ! तिमीहरू
सुन यत्ति ! यो टाइटान आत्मा-विजयी होला
एक वार ! एक वार अनन्त नीतिको उदार स्थितिमा
गिर्नेछ, गिर्नेछ, गिर्नेछ त्यो क्रूर स्वर्गराज !
एक महागोप्य छ अश्रुत अझ ए गिरिवरहो !
एक महारहस्य ! अझ छैन त्यो उच्चारित जगमा !"
५४ यो टाइटान् आत्माको महाघोष पर्वतगूँजी
सगर्व उठ्यो, महावेदनाको गर्भबाट गभीर ।

काँपे पर्वत, कन्दरा उपत्यका, शृंग, शृंग !
आकाश छायमुहार भयो सहसा । त्रासको लहर
चल्यो विश्वमा एक वार । जस्तो महाक्रान्तिकार
त्रिलोचन एक महाकविको उन्मादित उद्‌गार
अयुत मानवताको उद्वेलित पार्दछ पारावार,
पहिले त्रासले, चकित । अनि जोशले, उत्साहले
एक उष्ण लहरसमान, लोचन, लोचन उत्तेजी ।
हृदय, हृदय धडकाउँदो शीघ्र, शीघ्र स्पन्दनमा !
५५ तब पुलकित अवनी प्रसन्न भइन् त्यहाँ
शस्यरोममा लहलह सरसर ! शीतल प्रवात
नवप्रबुद्ध दक्षिण सागरतटको बल्यो
ओस-आँत, सुशीतल वनदलचलनीद्वारा ।
त्यल्ले मुसाऱ्यो महावीर प्रमिथसको ललाट
वेदनास्वेद चिटचिट ! महान् सागर सहर्ष,
ग्रीष्म अर्कको ज्वलित बिम्ब डुबाई, हाँस्यो,
सिन्दूर छरवर पहिले, अब गोधूली प्रसन्न ।
५६ अनि तारा आइन् सांध्यकालकी सुन्दरी,
गुलाफी बादल कुल्चेकी, स्वर्गाऽवतरिता,
अश्रुवर्तुला, सबभन्दा पहिली आकाशमा,
तीव्र तेजले चमचम ! आइन् ती हेर्न व्योमबाट
त्यस अनकंटार एकलासको महावीर,
प्रस्तरकीलित ! स्वर्गको धंकावट गर्ने
उसको महाललाट हेरी ती मुस्कुरिन् ।
५७ तर ती महावीर, क्षणभरको महाप्रयासले
क्लान्त, अलि लोलाए अब, ललित गोधूली
अघि, अलि सुस्त अनि अन्धकार, राकस झैं
व्यायतास्य वैरियो रूप रंगउपर,
निगलित भए तब ककेससका गिरिरेखा ।
चकमन्न सुनसान शासन गर्न लाग्यो संसार !

•

## अष्टम सर्ग

१ थोप्ले पखेटा भएको कालो पंछीसरि आयो
झन् झन् कालो बन्दै, कालो रात, उसका पंख
फैलिई पृथिवी-मंडलउपर अचल रहे
अचलोपरि ! केवल-चमचम, चमचम
छवि चम्के सुनील छदमा, गगन-मंडलको ।
२ रूप, रंगहरू पसे मिरमिरको नीडमा
प्रकृति उडिन् मन्द समीरणमा शीतल
वृक्ष अचल रहे खडा, विस्तृतकर ती,
आकाशबुट्टे, मिरमिर ! केवल एक दुई दल
चुंबनमा प्रवृत्त अलि प्रेरिन्थे मन्दानिलले ।
अजिन पक्ष उडचो टाँगिएका पखेटामा ।
बाटुल आँखे दिन-सुतुवा भुल्का जाग्यो, टुहुरी ।
३ कालो अगोचर पोशाकमा निद्रादेवी
तारा-लोकहरूबाट गिरिन्, सुस्त पयरमा,
लोचनभित्र पसीकन, नीलिम निवासमा,
ढोका बन्द गरिन्– बुन्न जादूको जाली, सपना ।
पशुसमेत लट्ठ परे उनका टूनाले
बास, बासमा घाँसदार ! वानस्पतवाल,
बराबर तर्सी हावामा झोकाले, सुतिरहे ।
४ नीरव मध्यरातमा, ढुकढुकले विहीन,
सन्नाटाको मुटुलाई चिरी बराबर,
दु:खका आवाज गभीर उठ्थे, दूर दूर-
सम्म बिलायो । चट्टानहरूको कोणमा
पुन: प्रक्षिप्त ती रव सुनिन्थे विचित्र !
मानो प्रेतका रोदनसमान सुनिन्थे ती,

अनन्तकालीन दु:खका गभीर विस्फोट !
५ ध्रुवताराकी युगल संगीको परिक्रमाको
कोण फैलेर गयो । अब कृष्णवसना रजनी
थाकी निद्राले गभीर ढल्किन् पश्चिमतिर ।
चीसो श्वास भयो उनको । शीत समीरण
अलि अलि बिउँझिई पतलाउन लाग्यो
प्रगाढ अन्धकार, मिरमिर, मिरमिर,
कुइरे धुवाँसो छिर्दै आयो पूर्व छिद्रमा ।
रेखा मिरमिर जागे नैश विलयबाट ।
अनि रंग । तब दल पर्से प्रथम सुभावमा ।
अनि शीतमुक्ता चल्पलाए मन्दानिलमा
सिरसिर !
६ अनि रविदेव, नित्य तरुण ती,
लालिमाका अंकमाली अंशुमाली आए
सुकुमार कुमार रश्मिमा सुन्तलारंग !
तब ज्वरपीडित भालदेशमा गरम, अनिद्र
प्रमिथसको एक अलौकिक अमृत
शीतलताले दियो मुसार, प्रथम रश्मिमा ।
७ अलि बौरी ती बोले: "जयदेव अपोलो, रश्मिपति,
सुकुमार, सुन्दर सतत युवा नभचारी !
संगीतविशारद, सुवर्ण वीणाधारी, सुन्दर !
जय लालिमावल्लभ, शिखरारूढ ! तिमिरारि !
सहस्र विहगले उड्डीयमान तरुणतनु !
वीचि-विचालित सिन्दूर उदययशको
सुन्दर तिम्रो ! ए जगत् उद्धारक पतंग !
सिर्ज नव सुन्दरता संसारमा तिमी, कल्पी
नव, नव कला नितनूतन । एक कलापति !
सुन्दर आगमन तिम्रो ! सुन्दर किरण
प्रस्तरमा तर तर प्रतीचीको उरभर प्रोज्ज्वल,
संगीतमय मधुर शीतल कर-प्रपात !
ए कमलिनी-वल्लभ ! लव लव सलिलका
सलील पारी समीरणमा किरण स्फुट
उदीयमान ! सुनतंत्री तरल बजाऊ सहस्र !
संसार अझ असुन्दरमा सुषुप्त छ, सब,

चेतहीन– जगाऊ कुस्वप्नले पीडित मानव !
८ "कला, लयदार तिम्रा कर-प्रहारमा जन्मी,
उम्ली, उम्ली सुवर्ण जोश मधुरोदय-क्षणमा !
सूनसान नभको, मानसपटकैं नामेट,
चित्रिन लाग्यो सुन्दर चेतले नवसृजनको
अंकेय बादल सामग्रीमा, क्षण, क्षण ।
संगीतमा प्रथम संसार बनायौ, स्पन्दनले,
अत्यानन्दित ए गीतिकवि ! लाल रुधिर
सदृश तिम्रो हृदयप्रयास आत्म-प्रकाशनको
फल्को सुन्दर अन्तरिक्षमा ! ए उदित तमोबीर ।
यिन फुल्कामा शिखरका सभ्यता जन्मी,
ए विहगाह्वय ! निमीलित कमलक्रोड
मानवहृदय-गुरुसमान पलपल आतपित
उक्स्यो सुगन्ध-विस्तार ! जय देव अपोलो !
जय, जय, सुन्दरताका साकार स्वरूप समुदित ।
९ "महवीर छौ अकेला, आत्मज्योतिप्रसन्न ।
महानिशासँग कुस्ती खेली विजय सिन्दूर-
सुन्दर शृंगमा समुच्च ! प्रति पतनमा समुत्थित,
अभिनव प्रतापले, ए नित्य देदीप्यमान !
इतिहासज्ञ विश्वका ! सुवर्णशर निसंग,
तमो-रणी ! केवल संगीत, संगीतले सुन्दर,
शिखर दीप-स्रज-समाहत प्रत्यूषाप्रिय,
रचयिता संसारका प्रतिदिन, प्रतिदिन !
तिम्रो प्रथम रश्मि छ शीतल, शीतल !
१० रमरम प्रभातको अभिराम उदयले
मन्दान्दोलित अनिलकणी शीतिला
ओससुगन्धी वनपुष्प सार चोरी चले,
शीतल चार ओर, दलदल आन्दोली
मधुर, मधुर...जललब ललित चिप्ल्यो
इन्द्रेणी चिप्लेटीमा, अल्पायु ललाम !
चुलबुल चिडिया चूँगी चँगी बोले
चंचल फरफर ! फिल्के दूर, दूर शिखर,
प्रथम प्रबुद्ध वकबथान नैनसूकी
पूर्वाभिमुख फर्फरियो मीनताक

पूर्वीय मधुर सुवर्ण सलिलाशयतिर ।
११ ठीक यसै बेला अल्पिरहेको सुन-करमा
मधुर पंखहरू, चिडियाभन्दा गह्रुंगा, चले;
स्पष्टतया सागर-परीहरूका । दूर, दूर
दक्षिण-पश्चिमबाट ती पूर्व-उत्तरगामी
आकाश-मार्ग ! एक झुंड भई ती आए,
विविधराग परिधान प्रभात रश्मिमा
आकाश झन् झन् रंगी स्पष्ट, मनोहर !
१२ एकै क्षण रुस्की प्रमिथस महावीर ती
नव दंडको आशंकाले, अलिकति फर्के
त्यस दिशातिर । समीपवर्ती सुनिए तब
पंखदार परीहरू, पोशाकिएका प्रतिभामय !
अनि तिनको मन, प्रखर-ज्वर-संतप्त,
शीतल भयो । अविदित आशा आई नवोदिता ।
जस्तो साउनमा दीर्घ खडेरीपछि कृषक
देख्दछ सलह राकसका सूर्य-मंडलछादक
झुंडहरू छ्यान्नब्यान्न, नव बादलदलले
श्यामलीकृत गगनमा, प्रगाढ शैलउपर;
ती उत्तराभिमुख, अन्नदैत्यहरू करौंतीला
प्रथम झमटमा झरीकर छितरबितर,
भाग्छन् कताकता जस्तो दु:स्वप्नहरू मानसका
दुखसंतप्त ! अनि मधुररंगी इन्द्रधनुष
आशाको रंगिलो सेतुबन्धन झैं गगनमा
लाग्दछ सुन्दर । त्यस बेला दक्षिणी अनिलपंख
ओसिलो वनचलनीद्वारा संचालित मधुर
बन्दछ जोतपेशाको अनुभवको आनन्द !
१३ आए जलपरीहरू सलिलदृशी कोमला, तन्वी,
सुकुमारवदनी, कान्तकुन्तला मनोहारिणी
समुद्रसुताहरू ! ती थिए सकल पंखदार ।
नेप्चून वरुणदेवका पारदर्शी मधुर नीलिम
सलिल-प्रासादका निवासिनीहरू, चंचल !
हरितकेशी थिए ती, लहलह रेशम सलमल
चमकदार रोमहरूले समाढ्य बान्किला शिर,
तुहिन ललाटमा लरबर अलख पन्साउँदा,

अतिकोमल ओजका, जलअप्सरा अनुपम !
तरल सलिलसम नृत्य-प्रवृत्त कलात्मक
चारु चारु अंग ! कलाचपल कल्लोल कलिका !
सगबग, सगबग, सपनासरि चारु स्वरूप !
कमल कोभी कोमल स्वप्निनलायक उच्चारन
निमित्त अनुचित ! जलबूना अबला ती
कलकल बोल्थे, चिप्ला पेबुलमा बुलबुलजल
सदृश कोमल अति पातला सूचनासुन्दर
माकुरजाली वसनमा रेशमिला शोभित,
जून-जल-बूना सामुद्रिक परी पटहरूसरि !
ती झल्किन्थे नरम रश्मिमा नरम प्रभातको !
१४ ती जलदृशी प्रमिथसका वरिपरि आए
आकाशमार्ग ! स्नेहका स्निग्ध आदर्श स्वरूपझैँ,
आए ती महावीरका चार ओर ककेसस-स्कन्ध
छिरबिर छिरबिर भयो रंगीन जुहारले
चमचम तिनका, अंग अंगका सुन्दर ।
रत्नाकरका बक्सीसहरू रश्मि स्फोट समाढच !
१५ देखी पर्वतकीलित प्रमिथसलाई ती रोए
सुँक्क, सुँक्क, क्रूरताको असहन तिनको
उर उक्साई वेदनाले सहभावमा उल्यो,
बर्बर्र दृग झारी बूँद, बूँद, करूणाका
मृदुल कपोलमा गोल गोल उडे, सुन्दर !
जसरी वज्राहत तनभागमा प्रथम झमट
पावसको श्वासको सहानुभूतिशील
पल्टाउँछ पात, पात बरबर पारी जलकण,
त्यसरी एक सहभाव लहर चल्यो तिनका
जलमय, जलमय उरमा अगोचर !
१६ बोले तब ती सलिल अप्सरा सुन्दरी:
"दूर वरुणप्रासादमा मरमर प्रकोष्ठमा
स्वर्णदीपले झलझल नित्यप्रति और साँझ !
सुन्यौं हामीले दूरश्रव्य हेफिस्टसका धन ।
टङ्कारोसँग चट्किरहेको थियो क्रूर, क्रूर ।
रोयौं हामी ओह, वेदना ! कसरी हेरौं यस्तो ।
१७ "नंगा पयर आयौं; भुली खराउ रत्नजटित ।

तर हेर्नु थियो ह्मामीलाई यो दयनीय
दशा दारुण तपाईंको यहाँ। हाय, दु:खी प्रमिथस।
हृदय छ ह्माम्रो विदीर्ण, शतचूर, शतचूर!
टुक्राहरू थामी क्लेजाका बोलिरहेछौं यहाँ!
आह, दु:खी प्रमिथस! ओह, यो उग्र क्लेश
सहनपार, सहनपार, सहनुहुन्छ कसरी?
ए विधिबद्ध दु:खी प्रमिथस! यस वेदनाले
आकाश दष्ट छ नील, नील, गरलसदृश
सागर गोमन विष नील! नील अचल-माला।
नित आकुल अनिल! अर्द्ध-प्रलयमा दिन!
के उपाय छ आह! तैपनि बोल्नोस् प्रमिथस!"
१८ पर्वताऽहत प्रभंजनका हुइँहुइँ स्वरमा
तब बोले प्रमिथस: "क्रूर, क्रूर देवाधिराज,
अलिम्पस पर्वतमा क्रोधान्ध और क्रोधान्ध,
दश सहस्र संवत्सरतक क्रोधकीलित छन्।
म उपर सर्व कीलन– विजयी, बहिनीहो!
भोग्दछु क्रूर दाह अन्यायका अरूको।
न जिउसकी भाषाले सक्तछे बोल्न दहन त्यो
जो उसको इच्छा हो। म केवल अनुभोगी
बुझ्छु उसको क्रूरताको मात्रा अनिर्वचनीय।
अनन्तवेदनाविजयले प्रतिक्षण सुखी।
म ज्वलित साधु! म पावक पवित्र प्रमिथस!
म उर-चुकुल! म क्लेजाचिरा! म धाँजाशरीर!
गतिहीन छु यस विश्ववेदना प्रगतिमा!
तर भस्मीभूत धातुपिंडसदृश तारा
एक तिमिराच्छन्न निशामा झैं झलझल!"

•

## नवम सर्ग

१ चिरकाल रहे प्रमिथसको पार्श्वमा
सलिलांगिनीहरू, समवेदना प्रकट गरी ।
जलबूनाझैं तिनीहरू जलमय लोचनले
बूँद, बूँद शीतल पारी बसे प्रमिथसको दिल ।
२ वेदना विस्मारक मधुर कथाहरू तिनले
कोमल स्वरमा सुनाए, सुन्दर, सुन्दर–
प्राचीनवीरहरूका विक्रमका मधुर वर्णन,
जसले जिलायो अतीत, अति विक्रमको, दूर,
उत्तेजी अन्तर लोचन । कलम, कलमले
वीरगाथाका, सनसनाहट पैदा गर्ने स्नायुमा,
विस्मृत वर्तमान, छाया सदृश, वैलायो,
छायाजीवन दी भूतका श्रोतृवर्गमा सब,
सुदूर-प्रेषित नील अतीततामा, मिरमिर,
नाडी धड्के, दृग चम्के, मुटुमा धडकन आयो ।
३ मानवं कृति शिखरीय सुन्दरताकी तेजी,
अतिमानव उडानमा, इतिहासकी स्वर्णधूली,
चिर भांडारित प्रिय हृदयमा, कल्पनालंकृता,
हाल्छे जोश नसा, नसामा युग, युग सदा ।
चिच्याट, वेदना, मनतातो सामान्य-जीवनदशा
भुल्दै मानव उक्लन्छ समुच्च कर्म्मको
सुन्दर अन्तरिक्षमा दोहऱ्यावट विक्रमको
रोमांचदार काल्पनिक जीवन अभिनव
जन्माउँछ शब्दशब्दमा सहानुभूतिले
जोशी, झोसी स्नायु स्नायु प्रतिक्षण । उठ्दछ
सुषुप्त देवता मनुज-हृदयको भित्र, भित्र ।

सुकृतीच्छा आधा सफल जाग्छे मानवकी ।
सीमाहरू नाघिन्छन् समयका, अवकाशका
काँध काँध हिँड्दछ आत्मा, प्राचीन वीरहरू
साथ, उच्चाशामा । मानव आफूभन्दा समुच्च
पाउँछ आफूलाई; पाउँछ देवत्वको आस्वादन ।
४ विस्मृत वेदना सपनाजस्ती, वा सावनकी
बादलमालाझैं जलदार विलीन भई नव
कथा-छविमा प्रमिथस महावीरका लोचन
उत्तेजित, नवकान्तियुत, सजोश दुई चम्के ।
५ तब ती जलपरीहरू नाचे झुनझुन नुपुर
भाव, भावमा भंगीमय । अनुसारी अवयव
संचालित बनी लच्के, दिशा दिशामा दोलित,
जसरी प्रवातप्रेरणा पुष्पवनमा गर्दछ काम,
वल्लीहरूका अधविकच मोहनी संचाली ।
६ गाए नृत्य-संगत संगीत मधुर तिनले ।
"आली, आली, लचक मधुर, मृदुलांगिनीहरू ।
वल्ली, वल्ली मृदुल वयसका, बहुल चालमा
चंचल, चंचल ! ए सलिलांगिनि । जलसखि !
कल-कल कल्कलाऊ जल-कल्लोल ललित–
कौमुदी लास्य लयहरू सलिल जीवनका ।
कला-कलित ललित भंगिमा नादसंगत
दर्शाऊ, दर्शाऊ दर्शनीय ! मार मार विजयिनी
विस्मार्य महती वेदना मनको विशाल ।
७ "कला जन्मिन् मार्न भनीकन असुन्दरको
शासन जगत्मा । बिर्साउन पनि क्रूर यथार्थ
अमधुर प्रकृति तथा जीवनको । गगन
धूलीमय जसरी पखाल्दछ ग्रीष्मझरी
निर्मल पारी; निर्मल, संगीतको मधुर
झमटले शिखर प्लावी । अनि ल्याउँछ चाँदनी,
अमृत-चमक जलप्न जगत् हरित निकुंजमा,
त्यसरी झर्छे मधुर स्वर निनादिनी सुकला ।
८ "समयकन खंडी खंड, खंड, बंडी विभाग
स्वरोच्चारणको, मेली गति, उच्च मध्य मंद्र,
संगीतकला तालस्वरसहिता बर्सिन्छे

भावभरी मधुर ! यसको आत्मा अविश्लेष्य
वेदनाले बनेको छ भन्ने जगमा छ विदित ।
तर मलम समान छ व्रण व्रणले रातो
वीरहरूका चोटदार हृदयमा अति प्रिय यो ।
तारालहर सदृश, संगतिमा सुदिव्य
चमचम नाच्दा, संगीतकला स्वर फुरी बोल्छन्
निशामा सूनसान, जललव, जललव झैं चमचम !
९ संतप्त धरामा जलदानासरि शीतल ऋर्छ
संगीतकला, संतप्त हृदयमा । दिव्य मलम
सदृश छ दुःखको हृदयमा । संगीतमा नै
पृथिवी शिल्पिए युग युगका लहरीले
जसका रेखामा करालीदार सलिल चली
निकाल्दछ जल-स्वरमा अन्तर्निहित संगीत ।
संगीत विना संसारमा छ महाप्रलय
संगीत विना कर्कश संघर्ष पृथिवीमा ।
तालदार ग्रहका पदहरू छन् संचालित
स्वर्गिक संगीतमा, संगति छ स्वर्गमा समुच्च ।
१० "स्वरविस्तार हो सब संसार । नामहरूका
ध्वनिलहरी सुन्दर छन् । सुन्दरताको नाडी
हो मधुर संगीत । रूप-रागमा पनि छ संगीत ।
जीवनको मुटुमा छ लय सुन्दर, सुन्दर ।
रुधिरगीतिले दिन्छ जीवनको मधुर जादू ।
११ "स्वर्गमा छ मधुर, मधुर, मादक संगीत
पृथिवीमा गुमेको दूर स्वर्गको अनुहार
छायाचित्र बनाउँछ मधुर, मधुर संगीत ।
१२ "क्षणिक स्वर्ग रच्दछौं हामीहरू प्रमिथस
स्वर-नृत्यमा, सुन्दर, सुन्दर, तिम्रो भालज्वर
शीतल स्पर्शले मन समीरणको हर्छौं हामी
प्रमिथस ! देवहरूको प्रकृति हो आनन्दमय,
संगीतमय, नृत्यमय ! ए महावीर । सुन
महती वेदनालाई विजय गर्दछन् तिनीहरू
स्वर्गिक संगीत-मदिरामा मस्त, निमज्जित ।
१३ "संगीतमा गर्दछन् रचना, सिर्जना सब सुर ।
स्वर प्रस्तारमा स्वप्निल, स्वप्निल मानव सभ्यता

विकसित भई क्रम, क्रमसाथ संसारमा
संगीतमय प्रबन्ध भयो सब सभ्यताको
संगीतमा । मन, तन दुवै भूल ए महावीर !
संगीतका सूचनामा प्रविष्ट तिम्री कल्पना
नव स्पन्दिता पाउली नव सिर्जनकी धूली,
नव निर्माणको, मानव सभ्यताका पथमा ।
१४ "जादूगर्नी स्वर, स्वरकी अतिशय सुन्दरी
अलंकारमयी झिलझिल सब सृजन छविमा
गर्छे नृत्य समयका मंचमा, चित्रण गरी
भित्र भित्र विचित्र संसार । सुन ए महावीर !
यो जो, अनन्त प्रयासी कवि, कलाकारको
प्रतिक्षण मृत्युकी विजयिनी छ अवभासमा !
१५ "लय नै विश्वस्थिति हो... जसले विशुद्ध हृदय
चोर्दछ एक्लासमा, मधुर ताराहरूको संगति,
सिर्जनाको अन्तर्गत एक जादू संगतिको,
गाउँछ उही विश्वमा जादू तान । खोली, खोली,
कुंजी, कुंजी रूप, रागका, प्रबन्धका जगमा ।
एक स्वरटूनाले रच्दछ नव मधुर संसार ।
एक चमत्कार गर्दछ मधुर उच्चारणले ।
डुबाऊ वेदना संगीत-मदिरामा प्रमिथस !
१६ "हामीहरू अबला हौं जलका– हामी जलपरी
हाम्रो छैन संग्रामबल । छैन हाम्रो पुरुषार्थ
तर पीडित आत्मालाई, सुन्दरको पक्षशील,
हामीहरूमा छ वेदनामारक सुन्दर संगीत
हामी रणका व्रणहरूमा मलम लगाउँछौं
हामीहरू विश्ववेदना अलिकति घटाउँछौं ।
हामी कलाकारका मृत्यु, मृत्युमा मधुर, मधुर
पीयूष ल्याउँछौं प्रमिथस !
१७ "ए महावीर ! नवयुगका
महाकलाकार सुन हाम्रो मधुर, मधुर स्वर
वेदनाले स्थगित सिर्जना तिम्री जाग्ली फेर ।
नीरस कल्पना स्मृतिदष्ट उत्तेजित होली
प्रकृति विचेतमा रचनामयी बन्ली फेरि
उल्लसिता, उत्तेजिता, अभिनव सपनामा,

अभिनव वाणीमा मधुर । आउला अब तिमीलाई
विचित्र एक महास्वप्न, एक विशाल भावना,
एक अद्‌भुत भविष्यको चेत, पूर्वदर्शन ।"
१८ महावीरले हेरे नृत्य मधुर । सुने मधुर–
संगीत । वेदना महती बिर्सी आफूकन सारा
विलीन भई सपनाझैं खराब एक क्षण ।
बोले तब ती अत्यानन्दित मधुर संगीतले,
"दोस्रो स्वर्ग छ ध्वनिमा ! सुन्दरी बहिनीहरू !
बन्धन विमोचक आत्माको हो मधुर संगीत ।
महासूनसान रंग्दछ । भर्दछ शून्याकाश ।
शून्यमा पलाउँछन् संसार नवीन, नवीन ।
अविदिततिर देख्दछ चिहाई मानवात्मा
सुन्दर स्वरका सूचनद्वार । खुल्दछ अस्पष्ट ।
भावहरूमा आँखा ल्याउँछ मधुर संगीत ।
उत्तम भाव सहानुभूतिमा प्रतिस्पन्दित
बिउँझन्छन् सुषुप्त, मलाई एक सुन्दर
बोलाउँछ विशाल भविष्यतिर रचना निम्ति,
एक विशाल मानवीय रचना निमित्त, संगीत ।"
१९ तब जलपरीहरूले आह्वान गरे त्यहाँ
देवीहरूको अनेक ! मधुर वन-प्रसूनले,
हरितपत्रले, जलले पर्वतको निर्मल,
मधुर धूपले दीपले फलफूलहरूले,
मंत्रोच्चारणले आमंत्रित देवीहरू आए ।
२० आइन् देवी स्वतंत्रता, पर्वत-निवासिनी तिनी,
थियो सुन्दर हरित रेशमी तिनको परिधान,
फूलहरूका बुट्टाले मनोहर ! स्वतंत्रतादेवी !
फुका थिए केश, भालमा ज्वलन्त थियो ओज ।
चोली थियो नीलो उनको, पार्वत रंग ।
मधुर धारामा सवेग बोलिन् ती ज्यों प्रपात ।
२१ "वज्रहरूसँग ठक्कर खाई बन्छ मधुर स्वर
पृथिवीतर्फ विनय उपकारमुख बादलको ।
शिला, शिलाले आहत सलिलपात, पद, पदमा ।
बोल्दछ झन् झन् मधुर ! मानवहित निमित्त
अवतरित स्रोतमा कडा सवेग, अनियंत्रित,

किन्तु स्रोतशील सलिल बल्दछ शीतल,
शीतल स्वतंत्रताको ध्वनि ! पर्वतीय पार्श्वमा
स्वतंत्रता शिलावरोध– भंजिनी द्रुतगतिमा
झर्छे, झंकारी घनवन, घनवन, बेरोक ।
दल, दलले अयुत उड्डीयमान उच्च विपिनमा
स्वतंत्रताको चल्दछ श्वास, समीरण-स्वरूप ।
पारावार भजीकन चल्दछ नन्द-नदी संगीत
पर्वतीय मेरो, प्रमिथस ! शिल्पी लौह चट्टान ।
२२ "जंजीर-जीवन फ्याँकी खिइएको निकम्मा
मेरो वेदीमा मुक्ति-निमित्त आत्मआहुति
दिन्छ सहर्ष मानव ! स्वतंत्रताको जादूले
विस्मृतदेह, विस्मृत दु:ख, "स्वतंत्रता, स्वतंत्रता !"
नित्योच्चारण गरी, अनलमा बस्न मुस्तेद !
यही आत्मा हो भन्दछ मेरो सुपुत्र ममा शहीद ।
यो अनमोल धुगधुगी धपधप बल्दछ
महानिशामा मानवको, शिरोविन्दुको चाँद !
यसलाई अमृत भनी मृत्यु गर्दछ आलिंगन
प्रसन्न हृदयले मानव ! म स्वतंत्रता प्रमिथस !
२३ "उ हेर ! म देख्दछु दूर, दूर, पूर्वमा ।
एक सुषुप्त संसार जाग्दछ नव ध्वनिमा ।
जंजीरहरूले जकडिएको जोडदार जनता
जाग्दछ नव प्रभातमा, सिन्दूरमय जब,
तिमिर-साँग्लाहरू फुस्काई मृत जगको,
दिनकरले उदीयमान, गर्छन् मेरो प्रातगान ।
२४ "प्रथम रश्मिले जगत मुक्तिको, सुवर्ण-राग
लसिएको शिखर-सामु गद्‌गद हृदय कोही
नव अवभासले मुखरित, उत्तेजित दृग,
सल्काउँछ त्यस फिलिंगोले एक प्रभावित
निद्रा, ऐठनको संसार–मधुर ध्वनिद्वारा !
२५ "प्रथम नवी तिमिर– संघर्षमा दिनकरको
जाग्यो । उड्डीन नव भावनामा नव दिवसको
नव संदेशले संयुक्त त्यो बोल्यो मधुर ।
शिखर, शिखर, भावनाका धप्के चारौं ओर ।
संसार चल्यो नव जागरणको पयरमा

नवदृष्टियुत...उ ! उ ! हेर, भविष्यको समयपटमा !
२६ "कुनै दिवस म ताज पहिराउन आउनेछु
तिम्रो अविनत भालमा प्रमिथस, ए वीर !
मंत्र सुन्दर स्वतंत्रताको सुन जो फ्याँक्दछ
युग-युगको लौह जंजीर; फोर्दछ वज्र कडा
कैद, कैदका पिंजर...जसले सारा संसारमा
एक नव शक्तिको गर्दछ मधुमय संचार !
त्यो यही हो सुन प्रमिथस, ए महावीर !
'अबन्धन बन् ए युग युगको कैदी विहग !
उड्नु छ नवाकाशमा, सुवर्ण-संदेश !"
२७ "स्वतंत्रताको निमित्त सकल धर्म्म, मर्म्म
सकल पूर्व दृष्टि संसारमा, सकल तपस्या।
स्वतंत्रता हो स्वर्ग, यसको अभाव नरक !
तर स्वतंत्रता होइन एक जथाभावी गति ।
न एक बेताल । यो हो मानवताको पूर्णताको
पथको चेत प्रतिक्षण । यो हो आदतहरू उपर
विजय, खराब जो छन्, जो मानवता विकास
पथका विस्तीर्ण जहरिला तीखा काँटा ।
यो मानवताको आत्म-विकासी दृढ समादर ।
यही हो प्राप्यहरूको सुवर्ण शिखर जगमा ।"
२८ तब यति थपिन् स्वतंत्रताले यसपछि ।
"प्रमिथस ! धर्म्महरू यसका नाममा अनेक
सिर्जन हुनेछन् तर ती बहुधा बेर्नेछन्
साँपहरूका फन्काले झैं यसको आत्मालाई ।
अनेक दर्शन निक्लनेछन् यसका नाममा
तर बहुधा रोक्नेछन् यसलाई । आदतहरू,
अदबहरू बनाउनेछ मानव यसनिमित्त
तिनमा पनि लाग्नेछन् समयका खिया ।
सुवर्ण-जंजीर मेरो रोक्नेछैन कसैको गति ।
तर ती मानव-जाति जान्नेछैनन् युग, युग
कुन बेला सुवर्ण-लौह बन्यो बोझ ।
केवल सद्भावना, सत्कामना, सुन्दरताको चेत
मात्र छ स्वतंत्रताको युग, युगको सहायक एक !"
२९ यति उच्चारण गरी विलाइन् स्वतंत्रता

संगीतामंत्रित सुन्दरी, मधुर छायामा ।
अनि आशादेवी आइन् खुसखुसाउन
मधुर स्वरको संदेश प्रमिथस श्रवणमा
जब उनी स्वतंत्रताको अन्तर्ध्यानले अति
उत्पीडित छटपट, छटपट बन्न लागे मनमा ।
३० आशादेवी बोलिन् मधुर, "टाइटन् वीर प्रमिथस !
म जन्में घामझैं–एक सुनौली रश्मिकी डोरी,
धूलीमय वातावरणमा ! बादलहरूका बीच
एक चिराबाट गिरेकी चाँदनीसदृश सुन्दरी ।
एक सपना-जस्ती अति मधुर कैदमा कडा,
कैदी मनकी !
"जस्तो युग, युग, नैराश्यमा कैद
३१ झुत्रे दशामा मैलो आत्मत्यक्त नृपकुमार,
दुश्मनहरूको चट्टानी दुर्गमा अतिदरिद्र,
गडल आँखाले देखाउँदो नील कुंडली
नैराश्यको निस्पष्ट, रोई, रोई दिनरात अगाडि
आखिर थाकी, मधुर स्मृतिका तीक्ष्ण शूलले
जर्जर धाँजा कलेजा टुकटुकको आलेटाले
थमुवा जीवन लिन्छ; पखिँदो त्यो लाचारीमा
भाँचिन लागेको उडूसदार खाटमा बांगो,
काला कंबलहरूको साथी, अब रुन्न कहिल्यै,
रुनुमा हताश; तर बराबर टोह्लाउँछ टिल्ल नजर
भावशून्य विचेत बिचल्लीमा स्मृतिहीन;
दूर, दूर प्रासादको झिलमिल गौरव, विलास
झन्, झन् दूर, दूर बनी, अब मिरमिर,
नामसमेत बिर्सन्छ आफ्नी रुदित प्रियतमाको,
सुन्दरताकी कोही राजसी स्त्री कोहेनूर,
मधुर कुंजमा दूर, दूर; तर अकस्मात् एकरात
विधुरश्मि छिरेको वातायन अधि समीरित
शीतल सपना पाउँछ तिनको; अनि उ ठान्दछ
आफूलाई स्वतंत्र । पुनर्मिलन अत्यानन्दक
खुल्दछ । पुष्पहारका सुवासदार बक्सी मा
दोहितरफ-हर्षाश्रुले टपटप, टपटप सिंचित !
जीवन बन्दछ अर्कैं उसको, नूतन पुनर्जीवन ।

अनि बिउँझिई गाली गर्दछ बिपनालाई
चीसो कोरकार कारागार प्रस्तर दीवारमा ।
तर उसकी स्वप्नस्मृति अतिसुन्दरी आखिर
खोज्दछे रेखन मधुर आशाले भूपटमा,
अंगारले, फ्याँकिएको त्यहाँ, त्यस चित्रणमा
जीवनको छाया अलि अलि पाउँछ आधी स्वतंत्र ।
त्यस्तै सपनासरि, सुन्दरताको चित्रणमुखी,
मेरो जन्म भयो जीवन-कारामा प्रमिथस !
३२ "म जन्में महावीर ! जब संसारमा जिज्ञासाले
जन्माई खुला बाकसबाट अनेकन शूल ।
जब स्वर्गसदृश थियो प्रथम दिव्य दशामा
दश दिशामा संसार– जब बालकहरू सुन्दर
यौनभावहीन प्रथम माधुरीमा अमृतमय
विचरण गर्थे मधुर निकुंज, पुष्पसदृश ती–
एपिमिथ्यूस, गुलाफी कपोलको सुवर्णशिशु
उसकी सुन्दरी संगिनी चंचला पान्डोरासाथ ।
३३ "तब बदमाश स्वर्गले पठाए ती शिशु डस्न
बारुला, अरिंगेल, भुसुना, कीरा, लामखुट्टे,
उड्ने सर्पहरू अनेक ! ती सब असुन्दर,
शूलमय तीक्ष्णदशनदार जीवहरू पक्षशील
टनाटन टम्म थिए त्यस बाकसमा बुट्टे,
आकर्षक रंगले अलंकृत । लोभको बाकस !
जेलमेल गाँठोका सहस्र उलझनले सम्बद्ध !
फुकाइन् पान्डोराले त्यस लोभको बाकसलाई ।
डसिए ती दुई स्वर्गिक शिशु आनन्द पुष्ट ।
अनि तिनको क्रन्दनमा आश्वासन दिन
मानवजीवनलाई म जन्में, म आशा-अभिधेया ।
३४ "अनेक पथमा अनन्त, जहरिला पथमा,
अनन्त समय, अवकाशका, जिज्ञासा मीठी
तानी, तानी लैजान्छे मानवलाई, बालसदृश,
प्रति राग, रूप, अविदित मोहनीतरफ
आकर्षण गरी...प्रत्येक पथमा प्रतिक्षण ।
यसरी अनेक जहरिला विचार भावका
उपजहरूमा दष्ट, क्रूर, क्लेशमा मानव

खोज्दछ वेदनालाई बिर्सन केही शीतल
शीतल मलम ! शीतल मलमजस्ती आएँ
अतिसुन्दरी पुतली बहुरंगकी म परीआशा ।
३५ "मेरो मधुर शीतल स्पर्शमा वेदना भाग्छे ।
कम-से-कम क्षणभर...विस्मृति सुखदायिनी
आउँछे तब बरफसरि...मानव भुल्दछ-शतव्रण ।
मै जीवनदायिनी सकल संसारकी–सकल
भ्रान्त जीव और मानवकी । मबिना कोही
सुखी छैन जगतमा । म सपनाकी ज्योतिसदृश
क्षण, क्षणकी छु...प्रतिक्षण मानव देख्दछ
अऊ, अऊ मधुर ज्योति, अऊ नवीन, अऊ सुन्दर ।
३६ "मै छु त्वरित पंखकी, जलथल-गामिनी,
मृत्यु उपरकी अमृत । तिमीरकी चाँदनी म ।
मृत-संजीवनी संसारकी । म निशाकी तारा ।
म अमरत्वकी भाषा । मैले पुछें दृगका जल
युग, युगका । मेरो संदेश दिईकन गए
ऋषि, मुनिहरू पूर्व और प्रतीचीमा सदा ।
३७ "उ : हेर, उ : हेर, प्रमिथस ! एक जागृत जाति
रोइरहेको छ, रगतका थोप्लाले रंगिएको
काँढा काँढाको ताजउपर ! त्यस ताजधारीले
मधुर संदेश दियो अमर वाणीमा जनमा
अमृत आशाको कंटकाकीर्ण पथमा
अविकृत, अविकृत, प्रसन्न मुहार ।
३८ "उ : अर्को ! रुधिरमय कोलाहलमा अघोर
कुरुक्षेत्रको, बोल्दछ सुवर्ण वाणी मेरो !
अनन्त युग मिलिन्द त्यस सुवर्णत्रिपुष्प-
सारमा जिज्ञासु उडिरहेछन् प्रशंसायुत !
मीठो अमृत वाणी ! अहा, रस मधुर अम्लान !
३९ "म जीवनकी चंचला फोहरा रश्मिरंगीन ।
म नव वसन्तकी कोकिला । म पुष्पकी
मधुर ज्योति ! म प्रतिदिवसकी उद्घाटन ।
सुन प्रमिथस ! समय सबै छैन अँध्यारो ।
रात पछाडि प्रभात छ । मृत्यु पछि जीवन ।
सुनसान पट हो नव चित्रणहरूको ।

प्रलयपछाडि छ नूतन राम्री सृष्टि अरू ।
यो मेरो महामंत्र मनमा धर प्रमिथस !"

४० यति बोली मोहन मधुर ध्वनिमा ती
आशादेवी विलीन भइन् त्यहीं कहीं
मानो निशिमा अवतरिता तारकासरि
काट्दी कटकट आफ्नो हीराले तम ।

४१ त्यही आशाका स्वरमा अझ बढ्दो अघि अघि
ए विफल कवि ! के तैंले आफ्ना भूल भुलिस् ?
शूल भुलिस् ? अन्धकार भुलिस् ? अज्ञान भुलिस् ?
अब ज्यादा यहाँ नबढ् अघि । एक क्षण
रो बसेर बरू यस अन्धकारमा, नव रश्मि
अर्को मधुर पुकारी ! शायद् गिर्ली नवज्योति ।

•

## दशम सर्ग

१ आशाका खुसखुसले प्रसन्न प्रमिथसको
आत्माले पियो आशाको मधुर वाणी । उनका
दृगमा चंक्यो नवीन प्रकाश । अस्पष्ट सपनाले
स्पर्श गरे हृदय । उनी क्षणभर अत्यानन्दित
उत्तेजित भए मधुर जोशले नव सृजनको ।
२ तब सुन्दरता देवी, हृदयाकर्षिणी आइन् ।
बेदाग थियो उनको वदन, रेखा-रेखामा
बेभूल ! शिल्पित माधुर्य सुवर्णमा सगबग
सजीव देखिन्थ्यो, चित्ताकर्षक ! एक रोशनी
जल, थलमा अगोचर थियो उनको वदनमा ।
सब सुन्दर वस्तुबाट बनेसरि, शशिखंडबाट
निर्मित रुचिर कलेवर अमृतमय थियो ।
३ सुन्दरता बोलिन् : "प्रमिथस ! ए प्रस्तर-कोलित
प्रथम क्रान्तिकार स्वर्गका ! एक ओजस्वी पुरुष ।
म हुँ परमेश्वरकी श्री; म जन-मन-मोहिनी छवि ।
जूनकी ज़ादू मै हुँ । म हुँ सकल सृष्टिकी सुगन्ध ।
म हुँ पुष्पहरूकी बुनौट । म वसन्त ऋतुकी रस ।
४ "मै हुँ कलाकी रानी । मै जनमनकी सपना ।
मै स्वर्गकी संपद् ! म मस्तिष्ककी प्रकाश !
मेरो प्रेरणामा मृत्यु सहर्ष अँगाली चल्छन्
युग युग केही अस्पष्ट छायातिर मेरो ।
५ "मैले ओसटप लगाएँ यी वन-प्रसूनमा
रातभर गरी मधुर काम । मै तारास्रजकी
मालिनी मनोमोहिनी । मेरो मृदुल मुसकान
मृत्यु मार्दछ अमृत-पथमा प्रेम जगाई

सहर्ष आहुति मानवको । म विश्वकी रानी ।
६ "आज मै तिमीमा भीषण स्वरूपले
गर्दछु राज । असुन्दरका विरोधी क्रान्तिकार !
म तिम्रो समुच्च आदर्शकी अविश्लेष्य नूर ।
म हूर सपनाहरूकी अति सुन्दर, अति सुन्दर !
७ "उः हेर, प्रमिथस ! दिव्य महापुरुष !
हेर मानवमित्र ! मेरो मधुर मुसकानको
भीषण असर ग्रीस देशमा ! मोहनी मुग्ध
एक महानृप बन्दछ बदमाश, हीराचोर
सौन्दर्यको संसारको... त्यसको नाम पेरिस ।
हेलेन ती हीरा–कोहेनूर जगत्की सुन्दरताकी
महारानी अविजेया, अनन्त युगकी तारीफ !
८ "ती पुष्पकोमला मृदुलांगिनी मन-मोहिनी
मन्दमुस्कुरी मन्मथ-विजयिनी लावण्यवती
ग्रीसदेशकी पर्वतपुष्प, संसारभर सुगन्ध दिँदी
ती हेलेन; भूत भविष्य वर्तमानकी रानी,
जसको एक मुहारनिम्ति हजार जहाज चले,
मानव-सपनाकी आदर्श-चूली, रूपकी चरम
शिखर तिनी हेलेन । दिनकरले न देखे कहीँ
युग युग त्यस्ती । चन्द्रमा उनको जन्मप्रतीक्षाले
बनिन् कलंकित, पीली ! नर-कलेवर-कला ललित
पुगेन त्यति उँचा कहिल्यै, शिल्पी स्रष्टाकरमा ।
९ "सुन्दरताको विजयी चेतले मुस्किरहेकी
मधुर लाली ली प्रतिक्षण–नृपकी रानी–
जब ती वशकरी वयसी बुलबुल स्वरमा
मरमर दीवार जून-हीरा गुंजाउँथिन्
ग्रीसदेशीय गगनचुंबी महाप्रासादको,
प्रतापी पताकाप्रयुक्त–ओह मादक, मादक,
मादक स्वरलहरीले हृदय सन्सनाई, चमचम
भावतारा झिल्काउँथे सुनसानमा, सुन्दर !
१० "भैंचंपा, भैंचंपा ! आतशबाजी जादूका,
जादूका स्वरलहरी, बीच अन्तरिक्षमा
सुर्र उठी फुट्थे रंग-रंगका गोलामा
झिलमिल, झिलमिल ! ओह सुन्दरतासँग

स्वरसुन्दरता ! अनिर्वचनीय सुन्दरता !
११ "रोए मनमन सनसन, सनसन, प्रतिक्षण
सुन्दरचेता पाहुना पेरिस, ती त्रोजन नृपति ।
प्रतिपदमा दृगका चमकले कलेजा, काँपी,
निहुरन्थे ती वार वार भूमिमा, अति डरले
पहिले ! तर पछि उनको दिलले मसक्क आँट्दछ
आहुति हुन त्यस वेदीमा... अनन्ताकर्षक ।
पुजारीको अतिभक्तिले प्रभाविता तिनी
उडिन् त्यस प्रासादबाट चिडिया झैं सुनौली,
बनाई सकल, सुनसान, बाग, प्रासाद, प्रकोष्ठ ।
१२ "सर्वस्व गुमेको कुबेर झैं चूर, चूर अन्ध
उनका स्वामीले गरे तब युद्ध-घोषणा,
एक पश्चिमी कुरुक्षेत्र, रुधिरप्लावित,
जहाँ ग्रीसियन, त्रोजन वीर-प्रसून
सकल होमिए, एक एक घनघोर संग्राम
आँधीसमान दुई देशको विध्वंसक उठ्यो–
एक सुन्दर मुहारनिमित्त, हेलेननिमित्त !
१३ "ती हेलेन थिइन् मेरी एक झिल्का खालि;
जस्ती सीता, सुन्दरताकी महारानी पूर्वकी;
तिनको वनवासको सादा वसनको सौन्दर्य
पंचवटीकी भूमिमा जूनभन्दा मधुर
साउनका बादलमा छ । प्रलुब्ध दशानन
आउँछ भिक्षुकरूप, चोरी लग्दछ तिनलाई
आकाशमार्ग दंडकारण्यउपर घनघोर
दुस्तर, समुद्रतिर दक्षिण; जहाँ भारतको
फुल समान छ खसेको, उच्च पठार तल,
सुवर्ण अन्डाकार रावण-साम्राज्य, लंका !
लंकायुद्ध हुन्छ घनघोर, घनघोर जहाँ
वीर अयुत मर्छन् । अनि नवयुग आउँछ
राम-राज्य संसारमा, सीता सुन्दरी फर्की ।"
१४ नाद-नादमा आढ्य ती सुन्दरतादेवी
अनेक सुन्दरीका संग्राममुखी शोभा अपूर्व
वर्णन गरी क्षणभर चूप रहिन्, अनि बोलिन्–
मैं हुँ इतिहास रचयित्री मानव-जगकी ।

सदा सृष्टि छ धावित सुन्दरतिर अविदित ।
१५ "सब धर्म हो सुन्दरको चेतको विकास ।
विश्व यो जीवन-लायक छ सुन्दरनिमित्त ।
रूपमा, रागमा, स्वरमा, स्थितिमा, सपनामा,
प्रकाशनमा, रचनामा सुन्दरताका प्रेरणा
अविरल लिन्छन् प्रवाह, सिर्जी मानव-सभ्यता ।
सुन्दरता हो जीवनको मुटु, प्रमिथस !"
१६ यति उच्चारण गरी मधुर स्वरमा ती शोभा
भइन् त्यहाँ अन्तर्धान...उनका स्वर, स्वरमा
अति गद्गद प्रमिथसले पाए नवचेत,
जस्तो अभिनव उच्च कलाको स्रष्टा स्वप्नशील
हेर्दा हुन्छ दर्शकगणलाई–एक नवीन प्रभाव ।
१७ तब ललित कलाहरू आई नाचे छमछम ।
अनेक भावमा ती नाचे, अनेक नृत्यमा सुन्दर !
घुम्टो खोली पतला ती नाचे मधुर स्वरमा,
हलुका पयरमा सुस्त पहिले, अनि द्रुतगतिमा ।
बाँधि समयलाई तिनले मधुर तालमा,
विचेत परिवर्तनको क्रमको चेत दिई
स्वर परिवर्तनले; बंडी बंडी समय मधुर,
सूचना गरी विविध ढंगमा, अनन्तका उरका
भाव-संभावनाहरू सबलाई गरी अभिव्यंजित ।
सृष्टि, पालन, प्रलयका तीनै गतिको, क्रमको
संमिश्रित लयदार प्रतिच्छायासरि चले,
ललित कलाहरू कोमलांगिनी, सजीवताका
फेनिल इन्द्रेणी गजूरका रुचिर सिउर झैं !
१८ अनेक अनेक नृत्य-संगीतले अभिराम
रमाइए त्यहाँ प्रमिथस ! मधुर मनोरंजनले
विस्मृता वेदना अलि समय रहिथी दूर ।
त्यो मधुर, अन्तर, अति आनन्दमय, पछि,
रुन् बिजुली झैं अन्धकारकी चम्की, चड्की वेदना-
जल तथा ध्वनिमा उर्ली...श्वास भए उनका तब
आँधी, आँधीसमान । ती जलदृशी जलपरी
हेरिरहे लाचार उनलाई, अंचल पुछ्दै ।
१९ "कला-सुन्दरताका सुललित अंगहरू

भंगी भंगीमा छन् सुन्दर, सुन्दर, सुन्दर ।
परन्तु कला हो ! तिमीहरू पनि केवल पलायन,
केवल पलायन क्षणभरका, दुःखबाट ।
केवल विस्मृति । केवल जून लसेका बादल ।
केवल उत्तेजनाहरू विस्मृत दुःख क्षणका ।

२० "ओह, महती वेदना मेरी ! ओह, विश्ववेदना !
यही छ कटु यथार्थताकी असल मुहार !
असुन्दरलाई हेर्नु पनि हो सुन्दर संझिनु,
सुन्दर संझिनु उग्र वेदना असुन्दर क्षणको !
केवल प्लावन मधुर ! आत्म-निभज्जन मधुर !

२१ "तर म पनि छु सुन्दरको सदा पुजारी,
सदा लडाका असुन्दरसँग । मेरो जीवन
एक कलाकारको कटु अनुभवको पुंज ।
मृत्यु, मृत्यु मेरा प्रतिक्षण, अमृतनिमित्त ।
सदा निष्क्रियता अथवा विकारहरूका भाव,
आत्महत्या सदृश हावभाव, चेष्टा, चाल,
हाम्रा जीवनका ! यिनका विरुद्ध प्रतिक्षण, प्रतिक्षण,
सुन्दरताको समाह्वानले हामी लडिरहेछौं,
हामी अमृतपुत्र ! यही रण हो वीर जीवन !
यिनै वेदनामा छ महासिर्जन, महासिर्जन !

२२ "समीपवर्ती म देख्दछु, म देख्दछु एक,
एक महाक्षण; एक महादिवसको महाक्षण !
त्यो दिवस, अछ भविष्य-गर्भमा, चटपट गर्दछ,
निश्चित प्रसूतिनिमित्त । म अनुभव गर्दछु, अनुभव
त्यसको निश्चित नाडी आज ! त्यो क्षण सुवर्ण,
महागर्वो अत्याचारी स्वर्गलाई निश्चय
गिराउँछ । त्यसको निश्चित पतन अनुभव
गर्दछु, अनुभव गर्दछु म । सिंहासनबाट
खसाल्ला त्यसले अलिशानी स्वर्गको तानाशाह !
ओह, वेदना अनन्त । ओह महती वेदना मेरी ।

२३ "सुन, सुन, देवदेवीहो । त्यो पितृको सराप ।
त्यो महाश्राप हत पिताको, क्रोनोसको श्राप !
भविष्य-गर्भको गह्वरमा एक कालीय नाग झैं
जहरिलो फुँफकारसँग उठ्तछ, उठ्छ सजीव !

त्यो श्राप जो भयंकरतासँग उच्चारित भयो
क्रोनोसको आखिरी मुखबाट, उनको पतन हुँदा
स्वपुत्रद्वारा ! जब क्रूर अत्याचारी जिउसले
प्रस्तर हँसियाद्वारा गरे घोर पितृवध !
२४ "त्यसको भीषण फल अब ग्राह्य बनीकन
आउँछ ठोस, ठोस पापको महामहीरुहमा ।
त्यो श्रापमा थियो उच्चारित यही भीषण शब्द:
"एक पुत्र होला उत्पन्न तँलाई ए पितृघातक ।
त्यसको हातको धारिलो हथियारदेखि डरा ।
पसीडन देवको भयंकर त्रिशूलभन्दा
भयंकर त्यो हतियार । जिउस देवराजको
वज्रभन्दा हुनेछ अझ प्रभावकारी, कडा,
भीषण, भीषण ! त्यसले गर्ला तेरो पतन ।"
यस श्रापको महागोप्य छ मेरो हृदयान्तर्गत !
यही मेरो महारहस्य ! यही जिउसको महापतन ।
२५ "पापबीज–स्वार्थनिमित्त कृत दुष्कर्म्मको बीज–
रहला चिर समय तुषारले महाशक्ति झैं
आच्छादित, तर निश्चित निश्चित पलाउँदछ
त्यो सजीव पापबीज । मर्दैन कहीं, मर्दैन कहीं !
२६ "यस अन्यायको अनन्त वेदना मउपर–
आफ्नै घोर कडाइले त्यसको बन्दछ पोषण
मेरा दृगजल, दृगजल पोसिरहेछन् त्यही
भयंकर पापबीज, उग्र बीज त्यो महाश्रापको ।
जति हुन्छ ऊ क्रुद्ध, उति बढ्दछ त्यो पापबीज ।
जति दंडिन्छ मलाई बेकार, उति टुसाउँछ
त्यही भीषण बीज...जति जति चिरकालीन
बनाउँछ वेदना मेरी, उति, उति निश्चित, निश्चित
बढ्दछ, बढ्दछ त्यो विकट पापबीज । पतन
झन् झन् निश्चित भई उसको गर्वी मुहार
टटोलिरहिछ । शक्तिहरू अविदित नवसृष्ट–
झम्टन्छन् त्यसलाई जो मेरो अन्यायी दंडक !
यही वेदनाको मेरो महारहस्य संसारमा !
यसद्वारा जन्मनेछन् ती शक्ति, ती शक्ति, शक्ति !
२७ "त्यो दिवस दूर छैन जब डाँवाडोल होला

स्वर्ग ! वसुन्धरा जब काँप्लिन्, व्यायतवदनी ।
बेपींध खाल्डोले मुख बाउला निगल्न जब
जिउसको गौरवशाली मूर्ति... महाप्रलय !
२८ "स्वतंत्रता अप्सरासदृश झर्ली तब पृथिवीमा ।
फैलेला एक प्रकाश नयाँ वसुन्धराभर ।
वातावरण होला धौत, शरदीय निर्मल–
जिउस महादेवको महाशक्ति खंडहर बाद !
२९ "नवान्दोलित नव दौलतमन्द बन्ला दुनियाँ
कराई नव युगका नारा, नव विजयध्वनि !
त्यो महादिवस, चिडिया झैं क्षितिजमा
दूर, दूर, मिरमिर रेखामा आइरहेछ निकट ।
कालो मसीमा मेरा धमिला जलकणका
लेखिरहेछ महासमय त्यस दिवसको
रेखा मधुर ! यही वेदना, यही पीडा मेरी,
विजयिनी बनी विश्वकी, उघार्ली नवप्रात ।
३० "कंटकहरू, जसले कोरे सत्यपथका जन,
छरछर रगत निकाली मृदुल मांसमा,
फुल्नेछन् लाल, लाल गुलाफ अमर ।
उग्र सत्य भीषण स्वरूपमा उठ्ला
अत्याचारी स्वर्गतिर झंझाको घन झैं
कृष्ण, कराल ! आह आहमा आँधी छन् मेरा !"
३१ दीर्घ सुस्केरासँग प्रमिथस ढल्के थकित,
अलि बायाँ कोल्टो ! भालरेखा पीडाले सिकुडी
सुस्केरा लिए एकबार ! तब सान्त्वना दिनलाई
करुण कोमल जल-अप्सरा अघि सरी
बोले :
उग्र, उग्र तिम्रो उत्पीडन, प्रमिथस !
३२ झंझा हत समुद्र झैं कराल वेदना देवको,
शैलोच्च ऊर्म्मिमा गर्जी गर्जी बोल्छे फेनिल ।
बगाउन सक्ने भए यो अन्तरको बडवानल
रोई, रोई सागर डुबाउँथ्यौं मेदिनी हामी–
सहू, सहू, सहू, ए सहिष्णु टाइटान् !
शान्त सहिष्णुता देवत्व हो महावीर !
जति जली जली सहन सक्यो उति उति,

उच्च उच्च बन्दछ आत्मा सहनशील मानवको ।
तपको आत्मा हो दहन, अनि दहनउपर
सहन, दहनअनुसार ! विकारविहीन दु:ख
शान्तिको महाविजय हो, विश्वदशनउपर !
लाचार छौं हामी तिम्रो पीडाशयनमा,
हाय, प्रमिथस सहू, प्रमिथस सहू हाय !
३३ "सत्यपरायण आत्माको प्रकाशपथ हो
यही वेदना, यही ज्वाला ! यही युग, युगको दीप ।
सत्य सोझो बाटो छ स्वर्ग-साम्राज्यको, तर ठाडो ।
दु:ख, दु:ख, दु:ख यही छ संसार ! तर ध्येयहीन
दु:ख, दु:ख हुन् मूर्खका आह ! आह, आदर्शशील
दु:ख, दु:ख हुन् सीँढी, सीँढी स्वर्गारोहणका !
३४ "भविष्यवाणीले तिम्रो हुन्छ एक महासत्य ।
अन्धकार फार्दछ बर्तमान । हे व्यथित प्रमिथस,
आकाशका कंपित अणुमा अंकित हुन्छन्
तिम्रा अमर विचार !
३५ "अमृत छ तिम्रो भाव !
यो होम व्यक्तित्वको सत्यका लागि, प्रमिथस,
बर्सेला प्रचुर झरीमा मानव उपकारको वीर !
सृष्टिका जरा रसाउँछन् तिम्रा बचनरसले ।
सत्यका भीषण क्रियाले गिर्ला अवश्य
असत्यको उग्र शान ! होला गगन निर्मल !"
३६ यसरी बोले जलपरीहरू सब, सुन्दरी ।
तब उठ्यो प्रमिथसको महाघोष त्यहाँ–
अतट गराई फेनिल वीचिले आन्दोलित,
अल्प-समयको श्रवण पन्चम ! स्वल्पसमय
शान्त अनिलले सुन्यो अनि सो झ्झा त्यहीं ।
उठ्यो विश्वमा एक लहर असंतोषको,
असत्यको विरुद्ध असंतोष ! आकाशले
एक क्षणको पछि लियो प्रकुपित मुहार !
३७ प्रमिथस बोले : "आत्मप्रकाशन, आत्मप्रकाशन !
हो, हो, हो ! आत्मप्रकाशन, एक आत्मप्रकाशन !
यही देवता अवरुद्ध रहेको हृदय, हृदयमा,
लौह जंजीरले बद्ध, रोइरहेछ, बिलौनादार !

पिँजराको फँझायाली उग्रबली सिंहसदृश
लाचार ओहोर-दोहोरमा चल्दछ अस्थिर !
श्वासहीन एकान्तमा भुटिई, भसभस
जल्दछ यो आत्मप्रकाशन ! मुख बन्द छ यसको !
विश्व भुटाउँदछ सत्यको आत्मा यो अवरुद्ध !
अति भो शासन हो ! अति भो क्रूर, क्रूर शासन !
३८ "आत्मप्रकाशन मलाई देऊ अन्धकारमा
हे विश्वका शक्तिहरूहो ! म हुँ वेदना,
महावेदना द्विजको आत्माको, सानो पिंजरामा !
मलाई देऊ आवाज, मलाई देऊ सत्यध्वनि !
पिल्सिँदो कोटि कोटि जनताको हृदयको
खहरिएको क्रूर आवाज हुँ म, प्रमिथस !
३९ "म बोल्दछु– बोल्न देऊ– ताराहरूमा नित
झल्किरहेको विश्वभाषा ! पर्वतहरूको पार्श्वमा
नील मसीले अङ्कित वाणी ! जलका लहर, लहरमा
आन्दोलित ध्वनि ! म बोल्छु, बोल्छु, देऊ बोल्न ।
फँझहरू बोल्न सकेनन्, वृक्ष, वृक्षका प्रभंजन,
जीउदार पंखका प्रबल ती उडन्ताले, त्यो वाणी,
जो म उच्चारण गर्न चाहन्छु आज निखिल विश्वमा ।
प्रकृति पुष्पाधरा तड्पी तड्पी प्रतिप्रसूनमा
रोइरहिछन् प्रात, प्रात यस उच्चारण निम्ति ।
विहगहरू उडी सुवर्ण प्रभातको सुन्दर देश
खोज्छन् उद्गारन यही बोल ! यही दिव्य महाघोष !
जो मेरो हृदयमा उर्लन्छ ज्वारहरूको जोडले
नित्य ढकेली चिर्दछ मेरो टनाटन भरिएको
विशाल उर ! ओह, आत्मप्रकाशन, आत्मप्रकाशन !
फोरिदे बरु यो छातीको दीवार ! आत्मप्रकाशन !
४० "सुन ए स्वर्गशीर्ष पर्वत-माला भूका !
सुन क्षीरसागर ज्वारभाटायुत सब !
सुन द्वीपपुंज, फुंड, फुंड सागरका सब !
सुन वीचि ! सुन रेणुतट सब सागरका ।
सुन सर्वदेशचारी यात्री प्रवात !
यही छ महारहस्य मेरो, यही मंत्र ।
छोपिनेछ सत्य, हराउनेछ सत्य,

एक युग, एक समय, एक वार,
दिनकरसरि गोधूली वनमा धनको
तर मर्नेछैन सत्य । अक्षर; अमर !
४१ "शारता यही जगत्‌को अनल युगको !
यही महासत्य ! आत्मा मानवको नहोला
असुन्दरले कहीँ तृप्त ! यसको महातृषा
सदा सुन्दरको, सुन्दरको, सुन्दरको ।
असुन्दरी वेदना यदि सुन्दरतिर लग्छे,
त्यही सुन्दरको आखिरको हो ठोस अंग !
४२ "सत्यतरफ यस सुन्दरको क्रियामा
मानव हो अनन्त धारिलो, अनन्त शक्तिमान
विश्वशस्त्र । यो उग्र छ, उग्र, उग्र अनन्त ।
नखदन्त चंचुलोहिता प्रकृतिस्वरूप
महाशक्ति त्यही मानव आत्माकी संघर्षकी
छाया हो औ क्षेत्र । संघर्ष त्यही सुन्दरतर्फ
आत्मप्रकाशनको, आत्माप्रकाशनको पूर्ण ।
४३ "महानिद्र स्वर्ग डराउला आखिर एक वार
जब होला त्यो सचेत । पर्वत गिर्नेछन् ।
खाडीहरू उठ्नेछन् यस संसारमा समुच्च ।
मध्याह्नको शिरोविन्दु ग्रीष्म दिवाकर
अत्याचारी डुब्दछ, डुब्दछ जलमा लाचार !
४४ "अनि आउला मानवको सुवर्ण युग, एक,
सुखी अरूभन्दा अरूभन्दा कम दु:खी;
अरूभन्दा अधिक सिर्जनाको, अधिक
भावनाको, कल्पना, कर्म्मको उत्तेजित युग;
जब सधैंको भन्दा टाढा नजर पुऱ्याई
चौडा देख्ला मानव... चौडा जिउला जीवन ।"
४५ यस भविष्यवाणीका साथ ती महावीर
उच्चारणप्रसूत नववेदनाले समाकुल
दायाँ कोल्टे फर्के... अति लूलो भयो उनको ग्रीवा ।
ती एक समर विजेता झैं एक वार मरी
फेरि बिउँझिन लाग्दा आत्मा सदृश भए !

## एकादश सर्ग

१ तब फेरि गरे प्रमिथसले यो उच्चारण :
"ए अर्द्धविकसित मानवजाति ! तेरो निमित्त
दुःखका जंजीरले म बाँधिएँ, कडा !
तर यो वेदना, यो जंजीर, मेरो छ अत्यानन्द !
यद्यपि मांसपिण्ड मेरो पनि छ मांसपिण्डसदृश !
२ "यति सहन सकें मैले मानव ! तेरो निमित्त ।
यति शौक, यति सौख्य छ मेरो । मात्रास्पर्श
जित्दछ क्रमसँग सत्यध्येयमा सद्धृतिधारी,
सत्य-आडले । सत्य विश्वासमा । सत्यपक्षमा ।
सक्रम सहन जो परिआउँछ सत्यतत्त्वका लागि
नित्य विकास्दछ । अद्भुत शक्तिहरू सुषुप्त
जाग्दै जान्छन् । अन्त्यमा बन्दछ मानव समेत,
नर्कटसदृश नाजुक, एक विश्वचमत्कार !
यही पाठशाला हो तपस्वीहरूको, यही तपस्या !
यही मृत्यु-विजयपथ । यही अमृतप्राप्ति ।
३ "तर मुक्तिको मार्ग छ घनघोर कठोर ।
एक विश्वविजय ! एक जीवनको अपूर्णता । अन्त ।
एक तृतीय चक्षुको उन्मीलन ! एक महासमरको
शान्त विजय एक अद्भुत जिनको, आत्मस्वरूप !
४ "एक विचाल्यता तनकी, मनकी, भावनकी
अनन्तपथमा ल्याउँछे विशाल, विशाल वक्रता,
दूर, दूर-विक्षेप, जसको विरुद्ध नूतन समर !
५ "अब म आत्मविजयी बनिरहेछु प्रतिक्षण ।
मलाई आउँछ एक नवीन चेत । म सक्तछु
जित्न जिउसको महाशक्तिको साम्राज्य ।

मै हुँ आगो । मै हुँ प्रलय । मै सिर्जन, मै शक्ति ।
मै हुँ नव विश्व-संचालक । मै हुँ सकल चमत्कार ।
मै झंझारोही । मै शिखरज्योति । मै प्रभात ।
किन कि सत्यसँग छु म एक । सत्सँग एकाकार !
६ "म छैन मै– म छु अर्को एक कुनै ।
म अन्यको निमित्त आहूत । म केवल मानव ।
म व्यक्तित्व भस्म व्यक्तित्व । म अनेकको एक ।
म एक अनेक । म विश्वको सत्य साकार !
७ "जिउसका सिंहासन तल छन् नैसर्गिक
शक्तिहरू अब नव संचालित, उसकै कर्म्मले,
भयंकर एरिनाइस ! तिनका विशाल पंजामा
पर्ला उसको सब अधिकार ! अनि विश्वविशालचक्र
चलाऊन् तिनै शक्तिहरू अभिनव यस संसारमा ।
८ "म उग्र भएछु । अत्युग्र भएछु । मेरी भाषा
ज्यादा जोडदार ! भयंकर तूफान झैं मेरा शब्द
प्रबल उडेछन् संसारमा । अतित्व छ भीषण !
म डराउँछु विचारानलदेखि आफ्नै अब,
शायद् ज्यादा फूकी होली वेदनाले श्वासले
विश्वाग्नि ! मेरो सत्य अटल धी वक्र नहोस् !
९ "म पनि पापी रहेछु पुरुष अलिकति जगमा ।
सम्राट् स्वर्गको जिउस, जसका साथ म लडें
प्रथम युद्धमा, तिनसँग मैले गरें विरोध घोर ।
अग्निचोर बनें म स्वर्गको, उनको इच्छा विरुद्ध ।
अविकसित जातिको लागि ज्ञाति-विरोधी
म भएँ अद्‌भुतको टाइटान् ! खतरनाक राह !
तैपनि खतराहरू मोहनी छन् मीठा सत्यपथमा ।
सत्यनिमित्तको सच्चा विरोध सब शक्तिको
होइन केही विरोधै आखिर । यो हो दृढसंकल्प !
भयंकर दु:खहरू सहन गरियो । अब तिनको
खार, संस्कार छ बाँकी निर्मल सत्यका लागि
तब आउली शान्ति मेरो आत्मामा । मानवमा क्रान्ति !"
१० जलपरीहरू सुन्दरी यसपछि सुस्केरा
देखी उनको छातीफार, टिक्न सकेनन् र उडे
मधुर बूटीहरू खोज्न, मलमस्वरूप,

त्यस दुःखी महामानवको उरका व्रणका लागि !
११ अनि आए भावपरीहरू अतिसुन्दरीहरू,
त्यो ककेससीय एक्लासमा । कोमल, कोमल,
तिनको कलेवर तथा चाल थियो । गुलाफका
पत्ती सदृश हावामा ऊर्दा नीरव निशिमा तिनका
हलुका पाउ चले ।
१२ मानो प्रथम कविऋषि होमरका वरिपरि
आगत स्वागत कोमल भावनाहरू ती
आए मधुर, लघु पदमा । सुगंधमयी
ती मनका आकाशका एक्लास निवासिनी,
आई, स्पर्श गरे तिनले प्रमिथसको भाल !
जसरी गर्दछ मधुर स्पर्श ज्वरले संतप्त
ललाटमा, ग्रीष्ममा, दक्षिणी मौसम हावा ।
१३ पहिले प्रेम-कुमारी आइन् । उनी अतिसुन्दरी ।
चन्द्र-मुहार थियो उनको सुधांशु-शीतल !
हिमखण्डमय हृदयमा परे झैं अगोचर
ज्योतिर्मयको अंकमाल, तिनी, कमलकरा
कोमल थिइन्, अति कोमल । त्यो तेज, ओज,
जसले मृत दिनकरलाई सक्छ जिलाउन
उच्चाकाशमा, भावी स्फटिक उरमा, उनमा थियो ।
१४ बोलिन् ती स्वप्निल स्वरमा, स्मित-वदनी:
"प्यारा प्रमिथस ! विपुल टाइटान् महावीर !
म गर्दछु तिम्रो व्यथित भालमा चुंबन ।
१५ "उडु-माला रजनीको जुनेली गर्भबाट
म जन्में, आढ्य भावमा, अतिसुन्दरी । मेरा
अवयव छन् मधुर, संगत, सुसंगत ।
म अणु-अणुउपर विश्वको गर्छु प्रभात ।
मविना अणु, अणु ध्वस्त सिर्जना मर्छे ।
१६ "हेर अमृतको मेरो जादू उच्चाकाशमा ।
जहाँ शरदीय गगनमा दिनकर प्रेतको
मृत रश्मिहरूको चुंबनको मधुर टूना दी
चन्द्र-वदनीलाई हसाउँछु म निशामा सदा ।
सतीत्वको अनन्त माधुर्य ! अनन्तमा टूना !
१७ "जब भू-विचरण गरिरहेथें देखें तब

पथमा मैले दुई फूल । ती थिए बेली बाल ।
भाले पोथी दुइटा थिए प्रवात छुचोको
कारण वियोगमा । ती दृगभर जल, रुन्थे ।
मैले ती वियोगले मृतप्राय: दुईलाई
शीतल मंत्र दिएँ संयोगको, मिलाइदिएँ,
ती दुईलाई एक साथ । एक रसको जीवन
पाई ती एकै स्पन्दनमा नन्दनमा मुस्के ।
बेली हो तिनको नाम । वसन्त कुंजमा ती
एकसाथ लिन्छन् श्वास, एक वासमा, एक रस,
युगयुग जन्मन्छन् साथसाथ एकै क्षणमा
एकै कुड्मलरूप– एक सुगन्ध भाव-युक्त,
एकै स्पन्दनमा जिउँदा ती मुर्झाउँछन् नित
साथसाथ...ती मेरा जादू स्पर्शका सजल जीव !
१८ "मेरो एक वचनमा त्रोजन अवनीपतिले
सर्वस्व, साम्राज्य, प्रजा गरे समर्पण । आफू
प्राणाहुति दिएर प्रसन्न गए...घनघोर
संख्य, महासंख्य भए संसारमा, पारावार
उर्ल्यो, उर्लिन् भू...अभ्रले आच्छन्न महारणको
स्वर्ग हरायो मलिन । मेरा एक वचनले
विश्ववनको प्रभंजन हुन्छ शान्त, जादूले ।
मेरो साम्राज्य छ संसार । मैले संगति नदिए
चकनाचूर हुन्छन् जन, जाति । मैं विश्वमहिषी,
जादूगर्नी विचित्र शक्तिकी । मैं प्रकाश, विकास
१९ "विश्वनिर्माण गरें भृंगारनिमित्त स्वकीय ।
हीरालहरे चमचम रजनीको जगतसितारा
मशहरी मेरो ! मरा भृंगारका बाकस, खानी ।
मेरा दर्पण मानसरोवर, ऊ लर, जिनेभा ।
किरणपरीका करका कुसुमाकर निकर
पल्लव-कार्चोबीले रुचिर वसनशाला मेरो ।
मौक्तिक प्रात मेरो जुहारी सदा । रोशनी परी
नव, नव दृश्य संचालिका ऋतुपटकी
केटी मेरी... यूनानी करालीका कुइरा प्रपात
वर्षाका मेरा गुगुन संगीत... द्रुतगामिनी
गिरिनिम्नगाका बेजोड धार मेरा धावन !

२० "ढुक्कुरहरूसँग लगाई मितेरी मन-मीठो
शीतल, रवि-वारक बुट्टे पल्लवछद
मधुर नीडमा मेरो हरित एकलासको
वसन्त-प्रिय कुर्लन । भारत चराको उच्च,
समुच्च, अगोचर प्रात पक्षमा उड्डीन म
उद्गार्दछु सुवर्णराग बादली एकान्तमा ।
खसाल्दछु, स्वर्ग अभिलषित, बेलहर
चिरकामुक जलउरमा– निर्मल, निर्मल ।
एक पाषाणमा गई बसेँ दूर भारतमा
मूर्ति पुजारी गद्गद छोडी पंच-प्राण गिऱ्यो ।
भै धर्महरूको मूल, तिनकी मानव मुहान ।
२१ "म पार्दछु पागल विश्वविस्मृत हृदय
मानवको ! यस संसारभित्र बनाउँछु
एक नवीन संसार ! मेरो जादूले संस्पृष्ट
देख्दछ केही अन्तर दृगले जो निभ्दैन कहीं
युग, युग-स्वतंत्रता, सुन्दरताहरू सब
मेरा हुन् केवल जादूका रुचिर हतियार ।
प्रमिथस् ! ए मानवतामा देख्ने मलाई
छर्लङ्ग, पूर्ग...कसर अफाली सकल क्लेशको
हेर्नोस् मेरो मादक, विश्वव्यापक सुन्दर मुहार ।"
२२ प्रमिथसले जब हेरे पलक उचाली
भूपतित, देखे दिव्य वदन । एक झलकमा
शीतल दिल भो उनको, जसरी चाँदनी
साउनी तीतर पंखबाट किनार मुस्कुरी
अपूर्व दर्शित भू-थलमा अप्राप्य, असाधारण,
पावस चमकले चहकीली महाश्वेत रौप्य
अमृतले माझिएझैं चम्किन्छिन्, चकित पारी
दर्शक हृदय, अभ्रका पृष्ठ-भूमिमा विभेदले
अत्युज्वला...सिमलको संसारमा साउनको,
त्यसरी चम्कियो प्रणयेश्वरीको मुख-मंडल ।
२३ "हे प्रेमदेवी !" बोले प्रमिथस त्यस बेला,
जब ककेससीय नील गिरिमालामा पूर्व
गाढा बन्दो अन्धकारकन उपहास गर्दी
हास्यमुखी कौमुदी सक्रम सबला बन्दै आइन् ।

"जाऊ देवी ! जहाँ छन् मानव-जाति धरामा
शंकाक्रान्त अन्धकारमा, अनिश्चित, छटपट ।
युद्धशील तर्सुवा तिनका आपसमारा
प्रकृतिमा प्रदान गर एक स्वर्गिक ज्योति ।
स्वकीय, सुन्दरी ! नरमाऊ तिमी तिनका मन ।
नत्र ज्वलित भावको आँधी सतत गुम्सिदो,
वैमनस्य गुहामा, गुम्सी गुम्सी गरम होला
गरम ज्वरशील होला पृथिवीमा अब जाऊ !"
२४ विहगनिद्र एकलासमा चाँदनीचदर–
मधुर, हीरकमय, चमचम, विहारिणी
नीलवसना पर्वतनिवासिनी शान्ति सस्मिता
आइन् सुस्त, शीतल समीरण उच्छ्वासिनी,
शीत जुहार, मन्द मन्द जलकल्लोल लोलपदा;
प्रेम पछि...कुमुदपुष्प अतिसित करमा
उनको थियो । बोलिन् ती "महावीर प्रमिथस ।
यो कुमुद-कचौराको जलकण चाँदनी–
घनीभूत पेऊ एकबार !" झारिन् मधुरचाल
त्यो कौमुदीलव शीतल, तारासदृश, उनको
शुष्क अधरमा...शीतल भो, शीतल वेदना ।
श्रीखंडशीतल ! निर्मलता शरदीय शंकाहीन
ओर्ली गगन-मंडलबाट उनमा, अनन्ता ।
तब ती महावीरको मुहार भयो समुज्ज्वल,
जसरी हुन्छ घनोल्लंघक पावस चाँद ।
२५ करुणा आई ढल्किन् तब उनका पार्श्वमा,
उत्तप्त ग्रीष्म गिरिको मुरझाउँदो प्रसून-
उपर प्रथम जलदको एक पाटा छाया झैं ।
अनि आइन् क्षमा शान्तवदनी, कोमलकरले
केश मुसारिन् उनको । धृतिदेवीले आई
दिइन् एक मीठो आश्वासक धाप पीठमा ।
प्रमिथस, वेदना विस्मृत समुज्ज्वल वदन,
फुरे समुच्च जोशले...नव बल भो संचारित ।
२६ "उत्तिष्ठ परंतप, उत्तिष्ठ परंतप, उत्तिष्ठ !
क्लैब्यं मास्म गमः ए विश्ववीर ! यो सत्यसमर !
पातालको समुद्रजलनिगलित पतित

दिवाकर वन, विक्रमी, तिमिरसिंह ! तिमिर–
नृसिंह, अनन्तबीज, अनन्त-पुत्र, अनल !
अनलचोर अमर मृत्युको युगयुग उपहास,
उपहास गर ! संघर्षशील पूर्वक्षितिजमा उक्ल !"

२७ प्रमिथस अब उग्र शान्त, उग्रताका विजयी,
सर्वस्वज्वलनले नंगा सूर्यसमान संतप्त
शान्त, अचल, गभीर मुखमंडलका, द्योतक
मानव संसारका बोले : "अन्धो शक्ति लौहदंड
त्यो लाटो फिक्छ महाक्रोध । त्यसमा छैन विवेक ।
म हराउँछु, विजयी बन्दछु, निश्चित, निश्चित ।
सफलता निश्चिता मेरी ! छैन शंकाको कोठी !
त्यो त्रासाधारित साम्राज्य डुब्दछ सागरमा,
चकनाचूर उग्र सत्यको अनिरुद्ध भ्रूमा ।
त्यो शेरकानून रहनेछैन ! त्यो विपिनविज्ञान !
समुद्रकन्या हो ! म अविकम्पित छु आज !
मेरो आत्मा स्वकीय महागोप्यले छ सबल ।"

२८ यी प्रवल शब्दहरू शान्त, उग्र विश्वास-
संयुक्त देवराजका तीव्र श्रवण-विवरमा,
पुगे गन्धवाहका प्रवाहमा अप्रिय सुगंध झैं,
गुप्तचरहरूद्वारा । देवाधिपले ओलिम्पसका
प्रेषे देवदूत हर्मीज-हर्मीज आखिरवार
पठाइए ककेससीय एकान्तमा–कडा, दिव्य
आखिरी संदेश साथ, प्रमिथस थिए जहाँ,
प्रस्तर कीलित निर्जनमा समुद्रकिनार ।

२९ उड्ने खराउमा सूवर्ण-निर्मित तिनी उडे
हर्मीज, देवदूत देवाधिपका, शीघ्रवेग ।
बादल फारी ओर्ले...बादल समुच्च व्योमको
जो विरोधी लहरमा पवनका संघर्षशील
विद्युन्मय जन्मिछन् समुच्छ्रित झोलुंगामा,
अन्तरिक्षमा, बूँदबूँद गगन आँतका बाफ,
बाक्ला तहदार लहरे घन– ती गोधूलीमा
विभूतिरंग...किरणनिवारक चौडा दिनमा ।
तिनका बीच चले हर्मीज आकाशमार्ग त्वरित,
ककेसस पर्वततरफ, संगठित बाहुले
प्रबल धपाई जादूगर प्राचीन झैं धूवाँ ।

मुस्लो मुस्लो, पवन प्रचालित, ओसिलो त्यहाँ ।
आर्द्रवसन ती ओर्ले भूतिर...सागर कचौरा
फ्ल्ल्किए, छचल्किएझैं शिशुकरमा जल
तब उत्रे ती प्रमिथस महावीरका पार्श्वमा,
भारतचरा झैं, शानदार पादुका पक्षनिमीलित ।
३० सगर्व वचन बोले हर्मीज– अविनतशिर
"टाइटान् प्रमिथस ! पतित आज ! अविनत भ्रू,
बागी देवाधिराजका बुद्धिहीन अङ्ग हा ! ऊक ।
ए ककेससका कैदी ! बडा अगाडिको तुजुक
खतरादार छ वीर । यो घमंड हो महामूर्ख !
अतिवीरहरूको यही पतन ! प्रतिभाको
यही बक्रता ! महाबल महादेव स्वर्गराज
महाप्रभुको महाज्ञा छ, महावीर, बताऊ
तिम्रो महाभीषण महागोप्य, हृदान्तर्गत !
नत्र छ महापतन आसन्न, भीषणपतन !
जसकी कल्पना रोम, रोम पुलकित पार्दछे
जड बनगात्र पहाड यस अतटका तटमा !"
३१ कडा कड्के प्रमिथस महाबाहु ती देवदूत
हर्मीज अगाडि, जसरी उपकाश-ध्वनिलाई
जवाफ दिन्छ शिखिर-चुचुरे उपत्यका
भीषण ! "ए तैलाधर । स्निग्धजिह्व देवदूत !
समुच्च ओलिम्पस पर्वतको शिखरासीन
नृत्यवाद्य-सुरा-संगीत-निमज्जित दिवौकस
मुर्दा अचेतमा छन् आज । आ, आत्मपतन !
ती अन्ध दृष्टिदार देख्दछन् कहिल्यै अन्धकार
उज्यालो आफ्नो ? तैपनि देखें मैले हर्मीज देव ।
दुई राष्ट्रपतिको भीषण पतन । यो तृतीय
देवाधिराज भयंकर सत्यानाशको भीर–
किनारमा अवलंबित, किन अङ्ग सुत्दछ अन्धो ?
जाऊ सुनाऊ यही मेरो अविनत उत्तर !"
३२ "महागर्वी ! खर्वको विखर्व गर्व सर्वोपहास छ
सर्वेश्वरका अगाडि प्रमिथस ! जिउसदेव
क्रोधान्ध हुनेछन् यस उत्तरले । पविधारीका
महाप्रकोपमा शिखरभेदी कुलिश गिर्ला
तिम्रा अविनत शिरमा ! होश गरे प्रमिथस !"

जसलाई दिए प्रमिथस टाइटानले
प्रत्युतर यसरीत : "त्यसलाई वज्र के ?
जो छ अदम्य ? अमरलाई मृत्युको के त्रास ?
जलालयलाई बडवानलको छैन पर्वाह ।
यस वक्षस्थलमा विश्वोदार सत्यविनत
मानव-लक्षीमा विश्वतत्त्व, विश्वसत्य, उज्ज्वल
बस्दछ जस्तो तारा, अन्धकारबीच निशाको ।
त्यो सहन मलाई जसले जित्दछ क्रूरदहन ।
अविनत सत्य हट मेरो ! सत्यानुराग !
महाध्येयमा अविकम्पित चट्टानसदृश
स्वर्गलक्ष्य डराउन्न म, धृतिको म चट्टान ।
३३ "मैले गरिन अपराध । मैले गरिन पाप ।
छैन मेरो रति दोष । मानवनिमित्त मेरा
आह आहमा अथाह शक्तिका बीज सुषुप्त ।
चूर्ण, चूर्ण शरीराणुका विद्युच्छक्तिले
म अब्ब छु जिउसको अधिपति अब । मेरो
आसानी छ प्रभुत्व तिनउपर जो स्वर्गमा
गर्छन् राज । तिनी छन् शक्त्यन्ध । म निर्मल !
तिमी शानी, म शान्त छु । तिनी क्रूर, म कोमल ।
तिनी पशु, म देवता । तिनी क्रूर, म कोमल ।
तिनी पशु, म देवता । तिनी दंडक लोह काला,
म दंडित, प्रहारित चूर, चूर फुट्दो स्फटिक
जसका प्रत्येक फिफिल्कामा स्फोटका अमर
ज्योति, चकित पारी, झल्कन्छन्, विश्वनजर ।
कलेवरको विजयमा स्वतंन्त्रता अजोड,
सत्य-दृष्टि, मांसमन-विकार कुहरपार,
आत्माको शरदीय स्वच्छता । ऊ जान्दैन हर्मीज !
म जान्दछु, म जित्दछु म उठ्दछु, उसउपर,
छक पार्ने समुच्चतामा उसको । म प्रमिथस,
ऊ जिउस ! जिउस जिउस हो, प्रमिथस, प्रमिथस !
३४ "के गर्ला अब जुपिटर ? वज्रमुष्टिको स्वाद
चाखिसकेको छाती हो । लातहरूको कंबल
जान्दछ यो देह न्यानो तुल्याउन नर-आत्मा !
म मानवमित्र हुँ, अमित्रसँग नित्य नुहुन्न,
हुन्न नुहुन मैले हर्मीज जाऊ सुनाऊ तिमी

यही स्वर्गराजमा : "स्वर्गको राज रहन्न
धम्कीमा, असत्यमा, त्रासमा । सत् यसको आधार ।
हे जिउस, ओर्ली सिंहासनबाट, तँ घस् खाक ।
गेरु रँगा पछुताउको– जा चिता किनार ।
रो आँसु पीरा यूनानी गंगामा । सिक् जीवप्रेम !
तेरा झूठा शानहरू आगो भुंग्रो होलान् शिरमा ।"
३५ तब बोले हर्मीज, देवदूत, कडा वचन
प्रभुद्वारा आज्ञापित : "अबदेखिन् प्रमिथस !
अविनत हुनाको कारणले तिम्रो आत्मा
भोग्ला तीव्र, दंड अत्युग्र ! थाह पाउला वीर !
चील र गिद्धहरू बडा, बडा तीक्ष्ण नखचंचु
ठुँग्नेछन् क्रूर भोकले तिम्रा कोमल कलेजा !
लुछ्लान् मासु, मासुका च्वौटा, प्रतिक्षण, प्रतिक्षण ।
पैशाचिक ठुँगमा ती क्रूर क्रन्दित तिमी मूर्ख
पाउला दशन अवर्णनीय, कथनपार !
ज्वलित विफलता डस्ली काली नागिनी झैं
नित्य, नित्य तिमीलाई ! भयंकर निर्जनमा
चट्टानबद्ध तिमी भोगौला वेदना प्रलयको,
जबतक बूँद बूँद स्वर्गका सेतो रापमा
ज्वलित नटप्की अवलंबित होलान्, लाचार !
हाँडी होला आकाश...भुटिएका तारामकै झैं
पृथ्वीमा भुटियौला अकेला, हे पश्चात्तापहीन !
३६ "तिम्रा पवन रोलान् संसारमा हुइँ हुइँ सदा,
टिल्टिल्ल लास नजर गजका पदले कुल्ची
मृत मानबको, शुष्क होलान्, तिम्रा वीर भ्रू
मनितिर प्रमिथस ! महा अरण्यमा रोदन !
चंडी, उग्र, उग्र, क्रूरवदनी, लोहित दृशी,
लुछ्नेछन्, घोच्नेछन्, कोपर्नेछन् तिमीलाई सदा ।
भुंग्रोमा मत्स्यसमान तिमी छटपट गर्नेछौ ।
शूल, शूल ठोकिनेछन् प्रत्यंग ! सुइराहरू
रोप्नेछन् च्वाम्म च्वाम्म मृदुल मानव मांस ।
हा ! हतभागी ! अतिभीषण छ जुपिटरको
महाक्रोध, भीषण... आँखाहरू ठुँगिनेछन्,
मांस, मांस, अंग, अंग जबतक एक वार
अस्थिपंजर किर्लिंग श्वेत हुनेछ चट्टानमा,

जबतक मासु पलाउला फेरि नयाँ ठुँगिन
द्वितीय बार ! ओह,...वेदना अकथनीया
जस अघि पूर्वक्लेश पिपीलिकासमान !"
३७ "धृतिधारी" प्रमिथस बोले, "अविजित आत्मा,
पृथिवी पद तल छ, शिरउपर छ आकाश ।
त्यो ध्रुव-तारामा लाग्दैन बादल कहिल्यै पनि ।
वज्र खपुँला भनी उठाउँछ पर्वतले शिर
पडोस धरातल हाँकी, प्रभंजन सामना
गरी, बोक्न आकाश...उदार हृदयले
वज्र कडा उरमा पुष्पभाव संचय गरी
उठ्दछ, जाति संरक्षक, बहाउन करुणाका
नित्य संगीतरता भूधावनचतुरा निर्झरी ।
दु:खमा हाँस्दछ प्रमिथस अब, दु:खभन्दा,
कठोरतर प्रमिथस ! यही दु:ख मेरो रहस्य
महाविजयको, यही कारण, यही मेरो सर्वस्व !
आगामा पालिए अमर– तारा, सूर्य नक्षत्र !"
३८ "बागी आत्मा !" तब हर्मीजले बोले प्रत्युत्तर,
"बाढीमा दु:ख बढ्नेछन्, बिजुली झैं आशा निभ्नेछन्,
हा ! हतभागी ! कत्रो दंभ ! आज्ञा अब छ महान
स्वर्गराजको यही : सूर्यबाट अनन्त दूर,
दूर, बेपींध खाडीमा अन्धकारमय गिरा,
गिरा उल्टो पारी, शत्रुलाई मेरो त्यो अदम्य !
गिरोस् विश्वको पुछारमा, असौर अन्धकारमा,
त्यो महाबागी दर्पशील ! त्यो घमंडी प्रमिथस !"
३९ यति बोलेर उडे सवर्णपादुक हर्मीज,
शीघ्र, शीघ्र आकाशमार्ग ! उडे बादलपार !
तब गडगड आँधी चल्यो दैवेच्छाको घन,
घन घनघोर ! सपर्वतसागरा वसुन्धरा
काँपिन् डगमग, डगमग ! चट चट चट
चर्के चट्टान, चर्र, चर्र ! पृथिवीको छाती
चिरिएझैं लाचार बायो व्यायतमुख भीषण
महाखाडीले बेपींध ! मानो विशाल विश्वबाघ
तिमिर कृष्णस्वरूप, निगल्न धरासर्वस्व,
गर्थ्यो अजङ्को शेरमुखले विशाल हाइ !

# परिशिष्ट

## सर्ग १

१ पर्वतशिरमा सौदामिनी जन्मन्छे जसरी
त्यसरी जुपिटर, ज्यापिताकी जटाजात गी !
ए यूनानी शारदे ! ललितकलाविशारदे !
वरदा बन अब, ए अमरताको वर्म्मले
अलंकृता ! वीरहरूकी सहायिका तिमी छौ
नगउपर, पारावारउपर कठिनाइका,
पार गऱ्यो जसले पर्सियस, वीर युवालाई
असंभवको धावनमा, यस कठिन कर्म्ममा
देऊ सहानुभौतिक प्रकाश ! किनकि आज
मेरो महत्त्वाकांक्षी छ समुच्छ्रुत उडान,
यूनान-शिखरउपर सुन्दरताका, दूर ।
२ एक स्पर्शले तिम्रो बन्दछ माटो कांचन नै,
एक श्वासको मधुर सुगन्धमा अमरता
आउँछ मृत्युको उत्तराधिकारी मानवमा
मरिरहेका क्षण, क्षणलाई तिम्रा प्रभावले
अमृतका झल्का दिन्छन् ए ! मृतसंजीवनी गी
यस लाशउपर चमत्कार गर, जीवन
स्वर्गिक दी अत्युच्च । म गाउँछु आज महान्
टाइटान् महावीरको अजङ विक्रम गान,
अतीत आत्मालाई बिउँझाई, पश्चिमको
यसरी जसरी पश्चिमका शिखर ज्योतिले
प्राचीवदन समुज्ज्वल, सजीव, पार्दछन्, सुवर्ण,
भर्न यस हिमालय-मंडलमा नवोत्तेजन ।
३ अति प्रिय लाग्दछ मलाई दूर प्राचीन ।
प्राचीन, प्रथम जोशले परिपूर्ण, प्राचीन

उम्लन्छ सुन उम्लेझैं ज्वाल्ल, ज्वाल्ल, क्षितिजमा
आँसुदार, अँध्यारो वर्तमानको सुवर्ण राग !
यी धनुर्वायुका नाडीसदृश फिरफिर
चल्दा, दिवस निशाका कमजोरी क्षण,
ध्वंसी, उदित, नेत्र विक्रमपूर्ण दीर्घ प्राचीन ।
उसका निर्जीव क्षणहरू विस्मृतिका खाडीमा
हाली, उत्कृष्ट, अनुपम सुन्दर, अक्षरको
मिष्ट चुनावले सदा समुज्ज्वल, सदा वाचाला !
पर्दा उचाल जननी ! वर्तमान, अतीतको
दोसाँधमा जो अविकसित गोधूलीसरि छ
डाल सजीव प्रकाश कवि हृदयाकाशमा,
डाल-यूनानको जगाऊ, एक वार जीवन,
मधुरोद्गार, दिव्य संगीतको, कविको ।
४ यति झीना टुट्न तयार नाजुक नस छन् तर
तंत्री आज सितारका तिम्रा ! दारुण दशामा
पिईकन जलको घुट्को लेख्नु छ अशान्तिमा,
सुर-सुरमा तिम्रा स्पर्श, क्रन्दनशील अंशमा
दु:ख तर कविको दौलत, नाता ! खालि दया,
दारुण दया, शुष्क-रसोमयी, तिम्रो कविमा,
मसिनै हुन्छ चमत्कार, झीना हुन देऊ नसा,
जलकै जीवनमा सुवर्णलहरको मुसकान !
अशान्त हुरीको आँतमा छ प्रशान्त मिठास,
गीत गाउन जान्दछन्, रुनेहरू अति मीठा
तब यहाँ नाजुक सितार, लत्तिएको जगमा,
झंकार चमत्कारसँग ए संगीतविशारदे ।
ज्वलन्त, ज्वलन्त जोश देऊ यस वाफीलो
कविको द्यौ-अवलंबी जल जीवनमा आज
कि उद्घाटित हुन नवद्वार, सत्यका संसारमा,
उन्मीलित हुन् चिरनिमीलित जगलोचन !
५ सत्यको साम्राज्य, असत्यको अन्त, पतन,
यही छ मेरो उडानको अभिनव लक्ष्य,
आज मेरो मर्म्मको धर्म्म लिएको संगीत,
आज मेरो मानवताको गान, दानवताको
उपर बीभत्स महाराग ! यदि यस विषयले

दिन्छ भने तिमीमा एक जोशीलो अवतरणको
उषा-उत्साह, ओर्ल हे ! आज हिमालय-अंचलमा ।
६ हामी हिमाचल-कुसुम-गण, नयपालबाल
अमर वीरका अक्षर सन्ततिं, कदर गर्दछौं,
वीरकथाका सुन्दर, स्नायु, स्यनायुमा समुष्णता
स्वदेशी ल्याउँछन् प्यारो, ती प्राचीन मानव-उडान ।
किनकि वीरहरूको एकै छ जात जगत्मा,
झंझारोही, वज्रवक्ष, सर्वोल्लंघक, विस्मृततनु,
अमरोद्देश्य ! वीरहरू हुन् विश्व-अमरपुष्प
जसको सुगन्ध छ एक, भूभागमा जतातता,
भर श्रवण-विवरमा तसर्थ वीरवरको
अवर्णनीय विक्रम, विश्वपूजित सुगन्ध ।
७ कनकतंत्रीमा मधुर मादक लय मंत्री,
अयि तमोहंत्री तिमी ! अभिनव प्रभातको
जाम्बूनद प्रपातमा ऊर्ध्वदृशी बनी पोख
विहग-विहाग-पराग नयपालमा दिव्य
संगीतमा मदिरोन्मत्ता प्रत्यूषासदृश ।
जन-मन-खग-दृगकी सुवर्ण-ज्योत्स्ना !
ए सुन्दर देशकी ! आऊ ! बस हृदयमा, बोल ।
८ किन कि तिमीकन छ ज्ञान महान् यूनानको
वीरहरूको सुन्दर यूनान ! अमर पुष्पको
मधुर उपवन त्यो छ; जन्मिन् जहाँ सुन्दरी-
हरूकी रानी हेलेन, जसको मुख-कमल-निमित्त
सहस्र, सहस्र चले नौ, द्वीपविखंडित अंबुमा–
कोह-ए-नूर जगत्की ती सुन्दरी शंकर !
९ आसत्यकलि जगदाश्चर्य तिनी मेदिनी–
महत्त्व ! महापंडितहरूकी प्राचीन, नीड,
भूमध्य-पारावार-किनारकी नीर नीर,
भूचित्र विचित्र छन् ती : वारिद-वल्ली विभूषित,
वन-गात्र-श्यामल-शैलहरूले मनोहरा,
अति सुन्दरी छन् यूनान ! सकल युगमिलिन्द-
प्रशस्ता प्रसून-वाटिका स्वर्ग-प्रचुरा, यूनान !
१० यति रमणीय, यति कमनीय धरणी,
यति सुन्दर क्षितिज छैन क्षिति-मंडलमा,

चूलीहरूको सुनौला लाखबत्तीले प्रातः, साँझ,
समुज्ज्वल ! जहाँ प्रचुरा प्रकृति गरा; गरा
नाच्छिन्, जल-लयमा कलकल, कलकल स्वर,
मरकत-मीठी, अमर-वयसी, सततस्मिता :
त्यहाँ मानव-कल्पना, सुन्दरतासँग उनको
स्पर्द्धाशील, ललितकलाले खोज्दा पाउन
अमर विजय, शैलजन्य, समीरण-उच्छ्वसी
वीर-प्रभाविनी प्रकृति, कलाकारका कृतिले,
बन्छिन् मलिन, यस यूनानमा– दूर यूनान !
११ ज्वालामुख पर्वतका धूम्रोद्गार, आकाशमा
नीला बादल झैं गुडगुड गुड्छन् जहाँ सदा
किरणहरू अविभेद्य, घन धूम्रराशिहरू,
त्यहाँ छ दिवौकसहरूको समुच्च साम्राज्य ।
१२ भन तब जननि ! विश्वदर्शिनि ! शीघ्र बोल,
कसरी उठ्दछ ज्यापिता यूनानी जुपिटरको
प्रासाद । संगमरमरको जूनछिरा ढेर,
ललित, सजीव नशादार, सुन्दर, सुन्दर :
देवहरूको मसिनो छिनोले दिव्य तवरले
समुज्ज्वल शिल्पित ! कलाको मधुर वल्लीले
बेह्रिएको कोमल शुभ्र दीवार, नशादार !
अमर हरित उपवनले परिमंडित
महाप्रासाद छ त्यो विबुधराजको महान् ।
सुवर्ण-गजूर बनी उठ्दछ, रुधिर राग
जलद-पताक ! संसारउपर समुच्छ्रुत ।
उत्तम मर्त्य सपना बिपना ठोस बनेझैं
कल्पनीय तर अवर्णनीय ! देवमहल ।
१३ त्यसका बहु वातायनमा जहाँ उपर
ललितकलाका मधुर लचक छन् आलोच्य
ऊ हेर ! सुरसुन्दरीहरू, सपना सजीव !
नारंगी अंचल ती, योवनमदिरा लाल, लाल,
सलमल, सलमल रेशममा माकुरजाल,
तरंगकुरंगी, भगिनीहरू सौदामिनीका,
वयससुगंधी, मस्त मुस्किदा मधु-मसकमा,
दृगभाषिणीहरू बोल्छन्, अबोल रूपले सुबोल ।

मुहार झलमल तिनको एक मुहारनिमित्त
अनन्तयुगकी पुरुषतपस्यासमर्थित हुन्छे
बहुमूल्य फल !

१४ हूर, हूर, ती विश्वनूर
मर्त्यबाट अलक्षित दूर, दूर ओलिम्पस–
पर्वत-प्रासादको दिव्य एकलासमा सुन्दर,
छुमछुम छैंयामा चतुर, गर्दछन् नृत्यवाद्य
अकथनीय मधुर, मादक, मधुर, दूर ।
भावभंगिका, स्वरविडिका, रागचूर,
पुष्पकलेवरा, सुगन्धपुर, कनकपुर ।

१५ तर त्यस नृत्य, वाद्यको, पान, गानको जगत्-
बीच अकेली विरागचन्द्रिका, सुरकुमारी
विद्यामस्त विद्या ! तिमी शान्ता छौ तिनी अतिकान्ता-
सजीव अध्यात्मज्योति लयदार ! जगजीवन
नित्य नवीन नवस्पन्दन ली तिम्रो लयमा फर्छ
मादक, मादक, सरस्वती ! विरल-मुसकान !
ओह ! ती मधुर झंकार, ती मधुस्वर संसार,
स्पर्श, स्पर्शमा जादूनखीका, उद्बोधित वीणामा,
स्वरमत्त, क्वण, क्वणमा, नव, नव, क्रन्दन ली,
रुइँ रुइँ, रूँ रूँ ! रमरमाउँदो रमणीय क्षणमा
दिव्या प्रभासको जननि ! जो सुन्दरपुजारी
पागल कविको स्वप्निल हृदयमा पर्दछ,
फ्ल्लफुल्ल वार वार ! मर्त्य-जगत् चकित पारी
अविदित मदिराको मातले ! अनुग्रह
गर दुई-चार, ती विश्वान्दोलक स्वरको !

१६ ओह म चढ्दछु, चढ्न देऊ रे जननि !
त्वरित विद्युत्-तुरग यूनानको पिगासस्,
जांबूनद-जंजीरले जकडियो प्रथम वार
जो बेलोरोफनद्वारा, हेलिकन प्रपातको
शीतल किनारमा– जसको जल झल झल
प्रत्यूषाप्रमन्त्रित मदिरा झैं झल्कन्छ दिव्य
रसको खानी भावुक कविको ! त्यसको घुट्को
एकै मात्र लिईकन चढ्दछु अब वायुपंखमा,
चहार्न अति सुन्दर यूनानको नभ-मंडल ।

१७ आज म चाहन्छु समुद्गारन मुक्त-कंठ
एक महामानव संगीत । उच्च उडानमा,
प्रजातांत्रिक प्रथम पुष्प उद्बुद्ध व्योममा,
ज्योति तरफ अभिनव, खग झैं उड्डीयमान !
१८ तब बोल, बोल रे वागीशा ! कसरी चीसी
निशाको शासनमा स्वर्ग समस्त सजहा
रोइरहेथ्यो एक सुषुप्त जगउपर
निराकार ! विहग थिए सकल शब्दहीन
सब थियो संसार, श्वासहीन ! दल अचल !
रुदित महीरुह तरतर, पुष्पविलीन
नाडी निष्पन्द ! सिर्जना शून्य । सुनसान शासन !
विध्वंसविलासिनी-ध्वान्त ध्वजा तमिस्रा राज्थी
स्वशक्तिचूर्ण जगत्उपर । अज्ञान साकार !
भेदी रुधिर-व्रण सूर्यउपर सेलाएको
ज्योति जगत्की, अश्रु-अंबुधिमा विशाल, निशा,
उडु अभिधेय पिलपिल देखी बोल्दथी,
"यी हुन् नपुंसक ज्योति ! मृत दूरतामा
र स्वर्गका ! तिमिर सिंह शासन मेरो !
निष्कंटक ! छटपटाऊन् बेकार ती स्वर्गदीप !
हेर मेरी महाशक्ति ! रूपरागप्रलयिनी
बजोड !"
जब प्रलयको छाया परिरहेथ्यो
मानव-जातिमा अत्याचारी शासनले जिउसको !
१९ तर एक भावना रोई रोई एक्लासमा
भन्थी; "प्रभात एक आवश्यकता अहार्य हो
सर्वजातिको जागरण ! नित्य धार्य एक स्वप्न !
मृत्युउपर अमृत प्रभात ! प्रत्यावर्तन
नवजीवनको सुवर्ण दिवसको मानवीय
अक्षरको पुनर्जन्म !" त्यही सफल बनी अन्त,
२० जिउसको तानाशाह स्वर्गका, क्रूर देवराज ती,
प्रलयको दिई धम्की मानवजातिमा समस्त
गर्थे शानी-राज ओलिम्पसका पर्वतमा,
निशा समान, तर क्रान्तिकार महावीर
टाइटान् प्रमिथस बलवादार उठे आखिर

सम्राट्का अमर शत्रु संसारमा, नरनिमित्त,
अग्नि चोरियो स्वर्गको प्रमिथसबाट, अनि
जगमग जाग्यो मानव-जगत् नव सभ्यतामा
नव प्रभातमा, शंखध्वनिमय महाविजयको
२१ तर यस्तो महाविषयको महामानवीय
उच्च उडान जहाँ त्यहाँ। यति कम्जोर कवि !
भाषा यस्ती गरीब ! केवल हृदय ईशानकी
लाटी आशा सरी ! केवल छाती उकासा भाषा !
केवल बोल्न पिपासाकविको ! तिमिरावासा !
फ्रोसन आगो अलि, फुल्कन पालास आथीनी।
बोलाउन यूनानी अपोलो, अमर युवक,
किरणकुंजको हिरण्मय अग्नि कलेवर
पाश्चात्य सूर्य युवकलाई यहाँ अति जोशिलो !
महाविषयको समतल होस् दरिद्र कविको
एक सुनौला उत्तेजन, दौलतमन्द ! ए माता !
२२ मैले सुनेको छु कसरी बज्दछ शिल्पचित्र
झंकृत उद्दीप्त, मेम्ननको, शिल्पचित्र सजीव
यूनानमा, जब सतत युवा यूनानी सविता,
अपोलो अभिधेय, किरण किरणले दिन्छन्
त्यसमा दिव्य, सुदिव्य झंकार ! नव प्रभातमा
बज्दछ उनको कनक बीन, मधुर राग
प्रवीण ! प्रथम भावका स्पन्दनका झिल्काहरू
झर्छन्, झर्छन्, कण-कणमा ! त्यसको क्वण ली,
मीड, मीड, निक्वण, निक्वण ! मधुर प्रतिक्षण !
तब दृश्यसंगीतले तीव्रतर, तीव्रतम,
जगाउँछ दिवास्वप्न, अभिनव, व्योमांकित,
सावितृहृदयकल्पित संसार नव रंगमा,
जगाउँदै आत्माहरू स्तुतिदार, उच्चोच्चारक !
ती जागृत पंख चोर्दछन् धपधप आकाशमा
अग्नि स्फुलिंग नवजाल दुई दृगले चोर्दछन् ती
त्यसरी बज्दछ रे मेम्ननको ललित शिल्प !
किन मुर्दा बनूँ तब चीसो यस नव जागृत
प्रजातंत्रको प्रभातमा ! म पनि बन्दछु मेम्नन !
प्रथम अग्निचोर महावीर प्रमिथसले

जंग्याए स्वर्गाधिराज जिउस महाजंड
असहन प्रकृति, तिनी बलोन्मत्त रुद्र थिए
जाज्वल्यमान ! ओलिम्पसका पर्वतमा तिनी
अविजेय, अवरुद्ध कुलिशधारी देवेन्द्र
अयुत-सुरमणि-चर्चित-चरण-युगल
थिए महावीर्य ! तर ती थिए मानवका
अमित्र, ध्वंसन खोज्थे मानव जाति समस्त !

+ + +

यी जिउस थिए पितृहत्यारा, देवाधिराज-
क्रोनोस-पुत्र ! -क्रोनोस ! जसले महावीरतासँग
गरे स्वपिता यूरानस महादेवसँग युद्ध ।
युद्ध गरे ती आदितेयहरूका पूर्व पुरुष
यूरानस महाबली भूस्वर्गविजयी विरोध,

+ + +

यूरानस थिए स्वर्गमंडलका ओजस्वी सुर,
पूर्वपुरुष पाश्चात्य देवका यूनानी सब ।
थिनले पाणिग्रहण गरे पृथिवीको जसको
नाम थियो जीया-ज्या । अतिसुन्दरी तिनी
अल्पस नगमालाका तुहिन वर्णले मीठी
जवारागफाले सुन्दर ! कौशेय परिधान
धानी धरेकी, कलकलस्वरा, कलाललिता
शश्यांचला, श्यामलचोली, घन-पटुकी,
नृत्यमा थिइन् अति चतुरी, सूर्य वरिपरि
नाच्थिन् आकाशमा, चन्द्रहार-भूषिता,
सहनशील तिनको मिजाज थियो अति दानी ।
जुहारहरू हेर्न प्रसन्न बन्दथिन् स्वर्गका ।
ती बैंसेकन, फूलबेलीले सुन्दरी, एक दिन
सुधा-जूनमा स्वप्निल पाई नग-एकान्तमा
यूरानस स्वर्गराजले, लोभ्याई जुहारले,
लगे स्वराज्यमा बन्न वीर-माता महिषी !

+ + +

यस दिव्य विवाहको, भूस्वर्गको, भयो फल
तीन तनय सुन्दर, ब्रायरिओस, गाइज, कटोस,
यी थिए अजङ्ग महावीर, पर्वतसदृश,

विशालगात्र यी, पंचदशशीर्ष, शतबाहु
महीरुह-मूर्ति भए आदितेयहरूमध्ये ।
यिनपछि भए समयमा नवप्रसूत
साइक्लोप्स, आर्जिस, स्टेरोप्स ब्रन्टीज । देवहरू ती
एकनेत्र, महादेह, महावीरहरू भए
जस्तो जन्मिन्छ अजड अचलको पार्श्वमा
बाँझ वृक्षराज, झंझारोधी, लौहकलेवर त्यो
सहस्रकर, अयुतदलमंडित, शतायु,
उन्नतशीर्ष……

\+ + +

तर अत्युच्छृंखल अति बलले
लोहतनु ती महावीर अदबले दबिएनन्,
अब अवनीचौपति निज जनक यूरानसको ।
स्वेच्छाचारी तिनलाई कैद गरे यूरानसले
अथाह अन्धकारमय, बेपींध खाडीमा
टार्टरसको-त्यति गहिरो जति छ पाताल

\+ + +

जस्तो तुहिनाचलका सफेद कोखको सन्तान
जलनाग निम्नग शैलशिल्पक महावेग
खोला स्वेच्छाचारी वक्र विन्यासमा चल्छन् दूर
स्वपथ-गामी ती, शिलावाह, वृक्षोन्मूलक,
गुड्छन्, गडगड गतिले अनिरुद्ध, अविजेय,
पितासदृश जलपुत्र, अनि लाख लाख
दृश्यपटको खडबड रंगमंचमा चारक
अधोगतिका करालीमा दुगुर्ने तिनलाई
मिल्दछ केवल खाडी-जीवन; मैदान चहारी
ती झन् गड्दा चल्दछन् सागरोन्मुख बनी झर्न
महापातालमा अगाध, अश्रुमय, अश्रुमय;
त्यहाँ कैद बनी चट्टानबार बीच बस्दछन्
युग, युग, अविभुक्त, त्यसरी गिरे यूरानस पुत्र ।

\+ + +

प्रथम पुत्र-संख्यामा यसरी अभागिनी ती
वीर जननी जीयाले जन्माइन् तेरह तनय
महावीर अब फेरि छ– तनया, सात सुपुत्र

तिनमध्ये कनिष्ठहरूको नाम भयो टाइटान्
अजङ्, महावीर, अति बलवान् कनिष्ठतमको
नाम थियो क्रोनोस् ।

\+ + +

जसरी महीरुह-समूह
दारुण गतिले-आँधीको हुन्छ ध्वस्त; घनघोर
प्रभंजनका झपेटाले शाखा ध्वस्त बनी झर्दछ
धडाकसाथ महीवक्षमा; अनि त्यस विध्वंस पछि
पतित तरुवरको ठाउँमा नित्य-प्रसविनी
पृथिवी माता प्रसवाउँछिन् नव विटपवर्ग,
अरु विशाल गात्र, नव विहगनीड, महान्,
दोस्रा युगका सन्तान; त्यसरी जीयाले जन्माइन्
ती कनिष्ठवर्ग महावीर टाइटान् ।

\+ + +

ज्येष्ठपुत्रहरू ती जीयाका जब कैद परे,
जननीहृदय भो अति भग्न, अति प्रकुपित;
जीयाको ! जस्तो शावक खोर परेकी सिंहिनी
अश्रुदृशी, छटपट गर्दछे, ग्रीष्मबादलमनि
गर्जी घनघोर विरोध ! गह्वरनिनादिनी
महाकाली जंगलकी त्यो, विलास, विलासमा
बिजुलीको बोल्दी धराकम्प घोषमा "चोरहो !
कहाँ छ मेरो शेर शिशु ?" ......त्यसरी वसुन्धरा
ज्वालामुखघोषले ठाउँ-ठाउँमा उरचिरिंदी
गर्जिन् व्यर्थ । पितृप्रकोपले ? महापातालमा
कैद थिए जो मुक्त भएनन् कहिल्यै ती बीर ।

\+ + +

रुन्थिन् रुष्ट जननी जीया, पुत्रवियुक्ता सदा,
ज्येष्ठ पुत्रहरूको क्रूर कैदले सवेदना,
जसरी रुन्छ बादलबाट वियुक्त पवन
"शावकभक्षी पशुराज यूरानस तिनसँग
मर्दछ, मर्दछ मन मेरो ! आफूभन्दा विक्रमी
होलान् स्वपुत्र भनी यसरी डाहाले क्रूर !
लौह क्रूरता तिनको, अवर्णनीय, ओह !
कति दुष्ट ! कति पाषाण-हृदय; कस्ता बाबु

बरु वज्र होला कोमल ! यी सन्तान-थिचाहा,
भाले विडालका, अति स्वार्थी छन्, विश्वास-अयोग्य !

+ + +

"यी भीरका स्वरूपसदृश छन्, बडा बांगा,
ठाडा पत्थरका ढेर ! सदा भ्रूकुंचित, रुष्ट !
आफ्नो छिमेकी डाहाडले अवलोकित महान्
उच्चतामा मदमत्त ! स्वर्गमा छु भन्ने घमण्ड !
आफ्ना कडा कोखबाट फलेका वृक्षका फल,
आढ्य-भविष्य सन्तान, मधुर-रस-संयुक्त,
यी अफाल्दछन् रीसका आँधी झोकामा तल
पातालमा फेदीमा ! मेरा सुन्दर, सुन्दर,
फल कुमारहरू ! सुवर्ण मुहार, मधुर !
ऋतुका धाई-कामले संपोषित, सम्भावनाका
बीज-कोष ती झर्छन् पातालको अन्धकारमा,
हा ! बिचरा ! महादरीमा शतचूर्ण, लाचार !
के यी सदा वायु वर्षाका प्रकृत क्षयद्वारा
खिइनेछैनन् प्रतिदिन ? यी क्रूर शावकाहार ?
अमृत रस सन्तान यसरी फ्याँक्न सक्ने
यी क्रूरको भ्रू पनि हेर्न मलाई लाग्दछ च्याँठ !

+ + +

"धिक्कार यो स्वर्गलाई जो फ्याँक्दछ आफ्ना पुत्र–
रत्न, स्वलारका, अन्धकारको बेपींध दरीमा,
निभ्न त्यहाँ जुगान्जुग । पाताल मिट्टीमा मिल्न !"
सलिलेक्षिणी जीया रोइन, हृदय-विदीर्णा,
"हाय ! कलेजाका ती टुक्राहरू आफ्ना मेरा
चुँडिए ! कहैं ! कसरी बस्दा होलान् ती सब ?
त्यस प्रकाशहीन कैदमा, त्यति चीसो स्थलमा ?
उम्रन मनाइ गरिएका, प्रकाशनिषिद्ध
वसन्तबीज सदृश विधिहत ती, पीलामुख !
सिकुडिएका खङ्ग्रङ्ङ निराश ! बरा ! ती बीर !
शक्ति सफल रुद्ध छ, छ आत्मा जंजीरमा !"

•

# महाकवि देवकोटाका केही कृतिहरू

**उपन्यास**

चम्पा

**कथा/कहानी**

लक्ष्मी कथासङ्ग्रह

**कविता/खण्डकाव्य**

कुञ्जिनी
कृषिबाला
गाइने गीत
दुष्यन्त-शकुन्तला भेट
पुतली
महाकवि देवकोटाका कविता (डा. कुमारबहादुर जोशीद्वारा सम्पादित)
मुनामदन
राजकुमार प्रभाकर
रावण-जटायु युद्ध
लक्ष्मी गीतिसङ्ग्रह
लक्ष्मी कवितासङ्ग्रह (डा. चूडामणि बन्धुद्वारा सम्पादित)
लूनी
सीताहरण
सुनको बिहान
ह्मेन्दु

**महाकाव्य**

पृथ्वीराज चौहान
वनकुसुम
शाकुन्तल
सुलोचना

**नाटक/एकाङ्की**

सावित्री-सत्यवान्

**निबन्ध**

दाडिमको रूखनेर (राजेन्द्र सुवेदीद्वारा सम्पादित)
प्रसिद्ध प्रबन्धसङ्ग्रह
लक्ष्मी निबन्धसङ्ग्रह

**समालोचना**

स्रष्टा देवकोटा : द्रष्टा परिवेशमा (राजेन्द्र सुवेदीद्वारा सम्पादित)

मूल्य रु. ११०.००

9789993326403

मुद्रक : साझा प्रकाशनको छापाखाना, पुलचोक, ललितपुर, फोन : ५५२१०२३, फ्याक्स : ५५४४२३६